CC-0. Digitized by eGangotri and MIDF- Delhi

कपिल-गीता

— डिल्ली-जङ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कपिल-गीता

लेखक

डिल्ली-जङ

विo संo २०३४

मूल्य ३|—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशिका :
कृष्ण-कुमारी गुरुङ
(किरणगंज, चितवन)

१–२९
२–४२
३–७४
४–३५
५–३७
६–१३३
७–५८
८–११३
९–४८
१०–३०
११–११२
१२–७८
१३–२९

८४८

(सर्वाधिकार सुरक्षित)

पहिलो पटक – १०००

मुद्रक :
नेपाल प्रेस
शुक्रपथ, काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिका

श्रीशं बन्दे

नित्यानन्दं परमसुखदं केवलं ज्ञानमूर्तिं
विश्वातीतं गगन-सदृशं तत्वमस्यादिलक्षम् ।
एकं नित्यं विमल मचलं सर्वधीसाक्षिभूतं
भावातीतं त्रिगुणरहितं सद्गुरुं तं नमामि ।।

मेरो भन्नु —

वडो सौभाग्यको कुरा छ आज पुन-सज्जन-वृन्दका समक्ष यो– "कपिल गीता" लिएर सेवागर्ने शुभ अवसर प्राप्त भएको छ । यो अवश्य पनि परमात्माको अनुकम्पा र मेरो पूर्वसञ्चित पुण्यको द्योतक हो ।

यो, भगवान् कपिलदेवले स्वयं श्रीमुखबाट आमा देवहूतिलाइ सुनाउनु भएको महान् ज्ञानको भण्डार सांख्ययोग हो । म जस्तो अल्पज्ञ व्यक्तिले यस्को भाव उद्धृत गरेर लेख्नु अनौठाको विषय हो र अतिशय मुस्किलको कुरा पनि हो, तर पवि भगवत्कृपाले जो जस्तो रूपमा आकारित भयो, त्यही

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महानुभावहरूका सेवामा राखिदिएको छु मेरो आन्तरिक अभिलाषा पूराभयो, मलाइ यहि सन्तोष छ ।

सर्वेश्वरको कृपाबाट यस अगाडि पनि "उद्धव गीता, अनुगीता, विदुरनीति" आदि ८।१० ग्रन्थद्वारा सज्जनहरुको सेवागर्ने मौका पाइसकेको छु । विगत पौष महिनाको कुरा हो 'अनुगीता' लेखीसकेर नयाँ शोच्तैथिएँ, त्यस्तैमा अकस्मात् माननीय ज्ञानागार, गुरु पं. भैरवको शुभागमन भयो । वहाँको दर्शनको साथै अमूल्य सत्सङ्ग तथा ज्ञान-श्रवण भयो, जसद्वारा सत्यमार्ग, सत्यकर्तव्य के रहेछ । गन्तव्य लक्ष्य र निरापद उद्देश्य के रहेछ, रूपरेखा थाहा भयो ।

सत्सङ्ग हुँदै थियो, कृपया वहाँले मेरा लेखहरू हेर्नुभयो र कपिलदेवको सांख्य-योग लेख भनेर आज्ञा दिनुभयो । गुरु-उपदेशलाई शिरोधार्य गरेर लेख्न थालें, समय आए पछि पूराभयो । यसमा रहेको विशाल ज्ञानको परिभाषा न त यो छोटो लेखमा दिएर सकिने कुरा हो न त मेरो सामर्थ्य भित्रको कुरा हो । यो ग्रन्थ एउटा कलाकारको रूपमा संस्कृत शब्दको भाषा शब्दमा रूपान्तर गरेर मेरो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सौभाग्य भनौं किंवा धृष्टता भनौं सज्जन वृन्दको सेवामा राखिदिन पाएँ, मेरो कर्तव्य पूर्ण भयो। यसको अवलोकन गरेर सत्य वस्तुको गवेषणा गर्नु र नित्य अनित्यको विश्लेषण गर्नु तथा विषयलाइ वि ष देखेर अच्युत शास्वत पदार्थको खोजिमा लाग्नु सज्जनहरूकै भावनामा अविलम्बित छ।

यो अगाध ज्ञान समुद्रमा गोता लगाएर भित्र भित्रै अन्वेषण गर्दै गयौ भने के मोक्षपद फेला परोइन ? तर पहिलो यसमा डुवुल्कि (गोता) लगाउनु नै गाह्रो छ, त्यो सकिए पनि त्यसमा स्थिर हुनै गाह्रो, यदा कदा साधन द्वारा अड्न सकिए पनिछानविन गर्न गाह्रो छ। तथापि प्रमादलाई त्यागेर उत्साह-युक्त श्रद्धालाई अविरल गतिले वढाई निःसंकल्प हुँदै माया (अविद्या) को अभिसन्धानबाट वच्न सक्यौं भने यत्किञ्चित् भए पनि त्यो विलोडित साधन द्वारा चेतन सत्ताको आभास पाइने कुरा हो। जो होस् कार्य क्षेत्र खुला छ, सङ्कीर्ण छैन विस्तृत छ, यथाशक्य बढ्दै जानु पारमार्थिक कर्तव्य हो, तथा लक्ष्य हो।

यस विषयमा लेख लामो बनाएर धृष्ट वन्न चाहन्न। उपर्युक्त २।४ शब्दमा जो धृष्ठता व्यक्त गरें

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो त मेरो एउटा निजी विचार हो, त्यसमा क्षमा पाउन्यै छु ।

यसमा कतिपय अशुद्धि र प्रमादवश अर्थको अनर्थ आनका-तान पनि संभव छ पर्न गए होलान् । यद्यपि महाकाशमा माखा उडेझैं आफुसक्तो मिहिनेत जाँच बुझ गरिएकै जस्तो लाग्छ, तथापि आफ्नो अनुहार आफैंले देख्न नसक्ने हुँदा दोष त्रुटि-मा क्षमा याचना गर्दछु ।

राष्ट्रको सौभाग्य र सकल प्रजाको भाग्यले अभूत पूर्व न्यायवत्सल राजा पाएका छौं । राष्ट्रपिता स्वयं दार्शनिक र भावुक कवि पनि भइबक्सिन्छ, साथै सनातन धर्मको स्तंभ समेत भइबसिन्छ । लुप्त-धर्म-हरुको अभ्युत्थान गराएर देशलाई नव-निर्माणमा लगाइ जर्जरित वस्तुस्थितिलाइ आरोग्य-पथमा उकाल्दै राज्यभार-ग्रहण गरिबक्सने राजेश्वरका चरणकमलमा यो ग्रन्थ समर्पण गर्न पाउनु नै महान् सौभाग्य तथा ईश्वरप्रदत्त अनुकम्पा संझेको छु ।

अन्तमा जसको शिक्षा तथा प्रेरणावाट यो ग्रन्थ "कपिलगीता" तयार भयो उनै ज्ञान-मार्ग प्रवर्तक गुरुवर पं. भैरवलाई आन्तरिक श्रद्धा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुष्पाञ्जली चढाउँदै सांख्य-योग-प्रवर्तक भगवान् कपिलदेवका चरणाम्बुजमा अर्पण गर्दछु यसदेखि वढी अरु म के भनौं ।

विनीत —

सज्जनहरूको अनुचर
डिल्ली जंग गुरुङ

पुनश्च — प्रजातन्त्रका साथै अतीतका गर्भमा विलीन भइ राखेका लोक-सङ्गीतहरु देश काल पात्र अनुसार प्रादुर्भाव भएर देश सेवा गर्न थाले, यो राम्रो लक्षण हो त्यही लोक-सङ्गीत मिश्रको 'झ्याउरे गीत' यो हाम्रो जातीय संगीत हो, अपितु किन हो भन्न सकिन्न मलाइ घृणा लाग्यो । आफ्ना साथीहरूवाट भने प्रायशः यहि झ्याउरेतिर नै प्रेरणा पाउँथे ।

मैले वास्ता राखेको थिइनँ, कपिल गीता लेख्दै गएँ, ८ अध्यायमा पुगेपछि मेरो कलम कुनै अदृष्ट शक्तिले टोके जस्तो लाग्यो, जाने भरका छन्दहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रयोग गरें, निदान आजीत भएर वस्नु सिवाय अर्को साधन उपलब्ध भएन ।

वलीयसी केवलमीश्वरेच्छा— त्यही घृणा दृष्टिले हेरी राखेको झ्याउरेले नै मेरो निरर्थक दर्प दलनगराएर यस ग्रन्थका छन्दमालामा उनिनपुग्यो । कसरी ? एकदिनको कुरा हो दिक्क भएर यौटा चौतारोमा वस्न पुगें अकस्मात् मेरा मानस पटमा झ्याउरेका लयले भरिएको त्यो दुरूहविषय सुगमसित कवितामा निक्लन लाग्यो पश्चात् विचारैं सही भनेर कलम उठाएँ दुइदिनमा ८ अध्याय र ११ अध्यायसकें यसको ज्वलन्त उदाहरण यही हो । अन्ततोगत्वा मेरो चित्त यसैमा मंजूरभयो र यसमा समावेश गराएको छु यद्यपि यसवाट मलाइ प्रशंसा तथानिन्दा दुवैमिल्ने छ तथापि भगवत्-निर्देश नै सर्वोपरि संझिएकोले दुवै विषयमा मलाइ भन्नु केहिछैन ।

विनीत

लेखक—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्तव्य

यस ग्रन्थमा लेखक स्वर्गीय पूज्य बुबाज्यू सुब्बा दिल्लीजङ गुरुङको जन्म १९६१ सालमा घनपोखरा लमजुङको सुसंपन्न परिवारमा भएको थियो । उहाँको शिक्षा दीक्षा कुलपरंपरा-अनुसार गुरु-पुरोहितद्वारा घरमा नै संपन्न भयो । आफूले प्राप्त गर्नुभएको शैक्षिक प्रतिभाको ज्वलन्त उदाहरण उहाँले हामी सबैको समक्ष यो ग्रन्थलाई प्रस्तुत गर्नुभएको छ ।

यस ग्रन्थको प्रकाशनको सन्दर्भमा स्वर्गीय पूज्य बुवा-ज्यूको अन्तिम अवस्थामा यो कृतिलाई प्रकाशनमा ल्याउने अभिलाषा मलाई व्यक्त गर्नुभएको थियो, अनि अन्तिम इच्छालाई म पूरा गनिदिनेछु भन्ने वचन दिएकी थिएँ । तर व्यावहारिक कठिनाइहरूले गर्दा यो कृतिलाई छिटै प्रकाश गर्न असमर्थ भएँ । उहाँको स्वर्गारोहणको वाह्र वर्षपछि वहाँको यो कपिल-गीतालाई प्रकाशनमा ल्याईरहेकी छु । समयमा प्रकाशनमा ल्याउन नसकेकोमा दिवंगत उहाँसँग क्षमा माग्दछु ।

प्रकाशिका

२०३३ चैत्र १० गते

कृष्णकुमारी गुरुङ

(किरणगंज चितवन)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री कपिल–गीता

कर्दमजीको तपस्या तथा भगवान्‌को वरदान (१)

सोद्धा भए विदुरले[1] मुनिराज साथ,
मानिन्छ श्रेष्ठ मनुबंश प्रसिद्ध नाथ !
जस्मा भयो सृजन[2] मैथुन धर्म द्वारा,
आज्ञा हुओस् सकल त्यो अब खोलि सारा ।१।

उत्तानपाद र प्रियब्रत नामधारी,
छोरा थिए मनु[3] नरेश्वरका तयारी,
यौटी थिइन् असल रूपवती कुमारी,[4]
वन्दी भइन् जुन मुनीश्वरकी[5] पियारी ।२।

संपूर्ण लक्षण थियो उनमा भरेको ।
ब्याख्या समस्त अगि नै गरिसक्नु भो यो ।
पाएर योग्य पति कर्दम, फेरि उन्को ।
सन्ताप उद्भव[6] भयो, कति हे दयालो ! ।३।

सारा प्रसङ्गहरु भन्नुहओस् खुलाई ।
इच्छा छ त्यो सकल सुन्न यहाँ मलाई ।

---

१. मैत्रेयजी, २. सृष्टि, ३. स्वायंभुवमनु, ४. देवहूति, ५. कर्दमजी, ६. उत्पत्ति, ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तै प्रजापति१ तथा रुचिले समेत ।
पुत्री लिएर मनुको गरि दिव्य भोग ।४।

कस्तो प्रकार कतिभो उनवाट सृष्टि, ।
सम्पूर्ण यो चरित भन्नुहआस् नछाडी ।
यस्तो सुनी विदुरको रुचियुक्त प्रश्न ।
मैत्रेयजी कहनुहुन्छ भई प्रसन्न ।५।

हे वीरवर्य२ ! मुनि कर्दमसाथ यस्तो ।
आज्ञा भयो कि विधिको अव गै प्रजाको ।
उत्पत्ति झट्ट गर यो सुनि हर्ष मानी ।
जाँदा भए सरस्वती--तट योग्य मानी ।६।

त्यागेर मोह, गरि कायम चित्तधारा ।
जोडेर चित्त हरिसाथ प्रयत्न३ द्वारा ।
एकाग्र पारि मन, भाव लिएर सच्चा ।
गर्दा भए अयुत४ वर्ष ठुलो तपस्या ।७।

देखेर शुद्ध तप त्यो युगको५ शुरूमा ।
साह्रै प्रसन्न भइ सुन्दर त्यस्थलीमा
ली शब्द व्रह्ममय रूप वडो प्रकाश ।
प्रत्यक्ष दर्शन दिए हरि आइ खास ।८।

---

१. दक्ष, १. हे वीर श्रेष्ठ, ३. कोशिश, ४. दशहजार वर्ष,
५. सत्ययुग,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेजोमयै[१] रवि–समान थिए अपार ।
माला थियो रुचिर पङ्कजको तयार
खुल्थ्यो असाध्य अलकावृत[२] झैं मुहार ।
झल्कन्छ स्वर्णिम[३] किरीट प्रभा भरेर ।९।
छन् शङ्ख चक्र कमलादिहरू तयारी ।
झल्कन्छ कुण्डल मनोहर मेख मारी
क्रीडा निमित्त करमा सित[४] पद्म खुल्छ ।
जस्को कटाक्ष मधुरस्मित[५] चित्त हर्छ ।१०।
राम्रो छ श्रीचरणपङ्कज[६] सुप्रकाश ।
हुन्थे सुशोभित खगेश्वर[७] माथि खास ।
लक्ष्मी थिइन् हृदयमा अनि कराठ वीच ।
बल्थ्यो धपक्क, मणि कौस्तुभ त्यो अतीन ।११।
आकाशमा स्थित मनोहर दिब्यरूप ।
देखेर कर्दम प्रसन्न भए बहूत ।
आनन्द झैं गरि प्रणाम प्रसन्न साथ ।
गर्दा भए स्तुति उठीकन जोडि हाथ ।१२।
हे स्तुन्त्य देव, परमेश्वर, हे महेश !
हौ सत्व आदि गुणको अबलम्ब[९] बेस ।

---

१. तेजलेपूर्ण, २. जुल्फीले छोपिएको, ३. सुनको, ४. सेतो कमल, ५. मन्दहास्य, ६. पाउ रूपी कमल, ७. गरूडजी, ८ स्तुति गर्नं योग्य, ९ आधार,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ली जन्म सज्जनहरू शुभ योनि वीच ।
संस्कार शुद्धगरि भक्ति गरी अतींव ।१३।

गर्छन् सदैव प्रभु—चिन्तन ध्यान भित्र ।
त्यै पाउ देखिकन आज बनें पबित्र,
तिम्रो कडा प्रकृतिले[१] जसलाइ छोप्छ ।
त्यो तुच्छ भोगतिर चित्त दिएर भुल्छ ।१४।

सल्लाह सत्य बुझि त्यै सुख निंति तिम्रो ।
लिन्छन् सदा चरण आश्रय, हे दयालो !
दिन्छौ त्यही बिषय भोगहरू समेत,
जस्बाट मिल्छ नरकादिहरू अनेक ।१५।

माग्छु प्रभो ! म पनि त्यै सरि सुन्दरी स्त्री ।
धर्मार्थ काम-फल, पूर्ण दिने भएकी ।
संकल्प लीकन यही मनभित्र खास ।
आईरहेछु पदमा, करुणानिवास ! ।१६।

जो पाउ कल्प[२]तरु—तुल्य छ सुप्रकाश ।
व्रह्माण्डका अधिप हौ प्रभु एक खास ।
भै कामनायुत अनेकन, लोक तिम्रो ।
वाक्सूत्रमा[३] सतत[४] वद्ध छ हे दयालो ! ।१७।

१. माया, २. कल्पवृक्ष, ३. वचन रूपी डोरीमा, ४. लगातार,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यै नीतिभित्र चलि कालस्वरूप तिम्रो ।
पूजा म गर्दछु प्रतीति गरी दयालो !
आज्ञा शिरोपर गराउनकै निमित्त ।
भार्या म खोज्छु गुण शील र रूपयुक्त ।१८।

यो दीन हालत सदा उनमै रहन्छ ।
जो कालरूप हरिको भय नित्य मान्छ ।
जो भक्त छन् हजुरका उ त हे दयालो !
त्यागेर सङ्गत सदा विषयीहरूको ।१९।

वास्ता नराखिकन, केवल एक तिम्रो ।
लिन्छन् सदा चरण आश्रय, हे दयालो !
तिम्रै गरी भजन आपसमा मिलेर,
स्वादिष्ठ स्वच्छ यशरूप सुधा पिएर ।२०।

भैं मग्न नित्य त्यसमा विषय-प्रपञ्च ।
त्याग्छन् नराखि परबाह भएर मस्त
गर्छन् सदा शमन[1] दैहिक[2]-क्षुत्पिपासा ।
आनन्दमा रहँदछन् नलिएर आशा, ।२१।

यो काल चक्र छ वडो वलवान् दयालो !
साक्षात् अचिन्त्य[3] हरि नै, यसको धुरी हो ।

---

१. शान्ति, २. शरीर सम्बन्धी भोक प्यास, ३. चिन्तन गरी नसकिने,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन् तेह्र१ मास पहिया स्थित काठ यस्का,
हुन् नेमि२ षट् ऋतुहरू यसमा मजाका ।२२।
हुन् कोटियौं क्षण पलादि प्रवाह यस्को ।
चौमास३ तीन छ बडो दृढ नाभि जस्को ।
हुन् वर्षका दिन सवैतिर देखिएको ।
जोर्नी स्वरूप दृढतासित जोडिएको ।२३।
भै वर्षरूप अति दुर्गम कालचक्र ।
धुंदो छ आयु गरि छेदन यत्र तत्र,
अत्यन्त उग्रगतिको छ परन्तु, नाथ !
सक्तैन कत्ति यसले छुन भक्तसाथ ।२४।

आफैं निकालिकन सूत त्यही पछाडि ।
सम्पूर्ण निल्दछ जसोगरि ऊर्णनाभि५ ।
त्यै भाँति यो भुवन सृष्टि निमित्त आफ्नो
माया अंगालि उसवाट हुने कुराको ।२५।
सत्वादि६ शक्तिहरूवाट मिलाइ चाँजो ।
गर्छौं स्वयं सृजन नाश सदा, दयालो !
दिन्छौ सदा विषयमा सुख भाँति भाँति,
त्यो सत्य हुन्न भइ मायिकं छैन जाति ।२६।

---

१ मलमास युक्त वर्ष' २ घेरा ३ तीन चतुर्मासको वर्ष, ४ वर्ष, स्वरूप, ५ माकुरो ६ सत्व, रज, तम,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किन्तु त्यही विषय प्राप्त हओस् मलाई ।
जस्वाट कर्मगरि भक्ति सदा वढाई
पन्छाइ देव ऋषि-पितृ ऋणादि सारा ।
पाउँ म मोक्षपद ली यसकै सहारा ।२७।

पैह्लेर दिव्य तुलसीमय पुष्पहार ।
माया—प्रधान भइ रूप लिई अपार,
जो बक्सियो सगुण दर्शन दिव्यमूर्ति ।
त्यल्ले मिलोस् सहजमै सव भुक्ति मुक्ति ।२८।

तिम्रो छ यो चरणपङ्कज पूर्ण२ काम ।
अत्यन्त प्रेमसित गर्दछु वन्दना म ।
यो देख्न निष्क्रिय३ छ किन्तु जगत् सवैको ।
यै गर्छ पालन सुधार सवै कुराको ।२९।

क्यै मात्र सेवन गरे पनि भक्त माथि ।
वर्षाइदिन्छ सुख इज्जत भाँति भाँति
एवं प्रकार गरि अस्तुति जोडि हाथ ।
गर्दा भए प्रणति निर्मल भक्ति साथ ।३०।

उन्को थियी रूचि४ र सुस्मित५ दिव्य दृष्टि ।
हुन्थे विराजित खगेश्वर पीठ माथि ।

---

१ माया संवन्धी, २ इच्छा पूर्ण गर्ने, ३ केही गर्न नसक्ने,
४ राम्रो, ५ हँसिलो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तो सुनी विनय निर्मल भक्त जानी ।
आज्ञा भयो अनि सुकोमल मिष्ट वाणी ।३१।
हे सन्त कर्दम ! तिमी जसका निमित्त ।
गर्छौ कठोर तपं भैकन दत्त चित्त ।
तिम्रो बुझी सकलभाब तथा अवस्था ।
मैले सवै गरिसकें अघि नै व्यवस्था[1] ।३२।
जो गर्छ नित्य गडि अर्चन[2] ध्यान मेरो ।
वन्दैन निष्फल कदापि प्रयत्न[3] त्यस्को ।
जो चित्त हर्दम मसाथ मिलाइ राख्छ ।
त्यो भक्तको सव मनोरथ पूर्ण हुन्छ ।३३।
जो छन् विरञ्चिसुत श्रीमनु सार्वभौम[4] ।
ज्ञानी धुरन्धर गुणी अनि पूर्णकाम,
बर्हिष्मती सहरमा उनको छ राज्य ।
गर्छन् समस्त क्षिति[5]-शासन, नीतियोग्य ।३४।
स्त्रीसाथ लीकन तिमीसित भेट्न निंर्ति ।
पर्सी यतैतिर घुमीकन आउलान् ती ।
छन् शीलयुक्त तनया[6] अति वेस उन्की ।
गर्छिन् तलास वर सुन्दर आफुमिल्दो ।३५।

---

१ प्रवन्ध, २ पूजा, ३ उद्योग, ४ सम्राट् (चक्रवर्ती)
५ पृथ्वीको शासन, ६ छोरी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छौ सर्बथा मुनिवरेण्य तिमी सुयोग्य ।
कन्या दिनन् नृपतिले खुस भै अवश्य ।
ज्यादै गरेर अगि देखि यही कुराको ।
तिम्रो थियो दृढ विचार फुरीरहेको ।३६।

कन्या उनै भइ मनोहर योग्य पत्नी ।
गर्लिन् यथेष्ट सित सेवन प्रेम मानी ।
जन्माउलिन् नउवटी गुणयुक्त कन्या ।
गर्लान् मरीचिहरू आइ विवाह जस्मा ।३७।

विद्वन् ! तिमी पनि वनेर पवित्र चित्त ।
मैलाइ अर्पण गरेर क्रिया समस्त ।
संपूर्ण जीवहरू माथि दया गरेर ।
हौला कृतार्थ[१] परमेश्वरमा मिलेर ।३८।

ली अंशरूप म स्वयं भइ पुत्र तिम्रो ।
गर्नेछु साँख्य रचना अति योग्य राम्रो ।
धन्दा नमान ऋषि कर्दम ! मान साँचो ।
मिथ्या[२] हुँदैन कहिले पनि वाक्य मेरो ।३९।

हे व्यासपुत्र ! मुनि कर्दमसाथ यस्तो ।
संभाषणादिक[३] गरेर वडो मजाको ।

---

१ कृत–कृत्य २ ऋटो, ३ वातचीत आदि,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इच्छानुरूप वरदान दिएर वेस ।
वैकुण्ठ धामतिर जानुभयो सुरेश ।४०।
त्यस्कालमा गरुडको दुइ पक्षवाट१ ।
निक्लेर कोमल अवाज वडो विशिष्ट२ ।
मीठो वडो मधुर साम-ऋचा३ सुनिन्थ्यो ।
जान्थे सुरेश्वर सुनीकन शब्द त्यस्को ।४१।
हे वीर ! श्री हरि गए पछि भै तयार ।
वस्ता भए समयको गरि इन्तजार४ ।
स्त्रीलाइ साथलिइ फेरि उता नरेश ।
वग्गी चढी कनक५ निर्मित्त योग्य वेस ।४२।
राखेर साथ तनया सव देश घुम्दै ।
आए त्यहीं मुनि–समीप प्रसन्न वन्दै ।
राम्रो थियो सरस्वती६-तट, फैलिएको ।
जस्मा छ विन्दुसर तीर्थ वडो मजाको ।४३।
देखेर दिव्य तप, निर्मल भक्ति उन्को ।
प्रेमाश्रु-वूँद जसमा७ हरिको गिरेथ्यो ।
अत्यन्त भव्य८ रमणीय छ त्यो प्रदेश ।
मीठो छ स्वच्छ जल अमृत—तुल्य वेस ।४४।

---

१ पखेटा–वृहत् र रथन्तर, २ विलक्षण, ३ सामवेदको ऋचा, ४ प्रतीक्षा ५ सुनै सुनको, ६ सरस्वतीनदीको किनार, ७ विन्दु सरोवर, ८ सुन्दर रमाइलो,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौतर्फि त्यो वन छ स्वच्छ तथा पवित्र ।
घेरेर वृक्ष लहराहरूले विचित्र ।
वस्छन् जहाँ मृग-विहङ्ग अनेक भाँति ।
देखिन्छ नित्य सुष[1] मायुत पुष्प-ताँती ।४५।

झस्केर वन्य[2] कुसुमादि वनावली[3] त्यो ।
सौन्दर्य युक्त भइ चित्त प्रफुल्ल हुन्थ्यो ।
गर्छन् विहङ्गहरू कूजन भाँति भाँति ।
घुंछन् जहाँ भ्रमर गान गरेर जाति ।४६।

आनन्द—मग्न भइ नाच्छ कतै मयूर ।
क्वैली कराउँछ कतैतिर भै विभोर ।
चाँपो कदम्व र कुरञ्ज अशोक जाति ।
मन्दार आँप कुटजादिक भाँति भाँति ।४७।

देखिन्छ सुन्दर मनोहर वृक्षमाला ।
जो देखि हुन्छ मन मोहित भै निराला ।
उड्छन् अनेक जल-काग र क्रौञ्चपक्षी ।
राम्रा चकोर अति सारस हाँस आदि ।४८।

क्रीडा गरीकन सरोवर भव्य[4] लाग्छ ।
मीठो मनोरम[5] अवाज जहाँ सुनिन्छ ।

---

१ शोभा युक्त, २ वनैया फूलहरू, ३ वनको पङ्क्ति,
४ सुन्दर, ५ मनलाइ रमाइलो पार्ने,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खेल्छन् जहाँ हरिण, शूकर, नीलगाई ।
हात्ती, मृगेन्द्र, कपि आदि अनेक आई ।४९।
हेर्दै सुरम्यवन त्यस्थलमा रहेका ।
देखे मुनीश्वर[१] स्वतंत्र भई वसेका ।
तेजी थिए उनि गरेर कडा तपस्या ।
उन्को थियो सकलभाव पवित्र सच्चा ।५०।
पाएर दर्शन अचिन्त्य जगत्पिताको[२] ।
देखिन्नथ्यो विकल दुर्वल देह उन्को ।
अग्लाथिए द्यु ति[३] थियो उनको प्रकाश ।
राम्रो थियो नयन पद्म–समान खास ।५१।
हुन्थ्यो सुशोभित जटा शिरमा पवित्र ।
जस्को थियो कमरवेष्ठित[४] चीरवस्त्र[५] ।
हेर्दा गई निकट रूप मलीन लाग्थ्यो ।
देखिन्छ साफ नहुने मणिकान्ति जस्तो ।५२।
देखेर आगत[६] नरेश्वरलाइ उन्ले ।
आशीष दीकन कुशासनमा वसाले ।
पूजा गरी ग्रहण दूर गरी थकाईं ।
वस्ता भए नृपति आदर योग्य पाई ।५३।

---

१ कर्दम, २ परमात्मा, ३ कान्ति, ४ कमरमा वेह्रिएको, ५ वोक्राको वस्त्र, ६ आएका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदेश संझि हरिको अति नम्रसाथ ।
वोले मुनीश्वर सहर्ष झुकाइ माथ ।
हौ हे नरेश्वर ! तिमी खुद विष्णु--रूप ।
तिम्रो छ यो भ्रमण योग्य भई अनूप[१] ।५४।

जस्वाट सन्तहरूको उपकार हुन्छ ।
पापिष्ठ दुष्टहरूको अपकार गर्छ ।
वन्छौ स्वयं यम, सरित्पति, सूर्य, चन्द्र,
आगो तथा पवन, धर्म सुरेश-इन्द्र ।५५।

छौ विश्वका अधिप एक प्रचण्ड मानी ।
गर्छु प्रणाम गुणलायक योग्य ठानी ।
चढ्छौ अमूल्य रथमा मणि छापिएको ।
टंकार शव्द धनुको- रथ शव्द चर्को ।५६।

तर्साइ दुष्टहरूलाइ कमाइ पृथ्वी ।
घुम्छौ वनेर रवि—तुल्य वढाइ शक्ति ।
हे भूप—वर्य ! यसरी नघुमे तिमीले ।
डाँकूहरू सकल धर्म उडाइ छाड्थे ।५७।

आसक्ति भै विषयमा मनपर्दि सङ्ग ।
गर्ने थिए सकल शास्त्र-विधान, भङ्ग ।

---

१ उपमा रहित,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्ता तिमी पनि विरक्त वने, जगत्को ।
हुन्थ्यो विचल्लि सव धर्म उडेर जान्थ्यो, ।५८।

चाहन्छु जान्न, नर-नायक ! यो सवारी ।
के हेतुवाट हुनगो लिइ सैन्य भारी
के के प्रयोजन छ के छ रहस्य यस्मा ।
आज्ञा हओस् म पनि गर्दछु यत्न जस्मा ।५९।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कपिल-गीता अध्याय (२)

कर्दम र देवहूतिको विवाह

हे वीर—वर्य ! यसरी मुनिले वयान ।
गर्दा भए नृपतिको गरि योग्यमान ।
वोले नरेश तव सुन्दर वात यस्तो,
संकोचसाथ उनका मनमा थियो जो ।१।

हे देव ! वेदमय विग्रह[1] त्यो स्वकीय,[2]
रक्षा निमित्त विधिले अति वाञ्छनीय[3] ।
विद्या र योग तप संयुत विप्रजाति ।
गर्दा भए बुझि भलो मुखदेखि सृष्टि ।२।

थर्काइ शत्रुहरूलाइ जयी वनेर ।
रक्षा गरुन् सकल ब्राह्मणको भनेर ।
आफ्ना सहस्रभुजदेखि गराइ सृष्टि ।
गर्दा भए सृजन क्षत्रिय वोर जाति ।३।

हो विप्र नै हृदय क्षत्रिय हो शरीर ।
गर्छन् सदैव हरि रक्षण,[4] भै तयार

१ मूर्ति, २ आफ्नो, ३ चाहन योग्य, ४ पालन,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन् ती स्वयं सकल कारण कार्यसार ।
छन् किन्तु वास्तव सदा उनि निर्विकार ।४।

पाएर आज शुभ, दर्शन, नाथ ! तिम्रो ।
सन्देह दूर हुनगो मनमा थियो जो ।
मेरो वयान गरि त्यै निहुँवाट सारा ।
आज्ञा भयो नृपति धर्म हजूर द्वारा ।५।

दुष्प्राप्य[१] ठान्छु शुभ दर्शन मिल्न यस्तो ।
सौभाग्यको उदय भैकन वल्ल मेरो ।
तिम्रो अलभ्य पद दर्शन आज पाएँ ।
सानन्द पाद[२]-रज, मस्तकमा चढाएँ ।६।

भै पुण्यको उदय आज यहाँ मलाई ।
शिक्षा दियौ नृपति धर्महरू खुलाई ।
ज्यादै अनुग्रह[३] भयो भगवन् ! म माथि ।
शिक्षा गरें ग्रहण सुन्दर भाँति भाँति ।७।

संझन्छु यो सव कृपा तर यी सुताको[४] ।
देखेर हालत उदास छ चित्त मेरो ।
यस्मा म गर्दछु निवेदन केहि नाथ !
त्यो सुन्नुहोस् गरि दया लिइ प्रेमसाथ ।८।

१ दुर्लभ, २ पाउको धूलो, ३ कृपा ४ छोरी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तानपाद र प्रियव्रतकी पियारी ।
हुन् शीलयुक्त वहिनी गुणमा तयारी,
सत्कर्म शील गुणयुक्त, मुहार वल्दो ।
गर्छिन् तलास वर सुन्दर आफु मिल्दो ।९।

देवर्षिवाट१ गुण शील र रूप मान ।
यिन्ले सुनिन् हजुरको जव त्यो वयान ।
त्यस्देखि नै हजुरलाइ बुझी अपार ।
यिन्ले मनैमन गरिन् पतिको विचार ।१०।

श्रद्धा गरेर, मुनिराज ! तपाइँलाई ।
छोरी चढाउँदछु प्रेम वडो वढाई ।
छन् सर्व भाँति प्रभुलायक यी कुमारी ।
गर्छिन् हरेक घरकाज भई तयारी ।११।

जो प्राप्त हुन्छ विषयादि स्वयं जुटेर ।
हेला नगर्नु त्यसलाइ भलो वुझेर ।
गर्छन् विरक्तहरूले पनि भोग यस्को ।
के गर्नुपर्छ र कुरा विषयीहरूको ।१२।

जो वस्तु मिल्दछ स्वयं उसलाइ त्यागी ।
जो माग्छ फेरि कृपणीसित२ हात थापी ।

१ नारदमुनि २ लोभी (कन्जस)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्को समस्त यश नाश भएर जान्छ ।
हेँला गरेर अरुले अपमान गर्छ ।१३।

मैले यही सुनिरहेछु विवाह निंति ।
छौ रे तयार वुझि वेस गृहस्थ बृत्ति ।
यिन्लाइ अर्पण म गर्दछु प्रेमसाथ ।
स्वीकार होस् गरि दया, मनभित्र, नाथ ! ।१४।

वोले मुनिश्वर भएर खुसी अपार ।
चाहन्छु गर्न म विवाह, छ यै विचार,
यी कन्यकासित१ तयार गराइ लग्न ।
योग्यै छ व्राह्म२ विधिवाट विवाह गर्न ।१५।

राजन् ! विवाह क्रममा छ विधान जस्तो,
त्यस्मा पढिन्छ अनि निर्मल मंत्र जो जो ।
होलान् सवै सफल काम दिएर राम्रो ।
वेदोक्त माफिक विबाह भएर हाम्रो ।१६।

जस्को छ अङ्ग सव सुन्दर एकनास ।
आभूषणादि छवि जित्दछ त्यो प्रकाश
यस्ती अमूल्य वयकी३ रमणी कुमारी ।
गर्दैन मान कसले लिइ प्रेम भारी ।१७।

१ कन्या, २ आठ थरी विवाह मध्यको पहिलो, ३ उमेर,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रीडा निमित्त लिइ कन्दुक[1] एकवार ।
खेल्थिन् गएर छतमाथि भई तयार ।
आँखा थियो अरुण चञ्चल, भै सवेग ।
वज्थ्यो जहाँ मधुर छंछम पाउजेव ।१८।

यिन्लाइ देखि नभ वीच उडीरहेको ।
गन्धर्वराज[2] पनि वेसुर[3] भै लडेथ्यो ।
त्यस्ती स्वयं युवति आज भनेर आई ।
माग्छिन् भने प्रणयदान[4] वडो लजाई ।१९।

यो हालमा कुन गुणी जन चुक्न जाला ।
यी साथ प्रेम नगरी कुन वस्न सक्ला ।
हुन् यी स्वयं मनुसुता गुण—युक्त भारी ।
उत्तानपादहरुकी वहिनी पियारी ।२०।

यिन्मा छ रूप, गुण, शील सदा तयार ।
हुन् विश्वमा युवति—भूषण, यी अपार ।
गर्दैन ध्यान कमला[5]—पदलाइ जल्ले ।
सक्तैन देख्न यिनको छवि रूप त्यल्ले ।२१।

---

१ फुटवल (भकुण्डो) १. विश्वावसु, ३ वेहोस, ४ प्रेमदान,
५ लक्ष्मीको पाउ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वीकार गर्छु, नृपते ! प्रणयै छ यस्मा ।
सन्तान वन्द जव सम्म हुँदैन यिन्मा
धानी हरेक विधिवाट गृहस्थ भार ।
गर्नेछु पूर्ण व्यवहार भई तयार ।२२।

त्य स्वाद जो छ श्रुतिवाट वताइएको ।
हिंसादिले रहित धर्म छ जो मजाको ।
त्यो धर्मकै पछि म लाग्दछु श्रेष्ठ ठानी ।
त्यागी समस्त व्यवहार अनर्थ मानी ।२३।

जस्वाट यो भुवन सृष्टि भयो समस्त ।
जस्मा छ यो स्थित जहाँ हुन जान्छ लिप्त ।
जो मान्य छन् सव प्रजापतिका समेत ।
हुन् मान्य एक हरि नै जुन छन् अनन्त ।२४।

वार्ता गरेर यसरी अनि चूपलागी ।
वस्ता भए हृदयमा हरिलाइ संझी ।
उन्को थियो वदन सुन्दर कान्तियुक्त ।
खुल्थ्यो असाध्यसित हिस्सि भरी प्रशस्त ।२५।

देखेर सुस्मित मनोहर त्यो मुहार ।
दङ्ग परिन् नृप-सुता, अति लोभिएर ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जाने यथार्थ महिषी र तथा सुताको ।
चेष्टा विचार नृपले उनमा भएको ।२६।

जानी प्रभाव—युत श्री मुनिराजलाई ।
पुत्री दिए नृपतिले अति प्रेम छाई ।
छोरी जुवाँइहरू साथ वढाइ प्रीति ।
आभूषणादिक दिए हर एक भाँति ।२७।

सन्मान्य योग्य वरलाइ दिएर छोरी ।
निश्चिन्त भैकन रहे भइ हर्ष भारी ।
छुट्ता भने विरहको वढि दुःख धारा ।
रोए नरेश सहनै नसकी विचारा ।२८।

अत्यन्त मोह—वश भैकन प्रेम उम्ली ।
ज्यादै वढ्यो विरह आँशु वह्यो अचाक्ली ।
छाती लगाइकन प्रेम वढाइ उन्ले ।
अत्यन्त दुःखित भईकन सुंसुम्याए ।२९।

संभाषणादि गरि फेरि विदा भएर ।
आज्ञा लिएर उनको रथमा चढेर ।
हेर्दै दुवैतिर पवित्र नदी-किनार ।
फर्के नरेश गृहतर्फ खुसी भएर ।३०।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखेर आगत दयाकर भूपलाई।
सारा प्रजा खुस भए वहुतै रमाई।
गाना वजान र तथा स्तुति गान—द्वारा।
जाँदा भए नृपति स्वागत गर्न सारा।३१।

वर्हिष्मती सहरमा गरि राजधानी।
गर्थे नरेश क्षिति—पालन योग्य ठानी।
जस्मा स्वयं हरि वराह—स्वरूप—धारी।
पातालदेखि महिलाइ यहाँ उतारी।३२।

वस्ता भए क्षणिक मारि त्यहीँ थकाई।
झारे त्यही समय अङ्ग सफा वनाई।
त्यस्कालमा रउँ गिन्यो जति त्यै पवित्र।
चोखा सफा कुश र काँस वने पवित्र।३३।

जो यज्ञमा गइ अनेकन विघ्न गर्छन्।
ती राक्षसादि पनि यो कुशदेखि भाग्छन्।
यल्ले हटाइ भय यज्ञहरू गरेर।
वस्छन् महर्षिहरू आपसमा मिलेर।३४।

राजाधिराज मनुले यहिँ प्रेम छाई।
ओछ्वाइ काँस र तथा कुशको चटाई।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दा भए भजन श्रीहरिको अगाडी ।
भै भक्तिमा रत समस्त प्रपञ्च छाडी ।३५।

र्वाहिष्मती रहन गो अनि नाम यस्को ।
ठूला वने नृपति ध्यान गरेर जस्को
उन्को थियो महल सुन्दर एक वेस ।
गर्दा भए नृपतिले त्यसमा प्रवेश ।३६।

भार्या कुटुम्वहरू साथ सदा मिलेर ।
लागे अनेक सुख भोग्न खुसी भएर ।
गन्धर्व—वृन्द जसको गुण गान गर्थे ।
त्यस्तर्फ चित्त नदिईं हरिगान सुन्थे ।३७।

इच्छामुताविक सवै विषयादि भोग्थे ।
किन्तु त्यतातिर विरक्त भई रहन्थे ।
श्रद्धा वढेर ।हरिमा मन नित्य लाग्थ्यो ।
पत्तै नपाइकन काल वितेर जान्थ्यो ।३८।

एवं प्रकार हरि—कीर्तनमैभुलेर ।
पूरा गरे अवधि कत्ति नफालि खेर ।
जो लिन्छ आश्रय सदा हरिको गडेर ।
पर्दैन दुःख त्यसलाइ कदापि हेर ! ।३९।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यल्लाइ मानसिक भौतिक दैहिकादि ।
सङ्कष्टका डरहरू रहँदैन कत्ति ।
राजेन्द्र ती सकलका हिततर्फ लाग्थे ।
सत् शास्त्र श्रेय—मय धर्महरू कहन्थे ।४०।

संपूर्ण वर्ण अनि आश्रमसाथ मिल्दो ।
गर्थे खुलाइकन धर्म वयान राम्रो ।
प्रख्यात भो जुन मनुस्मृति नामवाट ।
अद्यापि यो छ उपलब्ध भई विशिष्ट ।४१।

संसारमा प्रथम भूप उनै वनेथे ।
जो सर्वभाँति अतिलायकमा गनिन्थे ।
व्याख्या गरें सव चरित्र खुलाइ उन्को ।
फेरी चरित्र सुन ती नृप—नन्दिनीको ।४२।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्दम र देवहूतिको विहार

अध्याय (३)

सारा भन्दछु सुन यो तात !
फर्के जव नृप महीषी[१] साथ
पतिको आशय इच्छा माफिक ।
गर्थिन् सेवा मन दी खूप ।१।

गर्थिन् जसरी शङ्करजीको--
सेवा गौरी, त्यसरी पतिको—
सेवा गर्थिन् अधिक गडेर ।
त्यागी छल, मद, कपट, अटेर ।२।

चञ्चल चेष्टापट्टि नलागी ।
केवल सेवा पछि नै लागी ।
संयम,[२] सेवा, प्रेम, प्रतीति,
रसिलो वोली पूजन आदि ।३।

नानागुणले कर्दमलाई ।
वशमा पारिन् प्रेम वढाई ।

१ महारानी, २ मनइन्द्रिय रोकनु,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संझिन्थिन् ती पति नै सेव्य१ ।
धाता भन्दा पनि अति भव्य२ ।४।

यस्तो निश्चय मनमा राखी ।
गर्थिन् सेवा सव सुख त्यागी
एवंरीत्या वहुदिन सम्म ।
पालिन् उनले सेवा - धर्म ।५।

देखी त्यस्तो भार्यालाई ।
सोधे मुनिले प्रेम वढाई ।
प्यारी ! यसरी अतिशय मेरो ।
पूरा सेवा टहल गऱ्यौ जो ।६।

तिम्रो त्यस्तो सेवा देखी ।
ज्यादै तुष्ट छु हे नृप—पुत्री !
देही सवको आफ्नो देह—
प्रति, ज्यादा नै लाग्दछ स्नेह३ ।७।

तर पनि मनमा यसको कत्ति ।
पर्वा नलिई जोड्यौ भक्ति ।
आफ्नो जप तप साधन शक्ति—
द्वारा, पाएँ जो संपत्ति ।८।

---

१ सेवा गर्न योग्य, २ सुन्दर (श्रेष्ठ) ३ प्रेम,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सेवा वलले यसमा तिम्रो ।
पूरा नाता पूरा हक भो ।
दिन्छु म यसले[१] निर्मल दृष्टि ।
हेर तमासा ईश्वर--शक्ति ।९।

जति पनि अरू छन् भोगविलास ।
सव ती हरिको भ्रुकुटि[२]-विलास,
द्वारा हुन्छन् नाश समस्त ।
प्रभुका सामू सव छन् व्यर्थ ।१०।

मेरो सेवाद्वारा तिम्रो ।
चेष्टा आदत हुनगो राम्रो ।
पाली पातिव्रत[३] — आचार ।
पायौ भवको सव सुख सार ।११।

सक्छयौ प्यारी ! भोग्न सवै यो ।
दुष्टात्माले[४] पाउन्नन् यो ।
यस्तो बोली सुनिकन पतिको ।
जानिन् महिमा अद्भुत उनको ।१२।

बोलिन् गद्गद भैकन यस्तो ।
चिन्ता भाग्यो मुख भो हँसिलो ।

---

१ तिम्रो हक भएकोले, २ आँखिभुइँको खेल, ३ पतिव्रता स्त्रीले गर्नु पर्ने नियमादि, ४ मूर्ख,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जान्दछु सच्चा महिमा प्रभुको ।
मायालाइ जित्छौ सजिलो ।१३।

यसले जति छन् विमल विभूति१ ।
वस्छन् प्रभुसित लागी ताँती
अव पहिलेको कबुल भयो जो ।
नभुलीकन त्यो सकल कुराको ।१४।

पूरा पालन होस्, पति देव !
गर्दछु सव त्यो गृह सुख भोग,
पतिका द्वारा सन्तति२ प्राप्त ।
गर्नु स्त्रीको हो यहि लाभ ।१५।

इच्छा राखी त्यस गृह—सुखमा ।
ज्यादै उत्सुक वन्दछु मनमा ।
शिक्षा पाऊँ नय-अनुसार ।
सुख साधन होस् सव भरपूर ।१६।

त्यसकै माफिक महल तयार ।
होस्, हे स्वामिन् ! वहुत अपार ।
जसमा प्रभुका साथ रहेर ।
पाऊँ सुखहरू भोग्न म धेर ! ।१७।

१ ऐश्वर्य, २ सन्तान,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुनिकन यस्तो वचन प्रियाको ।
योगस्थित भै वहुत मजाको ।
सिर्जे अतिशय१ - स्वच्छ विमान ।
गर्थ्यो जसले सब सुख दान ।१८।

इच्छा माफिक सवतिर पुग्थ्यो ।
जे जे चाहृयो त्यो सव दिन्थ्यो ।
जगमग गर्दछ हीरा मोती ।
मणिमय खम्वा छन् वहु भाँति ।१९।

हर ऋतु लायक जो छ मजाको ।
उपमादिन को सक्तछ त्यस्को ?
पूर्ण छ जसमा सर्व समृद्धि२ ।
नाच्छन् छम छम सारा सिद्धि ।२०।

राम्रा झिलिमिलि झंडा द्वारा ।
शोभा वढ्दछ जसको पूरा ।
गर्छन् गुञ्जन मञ्जुल भृङ्ग ।
नाच्छन् जसमा स्वच्छ विहङ्ग ।२१।

नाना रङ्गी सुरभित३ - माला, ।
लट्किरहेछन् जसमा आला

१ ज्यादै, २ संपत्ति ३ सुगन्धित,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूती रेशम कपडा ताँती ।
हुन्छन् शोभित अति वहुभाँति ।२२।

राम्रा कोठा वैठक खोपी ।
फुरु फुरु नाच्तछ मन जो देखी,
शय्या पंखा कोमल गद्दी ।
कोठै पिच्छे छन् अनगिन्ति ।२३।

नाना साधनले सजिएको ।
कोठा चोटाहरू भरिएको ।
हुन्थ्यो जगमग सुन्दर यान ।
कसले सक्तछ गर्न वयान ।२४।

मूँगा पन्ना मणि जडिएको ।
राम्रा चौकीहरू सजिएको ।
वन्छन् झलमल सुन्दर कोठा ।
जो देखनामा लाग्छ अनौठा ।२५।

हीरा निर्मित छन् दृढ द्वार ।
जसमा मूँगाको छ सँघार ।
नीलम मणिको खुल्छ प्रकाश ।
जसमा सुनको कलश छ खास ।२६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हीरक-भित्ता, लाल जडेको ।
आँखा तिरिमिरि गर्दछ सबको ।
लाग्ने मनमा कस्तो कस्तो ।
मानो त्यसकै आँखा हो त्यो ।२७।

चँदुवा जसमा छन् सजिएका ।
तोरण नाना भाँति झुलेका
कृत्रिम पक्षी छन् अनगिन्ति ।
जो देखनामा लाग्दछ भ्रान्ति ।२८।

आफ्नै जाती संझी भ्रम भै ।
खेल्छन् पक्षी त्यससित रत भै ।
बैठक शय्या कोठा चोटा ।
क्रीडा भूमि प्राङ्गण ढोका ।२९।

सब सजिएका छन् क्रम सङ्ग ।
गर्थ्यो मुनिको पनि मन भङ्ग ।
देखिन् त्यस्तो महल तथापि ।
दासी कोही साथ नदेखी ।३०।

आफूलाई मैली पाई ।
हेरीनन् त्यो बहुत रमाई ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सवको चेष्ठा जान्ने मनको ।
कर्दम वोले खुस भै यस्तो ।३१।

भीरु ! नुहाउ झट पुष्करमा ।
अनि चढ हँसिलो मुख ली यसमा
हरि—निर्मित तीर्थ छ पावन यो ।
इच्छा गर्दछ गर्दछ पूर्ण सवैको ।३२।

आज्ञा मानी खुस भै मनमा,
गोता मारिन् निर्मल सरमा
पैह्लेकी थिन् सारी मैलो ।
लट्टा खस्थ्यो केश जमेको ।३३।

जिउमा थुप्रै मैल जमेको ।
लाग्थ्यो श्रीहत कुच-मण्डल त्यो ।
देखिन् उनले पुष्कर भित्र ।
यौटा सुन्दर महल विचित्र ।३४।

कन्या देखिन् एक हजार ।
खुल्थ्यो जसको कान्ति अपार ।
वैँसोन्मत्ता सव तरुणीको ।
सौरभ चल्थ्यो कमलसरीको ।३५।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती सब रमणी जोडी हाथ ।
बोले उनिसित आदर साथ ।
हामी दासी हौँ सब तिम्रो ।
आज्ञा पाऊँ गर्छौं सब त्यो ।३६।

खुसी भैकन ती रमणीहरूले ।
मसला चन्दन मिश्रित जलले ।
प्रेम वढाइ स्नान गराए ।
सुन्दर कपडाहरू पहिराए ।३७।

प्रस्तुत पारे झलमल गहना ।
मणिमय बुट्टादारी नाना ।
रुचिकर भोजन मीठा सुरस ।
ल्याए आसव अमृत—सदृश ।३८।

हेरिन् उनले दर्पण भित्र ।
देखिन् आफ्नो रूप विचित्र ।
सुरभित मालाहरू पहिरेकी ।
रेशम पीताम्वर छापेकी ।३९।

देखिन् निर्मल दिव्य शरीर ।
खुल्थ्यो जसमा हर श्रृङ्गार ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देहै सारा अति सजिएको ।
गहनै गहनाहरू भरिएको ।४०।

कङ्कण नूपुर कण्ठी हार ।
कुण्डल औँठी दिव्य अपार ।
कटिको सुन्दर भूषण छविले ।
मणिका जगमग हारहरूले ।४१।

चन्दन कुङ्कुम रस सौरभले ।
खुल्थ्यो उनको कान्ति मजाले ।
उज्वल मुहुडा दाँत मिलेको ।
हिस्सि छ आँखी भुइँमा जसको ।४२।

पद्मकलीको स्पर्धा गर्ने ।
नेत्र छ जसको अतिमन हर्ने ।
कुञ्चित चिल्ला सुन्दर अलक ।
खुल्थ्यो अवयवहरू एकेक ।४३।

देखिन् अँना—भित्र यसोरी ।
संझिन् पतिको महिमा भारी
तत्कालैमा सखिहरूसाथ ।
देखिन् उनले त्यहिँ प्रियनाथ ।४४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्मथ१ जस्तो स्वच्छ मुहार ।
खुल्थ्यो उनको कान्ति अपार ।
देखी महिमा अद्भुत उनको ।
ज्यादै मनमा विस्मय२ हुनगो ।४५।

देखे मुनिवर कर्दमजीले ।
आफ्नी स्त्रीको द्युति३ अतिरुचिले ।
पाए उनमा सुषमा४ भारी ।
अगिकै जस्तो रूप तयारी ।४६।

वस्त्राभूषणले गंकेकी ।
सुर-वालाले,५ पूजीएकी ।
राम्रो चोली टम्म मिलेको ।
खुल्थ्यो वक्ष स्थलमा जसको ।४७।

उनको शोभा देखि त्यस्तो ।
मुनिको मनमा प्रेम भरीभो ।
भार्यालाइ त्यसमा राखी ।
अतिशय निर्मल माया पोखी ।४८।

---

१ कामदेव, २ आश्चर्य, ३ कान्ति, ४ ज्यादै शोभा,
५ अप्सरा,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जोडे उनले निर्मल प्रीति ।
तर छाडेनन् सच्चा नीति१ ।
पुष्पाच्छादित, यान२ मनोहर ।
लाग्थ्यो झलमल अतिशय सुन्दर ।४९।

हुन्थे शोभित कर्दम त्यसमा ।
मानो शशि झैँ तारागणमा ।
क्रीडा गर्थे धन३पति—तुल्य ।
गर्थे नाना मोज अमूल्य ।५०।

हो दिक्पतिको,४ क्रीडा स्थल त्यो ।
हावा सरर चल्छ मजाको ।
यसमा गङ्गाजीको५ स्वच्छ ।
शब्द मनोहर गुञ्जिरहन्छ ।५१।

एवं रीत्या उनका साथ ।
माया गर्दै भइ अनुरक्त६ ।
नन्दन७ — मानस वागहरूमा ।
क्रीडा गर्थे खुस भै मनमा ।५२।

---

१ अध्यात्म ज्ञान, २ विमान, ३ कुवेर, ४ दिक्पालहरू, ५ भागीरथी, ६ आसक्त, ७ नन्दन, मानस, चैत्ररथ, वैश्रम्मक, पुष्पभद्र, सुरसन, आदि देवताका वगैँचा,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उड्थ्यो नरोकीकन त्यो यान ।
चल्थ्यो निशिदिन वायु—समान ।
व्योम—विहारी सुरगण आदि ।
चल्थे उनकै पछि पछि लागी ।५३।

भवभयहारी हरिपद जसले ।
लिन्छन् आश्रय निर्मल मतिले ।
त्यस्ता सज्जन निंति जगत्मा ।
के छ र दुर्लभ? मिल्दछ क्षणमा ।५४।

कौतुकमय भूमण्डल सबमा ।
घुंथे दंपति खुस भै मनमा ।
हेर्दै सुन्दर दृश्य अनेक ।
फर्के आश्रम तिर मुनिदेव ।५५।

नौ हिस्सामा वीर्य लगाई ।
उनमा ज्यादै प्रेम वढाई ।
रतिमा उत्सुक भार्या—सङ्ग ।
प्रेम वढाए भरि रसरङ्ग ।५६।

भोगे नाना सुख दंपतीले ।
कैयौं दिन तक प्रेम-कलाले ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विंत्थ्यो यसरी दिन तर त्यसको ।
पत्तौ नभई सुखसित जान्थ्यो ।५७।

छन् तैयारी सुखद पलङ्ग ।
चढ्दछ जसमा मन्मथ — रङ्ग ।
त्यस्तो सुखयुत साधन पाई ।
क्रीडा गर्थे प्रेम वढाई ।५८।

कामातुर ती दम्पति दुइको ।
मोज मजामा दिन सव जान्थ्यो ।
गरिकन यसरी प्रेम अपार ।
गर्थे नाना भाँति विहार ।५९।

आत्मज्ञानी कर्दम सवको ।
बुझ्थे चेष्टा गति सव मनको ।
सन्तानोत्सुक भार्या देखि ।
मनमा विधिको आज्ञा संझी ।६०।

कन्यातिर नै चित्त लगाई ।
मनमा ज्यादै प्रेम वढाई ।
भार्यालाई दी ऋतुदान ।
राखे उनले आफ्नो शान ।६१।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्का केही पछि नौ ओटी ।
पाइन् तनया एकै चोटी ।
सबको शोभा अतिशय खुल्थ्यो ।
पद्मारुण झैं सौरभ चल्थ्यो ।६२।

तब ती साध्वी नृप—पुत्रीले ।
देखिन् पतिकन आश्रम क्रमले
संन्यासी भै वनमा जान ।
हुन्थे तर्खर छाडो मान ।६३।

यस्तो देखी मनमा उनको ।
विरह—ज्वाला, दन्कन लाग्यो ।
दु:खी मनले शोक वढाई ।
हेर्थिन् भुइँतिर शिर निहुँराई ।६४।

मणियुत सुन्दर नखले भुइँमा ।
कोर्थिन् विचरी डर ली मनमा ।
रोकी तातो भल आँखाको ।
बोलिन् हँसिलो मुख ली यस्तो ।६५।

भगवन्! अगिको प्रण जो हो त्यो ।
करुणा पाई पूरा हुनगो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर पनि मेरो विन्ति छ नाथ !
दिनुहोस् निर्भय दान प्रसाद ।६६।

यी कन्याका निंति दयालो ।
पर्ला जरुरत उत्तम वरको ।
वनमा प्रभुको हुन्छ सवारी ।
कसले गर्ने मेरो प्रहरी ।६७।

तोडी मेरो सव अज्ञान,
कसले देला निर्मल ज्ञान
स्वामिन् ! कसको भरमा पर्ने ।
कसरी संसृति--वन्धन हर्ने ।६८।

अव तक विर्सी ईश्वरलाई ।
समय विताएँ विषय वढाई ।
हाय ! भयो त्यो समय निरर्थक ।
इन्द्रिय पछि नै लागी मुफ्त ।६९।

प्रभुको महिमा कत्ति नजानी ।
विषयासक्त भै त्यहि सुख मानी ।
प्रभुसित जोडें सादा प्रीति ।
नबुझि महिमा नबुझी रीति ।७०।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरियो प्रभुसित खेल विहार ।
सुखमय त्यह्हि नै ठानि अपार
तर पनि देला विमल विभूति ।
कसरी निष्फल होला प्रीति ।७१।

विषयीहरूसित प्रेम गरेर ।
वन्दछ संसृति--हेतु बढेर ।
हुन्छ भने त्यै सज्जनसङ्ग ।
वन्दछ निर्गुण भक्ति अभङ्ग ।७२।

विषयासक्त भई पाप कमाई ।
हरि—चिन्तनमा मन नलगाई ।
निशि दिन मोफत वित्तछ जसको ।
मूर्दा जीवन जान्नु त्यसको ।७३।

ठगिएँ म वडो हरि—मायाले ।
पाई प्रभु—सदृश पति मैले ।
नगरी उद्यम, संसृति--वन्धन ।
तोड्ने कोशिस क्यै गरिएन ।७४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कपिल देवजीको जन्म, अध्याय (४)

स्वामी कर्दमसाथ यस्तवरले गर्दी भइन् विन्ति यो
यस्को मत्लव यै थियो कि मनमा अप्सोच साह्रै थियो ।
आज्ञा याद भयो अगाडि हरिले जो जो कुरा भन्नुभो
बोले कर्दमजी प्रसन्न मनले स्त्रीको सुनी विन्ति यो ।

(१)

प्यारी ! शोक बढाइ व्यर्थ मनमा हुन्छचौ तिमी दुःखित
तिम्रो कोख हुनेछ शुद्ध हरिको संसर्ग पाई स्वतः ।
नाना तीर्थ र धर्म कर्महरूको गर्छचौं सदा पालन
होला निश्चय श्रेय, चिन्तित नहौ सन्ताप मानीकन ।

(२)

श्रद्धासाथ चली सदा नियममा गर्दै तपस्या व्रत,
सच्चा चिन्तन-वन्दना गर तिमी, विश्वेशको भै रत ।
तिम्रो कोख पवित्र पारि भगवान् ली जन्म यो लोकमा
हाम्रो कीर्ति वढाउलान् र उनले सद्ज्ञान दी अन्तमा ।

(३)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाशी कल्मष वासना हृदयको तोडी कडा बन्धन
गर्लान् निश्चय मोह—संयुत कडा अज्ञानको छेदन ।
शिक्षा सुन्दर यो सुनेर पतिको विश्वास मानीकन
लागिन् गर्न गडेर नित्य हरिको आराधना कीर्तन ।

(४)

केही काल वितेपछी हरि स्वयं काष्ठाग्निका तुल्य भै ।
जन्मे मानव देहमा कपिलको ली नाम प्रख्यात भै ।
वाजा दिव्य वजाउँथे घन घटा फैलेर आकाशमा
गर्थे गायन रागयुक्त रसिला गन्धर्व त्यो तालमा ।

(५)

नाच्थे छंछ्रम अप्सराहरु मिली आनन्द मानीकन ।
चारौं तर्फ उमङ्ग पूर्ण हुनगो पाई नयाँ जीवन ।
लागे वर्षन दिव्य पुष्प कलिका सर्वत्र आनन्द भो ।
ज्यादै स्वच्छ वने जलाशयहरू सारा दिशा गंकियो ।

(६)

त्यैं मौका ऋषि वृन्दले सहित भै व्रह्मा त्यहीं पाल्नुभो ।
जन्मे श्रीहरि सांख्य ज्ञान दिनमा भन्ने कुरा था थियो ।
पाए दर्शन बालरूप हरिको शोभा अनौठा थियो ।
हेरे आदर साथ बालछवि त्यो आनन्द ज्यादै भयो ।

(७)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारा याद थिया करामलकवत् उन्लाई विश्व—स्थिति
देखी त्यो अवतार दिव्य हरिको सन्तोष मानी अति ।
वोले कर्दमसाथ यस्तवरले अत्यन्त श्रद्धा लिँदै ।
चाहन्थे जुन कर्म गर्न भगवान् त्यल्लाइ टेवा दिँदै ।

(८)

गर्छौ कर्दम ! मान नित्य अरुको अत्यन्त सद्भावले
मेरो जो उपदेश पालन गऱ्यौ निष्कामना भावले ।
गर्नै पर्दछ चाकडी जनकको हो काम यै पुत्रको
जो आज्ञा भनि दंभ कत्ति नगरी पूरा गरोस् काम त्यो ।

(९)

प्यारा पुत्र! मरीचि आदि सव यी छन् भाग्यवान् सज्जन
यिन्को रूप स्वभाव औ स्थिति बुझी यिन्मै मिलाईकन ।
देऊ दान हरेकलाइ सव यी पुत्रीहरू प्रेमले
आफ्नो कीर्ति फिँजाउ विश्वभरमा यो दानको कर्मले ।

(१०)

जानेको छु समस्त मर्म, हरि नै माया लिई साथमा
जन्मे मानवरूपमा कपिलको ली मूर्ति संसारमा ।
पुत्री ! पङ्कज झैँ छ नेत्र जसको केशावली स्वर्णिम
जस्को पाउ छ पद्म अङ्कित सफा, अत्यन्त सर्वोत्तम ।

(११)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साक्षात् कैटभ—शत्रु विश्वपति नै यो मानवीरूपमा
तिम्रो कोख छिचोलि जन्मिन गए आश्चर्यका साथमा ।
फैलाईकन ज्ञान तोडि सवको अज्ञानको वन्धन
वन्नेछन् अति पूजनीय भवमा भैं ज्ञानले पावन ।

(१२)

काटी दुस्तर मोह—ग्रन्थि भवमा घुंलान् भई निर्भय
सांख्याचार्य र सिद्ध—वृन्दहरूका स्वामी हुनन् निश्चय ।
तिम्रो निर्मल कीर्ति उज्वल गरी आनन्दका साथमा
वन्नेछन् अति सिद्ध यी कपिलको ली नाम संसारमा ।

(१३)

दोटैलाइ बुझाइ यस्तवरले आनन्द ली चित्तमा
फर्के श्री सनकादिसाथ भगवान् व्रह्मा महान् धाममा ।
छाडे कर्दमनेर ती ऋषि सवै सन्तुष्ट मानीकन
सारालाइ गरे प्रसन्न मनले कन्याहरू अर्पण ।

(१४)

योगीराज मरीचि साथ उनले पुत्री कला सुंपिए ।
फेरी भैं मनमा प्रसन्न अनसूया अत्रिलाइ दिए ।
श्रद्धा लाइ गरी विवाह खुसभै श्री अङ्गिराले लगे ।
फेरी सन्त पुलस्त्यलाइ त हविर्भू नाम छोरी दिए ।

(१५)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोरी शान्ति दिए प्रसन्न मनले योगी अथर्वासित ।
जस्द्वारा हुनगो सवै मुलुकमा यज्ञादिको विस्तृत ।
पुत्री ख्याति र सन्तवर्य भृगुको अत्यन्त जोडी मिल्यो ।
फेरी श्रीक्रतुको क्रियासित वडो राम्रो विवाहा भयो ।
(१६)

योगीवर्य वशिष्ठलाइ उनले सन्तोष मानीकन
नारी—रत्न अरून्धती खुस भई गर्दा भए अर्पण ।
कन्यादान दिए प्रसन्न मनले ल्याएर छोरी 'गति'
पाई ती रमणी लगे पुलहले माया वढाई अति ।
(१७)

कन्यादान दिएर यस्तवरले सन्तोष मानीकन ।
श्रद्धासाथ गरे जुवाँइहरूको सत्कार औ पूजन ।
पाई स्वागत मान तुष्ठ हुनगै आनन्द ली चित्तमा ।
आफ्ना आश्रम तर्फ ती सब चले भार्या लिई साथमा ।
(१८)

देखी कर्दमले स्वयं हरि त्यहीँ आनन्द ज्यादै मिल्यो
एकान्त स्थलमा परी चरणमा गर्दा भए विन्ति यो ।
हुन्छन् दुःखित जो कुकर्महरूले भै लोकमा दुर्गति
धेरै काल विते पछिन् सुरहरू हुन्छन् खुसी त्यो प्रति ।
(१९)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्को दर्शन गर्न ध्यान—रत भै छाडेर आशा सवै
गर्छन् यत्न समाधिमा दृढ भई योगीहरू मग्न भै ।
संसार—स्थिति नित्य चल्छ जसको संकेतमा पूर्ण भै
त्यस्ता श्री जगदीश ईश्वर स्वयं जन्म्यौ यहाँ पुत्र भै ।

(२०)

गर्छौं पालन भक्त—वृन्दहरूको राख्छौ कुरा कायम ।
जन्म्यौ सांख्य-प्रचार गर्न भवमा ली रूप सर्वोत्तम ।
तिम्रो छैन स्वरूप चिन्ह तर जो सद्भक्त मान्छन् प्रिय
त्यस्तै रूप लिएर खेल भवमा गर्छौं गरी निश्चय ।

(२१)

तिम्रो निर्मल पाद—पीठ छ सदा जिज्ञासुको निंतिमा
ज्यादै पावन वन्दनीय, यहि हो सर्वोच्च संसारमा ।
वीर्य श्री यशकीर्ति ज्ञान र तथा वैराग्य ऐश्वर्य भो ।
यी सारा गुण पूर्ण छन् हजुरमा कंता छ के वातको ।

(२२)

छन् सारा वश शक्तिवृन्द, प्रभु नै हौ व्रह्म साक्षात् विभो!
माया जीव र काल, तीनथरको जो हो अहंकार त्यो ।
व्रह्मा, तत्व र लोक दिक्पतिहरू संपूर्णका रूपमा
हुन्छौ व्यक्त स्वयं वनी त्यहि सरी आश्चर्यका साथमा ।

(२३)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफैं फेरि सवै प्रपञ्चहरू यो चित् शक्तिद्वारा विभो !
गर्छौ लीन पछाडि आफुसित नै हुन्छौ तिमी एकलो ।
तस्मात् यी सब तत्व देखि पनि छौ टाढा वडो दुर्गम
नित्यै गर्दछु वन्दना चरणको जानेर सर्वोत्तम ।
(२४)

तिम्रो भै करुणा, तिरें ऋणहरू इच्छा सवै पूर्णभो
भै निर्द्वन्द्व म गर्छु चिन्तन सदा संन्यास ली नाथको ।
हौ हे नाथ ! तिमी सवै जगतको संमान्य सर्वोत्तम ।
आज्ञा पाउँ म जान्छु लोकन महान् संन्यासको आश्रम ।
(२५)

यस्तो विन्ति सुनेर, श्रीकपिलको सप्रेम आज्ञा भयो ।
सारा वेद र लोकका चलनमा देखिन्छ जो कर्म त्यो ।
मेरो उक्ति मिलेर नै भुवनमा मानिन्छ प्रामाणिक ।
जन्में त्यो प्रण सत्य गर्न म यहाँ ली रूप नैसर्गिक
(२६)

मोक्षार्थीहरूका निमित्त उपयोगी तत्व राम्रो छ जो ।
त्यस्कै निर्णय गर्नलाइ अहिले जन्में लिई रूप यो ।
ज्यादै सूक्ष्म छ ज्ञानमार्ग अगि देखिन् लोपिएको थियो
यस्कै गर्न प्रचार यो जगतमा औतार मेंरो भयो ।
(२७)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आज्ञा दिन्छु मुनीश ! जाउ वनमा आफ्ना क्रियामाफिक
सारा कर्म मलाइ अर्पण गरो मैमा वनी आशक ।
कब्जामा गरि मृत्यु दुर्जय सदा एकाग्र पारी मन
मोक्ष प्राप्ति निमित्त गर्नु मनमा मेरो सदा चिन्तन ।

(२८)

मै हूँ नित्य स्वयं प्रकाश सबमा मै बस्छु ढाकीकन
गर्छौ निर्मल बुद्धिले जब तिमी मेरो महान् दर्शन ।
सारा मोहहरू हटेर मनको आनन्दका साथमा
हौला निर्भय तत्वमा स्थित तिमी पूरा गडी ध्यानमा ।

(२९)

आमालाइ समेत दिन्छु बढिया सद्ज्ञान जल्ले उनी
होलिन् संसृतिबाट मुक्त सहसा अत्यन्त ज्ञानी बनी ।
यस्तो ज्ञान मिली परी चरणमा आनन्द मानीकन
बारंबार परिक्रमा गरि चले तोडी सबै बन्धन ।

(३०)

गर्दै संयम साथ शुद्ध मनले संन्यासको पालन
खाली श्रीहरिकै परे शरणमा श्रद्धा बढाईकन ।
त्यागी आश्रम अग्नि शुद्ध मनले संस्कारको जोडले
घुंथे भूतलभित्र निर्भय बनी निःसङ्गका भावले ।

(३१)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो हुन् कारण कार्य देखि परका जो छन् सदा निर्गुण
यस्तो भै पनि लाग्छ जो सगुण झैं जो तोड्दछन् वन्धन ।
हुन्छन् निर्मल भक्ति योगवलले प्रत्यक्ष जो ध्यानमा
त्यस्तो निर्मलब्रह्ममा मन सदा जोडे रही योगमा ।

(३२)

त्यागी नित्य घमण्ड मान ममता द्वन्द्वादि तोडी सव ।
देख्थे राखि समानभाव सवमा आत्मा प्रभा गौरव ।
सारा वृत्ति प्रशान्त निर्मल वन्यो भै ज्ञान अन्तर्मुख
लाग्थ्यो वीचि-विहीन सागर सरी उन्को छटा अद्भुत ।

(३३)

ज्यादै लीकन भक्ति एक हरिमा पारेर चित्त स्थिर
तोडे दु:खहरू सवै विषयको भै आफुमै निर्भर ।
आफूलाइ समस्त भूतहरुमा फेरी सवै भूतमा
गर्थे दर्शन नित्य शुद्ध हरिको सद् ज्ञान ली चित्तमा ।

(३४)

इच्छा द्वेष नराखि यस्तवरले सर्वत्र संपूर्णमा ।
राख्थे नित्य समानभाव सवमा आनन्दका भावमा ।
सच्चा निर्मल भक्ति संयुत भई तोडी सवै वन्धन
पाए निर्मल दिव्यधाम हरिको आनन्द—संवर्द्धन ।

(३५)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवहूतिको प्रश्न तथा भगवान् कपिलबाट भक्तियोगको महिमा वर्णन (५)

वोले शौनक हे गुरो ! कपिलजी साक्षात् अजन्मा भई
जन्मे सांख्य प्रचार गर्न भवमा माया सहारा लिई ।
गाथा धेर सुनीरहेछु हरिको अत्यन्त श्रद्धा गरी
त्यस्मै मग्नरहन्छ चित्त तर भो भन्दैन केही गरी ।

(१)

मायालाइ अँगालि भक्तहरुको इच्छा खुसी माफिक ।
नाना देह लिएर जो जति कुरा गर्छन् छ त्यै लायक ।
आज्ञा होस् हरिको चरित्र रसिलो जो सुन्नमा योग्य छ
श्रद्धा लाग्छ मलाइ त्यस्प्रति वडो त्यस्मै स्पृहा लाग्दछ ।

(२)

उन्को प्रस्न पवित्र सुन्दर थियो सद्भक्ति-संवर्द्धन
वोले सूत महानुभाव, मनमा आनन्द मानीकन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्यारा शौनकजी ! अगी विदुरले यै प्रश्न एकान्तमा
सोधे आत्मविचारको विषय ली मैत्रेयका साथमा ।
(३)

उन्को प्रश्न सुनेर हर्षित भई मैत्रेयले जो जति
आज्ञा भो सव त्यो वताउँछु यहाँ मैले सुनेको जति ।
वोले श्रीमुनिराज हे विदुरजी ! छाडी गृहस्थाश्रम
लागे जङ्गल तर्फ त्यागि सव त्यो जंजाल श्रीकर्दम ।
(४)

आमाको प्रिय काम गर्न भगवान् त्यै तीर्थमा वस्नुभो
नाना ज्ञान दिएर चित्त उनको सन्तोषले भर्नु भो ।
धेरै कर्महरू गरी कपिलजी वैराग्य ली चित्तमा
वस्थे शान्त भएर एकदिन त्यो देखेर एकान्तमा ।
(५)

वोलिन् गैकन देवहूति मनमा आनन्द मानी अति
व्रह्माको उपदेश याद हुनगो पैले सुनेको जति ।
व्रह्मन् ! दिक्क भएँ म इन्द्रिय पछी लागेर वेकारमा
यिन्कै कायममा परेर म फसेँ यो घोर मोहान्धमा ।
(६)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो जन्म परंपरा खतम भो पाई दया निर्मल
पाएँ नेत्र समान मोह—तममा, आभा दिने उज्वल ।
हौ स्वामी सवका अनादि भगवान्, मोहान्धमा भड्कने-
अज्ञानीहरुका निमित्त, रविझैं छौ ज्योति पूरा दिने ।

(७)

यी सारा विषयादि भित्र म तथा मेरोपना हुन्छ जो
हो तिम्रै करतूत त्यो पनि सवै प्रत्यक्ष नै हे विभो !
मेरो मोहहरू हटाउनुहओस् राखी दया वेसरी
यो संसार छ वृक्ष झैं अनि तिमी छौ वंचराको सरी ।

(८)

आएको छु बुझौं भनी पुरुष औ माया दुवै वस्तुको
सच्चा ज्ञान रहस्य, यो चरणमा राखेर आशा ठुलो ।
छौ अत्यन्त प्रवीण भागवतको सद्धर्ममा हे विभो !
श्रद्धा साथ म गर्छु वन्दन सदा त्यो पूज्य श्रीपादको ।

(९)

सोधिन् प्रेम गरेर यस्तवरले इच्छा गरी व्यक्त यो
उन्को प्रश्न पवित्र मोक्ष पथमा आनन्द भर्ने थियो ।
आमाको सुनी प्रश्न यो मनमनै उन्को प्रशंसा गरी
क्यै हाँसीकन भन्नुभो हृदयमा आनन्द मात्रा भरी ।

(१०)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो मुख्य विचारमा त जननी ! अध्यात्मको योग नै
हो आत्यन्तिक श्रेय साधन, सवै पाइन्छ यस्वाट नै ।
यल्ले हुन्छ निवृत्ति दुःख सुखको यस्मा छ आवश्यक
गर्दा योग रहोस् वडो चतुर भै जो विज्ञ छन् साधक ।
(११)

पैले नारद आदि सन्तहरूले इच्छा गरे सुन्न जो
जो जो वात भनें म गर्दछु यहाँ व्याख्या त्यही वातको ।
आमा ! वन्धन-मोक्ष कारण, दुवै हो आखिरी यै मन
ज्यादा आशक वन्नु नै विषयमा मानिन्छ त्यो बन्धन ।
(१२)

आत्मामा अनुरक्त भै रहनु नै हो हेतु कैवल्यको
आत्मामा जव हुन्छ लीन अनि त्यो हेलैं गरी मुक्त भो ।
जुन्वेला मन काम लोभहरूको वास्ता न ली वस्तछ
त्यस्वेला सम भावना र गतिमा सोझै पुगीहाल्दछ ।
(१३)

त्यल्ले देख्तछ शुद्ध ज्ञान र तथा वैराग्यले संयुत—
राम्रो निर्मल चित्तवाट सवमा आत्मा रहेको स्थित
ज्यादै सूक्ष्म स्वयं प्रकाश अनि जो निर्लेप चिद्रूप छ
त्यस्तो देख्तछ त्यो अनि प्रकृतिको वास्ता नली वस्तछ
(१४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योगी सज्जन निंति मोक्ष पदको लागी पर ब्रह्मको
राम्रो भक्ति समान छैन अरु क्यै आधार सच्चा ठुलो ।
भन्छन् सज्जन सन्त, सङ्ग र तथा आसक्तिको कारण
आत्मा निंति अकाटच बन्धन ठुलो मानिन्छ यै बन्धन ।

(१५)

किन्तु त्यै मुनि सज्जन प्रति भए त्यो नै महान् मोक्षको
ढोका वन्छ खुलखुला तवरको पर्दा खुली ज्ञानको ।
जो छन् सन्त तितिक्षु मेल सबमा राख्ने गुणी सज्जन
गर्छन् मान सदैव जो सुजनको जो वन्दछन् पावन ।

(१६)

गर्छन् प्रेम अनन्य भाव लिइ जो मै मा लगाई मन
त्यागछन् सर्व पदार्थ चित्त मसितै जोडेर जो सज्जन ।
मेरो चिन्तनमा परायण भई श्रद्धा वढाईकन
मेरो स्वच्छ कथा चरित्र मन दी जो गर्दछन् कीर्तन ।

(१७)

त्यस्ता सज्जनलाइ दुःख भयले संसारको तापले
क्यै गर्दैन विगार ढुक्क हुन गैं वस्छन् वडा मोजले ।
यस्ता सन्त तथा महापुरुष नै हुन्छन् वडो पावन
उन्कै सङ्गतमा भुलीकन रहे आसक्ति त्यागीकन ।

(१८)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सक्छन् टार्न समस्त बन्धन उनी आसक्ति द्वारा हुने
गर्छन् वर्णन ज्ञान भक्तिहरूको मैमा मिलाई दिने ।
त्यस्ता निर्मल सन्तको गरि सदा आराधना सेवन
श्रद्धा प्रेम र भक्ति वृद्धि हुनगै पाइन्छ सच्चा धन ।

(१९)

मेरो दिव्य चरित्र चिन्तन गरी मिल्ने महान् भक्तिको–
द्वारा यो दुइ लोकमै विरति भै आशा नली भोगको ।
गर्छन् निर्मल भक्ति साधन गरी पन्छाइ बाधा भय
जोड्छन् चित्त त्यहीँ समाहित भई गर्दै मनो निग्रह ।

(२०)

माया निर्मित यी सवै विषयमा आसक्ति त्यागीकन
नाना योग क्रिया र भक्तिवलले मेरै गरी चिन्तन ।
त्यस्मै मग्न भएर भुल्दछ सदा आनन्दको तानमा
मेरो पाउँछ दिव्य दर्शन महान् त्यल्ले यही देहमा ।

(२१)

यस्तो निर्मल ज्ञान पाइ उनले फेरी गरिन् विन्ति यो
तिम्रो निर्मल भक्ति जोछ त्यसको सत्यार्थ के रूप हो ।
मेरा सदृश ज्ञानहीन अवलाका निंति राम्रो छ के ?
आज्ञाहोस् सव त्यो खुलाइ, भगवन्! हो सत्य तात्पर्य के?

(२२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्कै चिन्तन गर्छु नित्य मन दी तोडेर सारा भ्रम
जस्द्वारा सहजै म पाउँ भगवन् ! निर्वाण सर्वोत्तम ।
जल्ले लीन गराइ दिन्छ हरिमा जो वाण झैँ तीक्ष्णछ
आज्ञा भो जुन योग ज्ञानमय त्यो कस्तो छ के रूप छ ।

(२३)

त्यस्काछन् कति अङ्ग त्यो सव कुरा आज्ञाहओस्, अच्युत!
हुं स्त्रीजाति परन्तु संझन सकुँ त्यल्लाइ राम्रो सित ।
कल्ले दिन्छ मलाइ ज्ञान वढिया तिम्रा सिवा हे विभो !
जस्द्वारा भ्रम ग्रन्थि तोडि मनको भागी वनूँ मोक्षको ।

(२४)

जस्को कोख छिचोलि ईश्वर स्वयं पैदा भएका थिए
माताको अभिप्राय जानिकन त्यो आज्ञा भयो प्रेमले ।
जल्ले गर्दछ तत्व निर्णय सवै त्यो साँचिलो सांख्यको
व्याख्या गर्नुभयो प्रसन्न मनले अत्यन्त राम्रो छ जो ।

(२५)

जस्को लाग्दछ चित्त एक हरिमा अत्यन्त आसक्त भै
त्यस्ता सज्जनका निमित्त श्रुतिमा देखिन्छ जो कर्म त्यै
राम्रो सङ्ग गरेर भक्ति हरिमा जो वढ्छ स्वाभाविक
त्यै हो भक्ति अहैतुकी गुणदिने, आमा ! वडो लायक ।

(२६)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्यादै श्रेष्ठ छ मुक्ति देखि पनि यो देहाग्नि जस्तो गरी
सारा अन्न पचाइदिन्छ सहजै यो भक्ति त्यस्तै गरी ।
संस्कारालय लिङ्ग देह सहजै स्वाहा गरी छाड्दछ
जस्मा जीव स्वयं प्रकाश हुन गै आनन्दमा चढ्दछ ।
(२७)

मैलाई खुस पार्न कर्म जसले आसक्त भै गर्दछ
मेरो श्रीपद युग्म पूजन गरी जो भक्तिमा डुब्दछ ।
त्यस्ता सज्जन भक्त आपस मिली गर्छन् सदा कीर्तन
मोक्ष प्राप्त हओस् परन्तु त्यसमा जाँदैन उन्को मन ।
(२८)

गर्छन् दर्शन दिव्य तेजमय त्यो मेरो महान् रूपको
त्यस्मै मुग्ध भई सदा रहँदछन् वास्ता नली कर्मको ।
ज्यादै प्रेम वढाइ सुन्दर कुरा गर्छन् सदा मैसित
जो देखेर वडे वडे मुनिहरू वन्छन् वडो मोहित ।
(२९)

मेरो हास विलासमा र महती त्यो नेत्रको तालमा
मेरा स्वच्छ हरेक अङ्गहरूमा मीठो सफा वोलमा ।
सारा इन्द्रिय चित्त तन्मय गरी हुन्छन् त्यहीँ आशक
गर्दैनन् मनभित्र मुक्तिपदको आशा बुझी वाधक ।
(३०)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किन्तु त्यो शुभभक्तिवाट सहजै अज्ञान तोडी सव
जोडी दिन्छ वलै गरीकन महान् सायुज्यमा वास्तव ।
राख्तैनन् परवाह किन्तु उनले वैकुण्ठ पाए पनि ।
किंवा सिद्धि समस्तनै खचित हुन् त्यस्तर्फ लोभी वनी ।

(३१)

हेर्दैनन् मनभित्र राखि ममता भैं भक्तिले पूरित
हुन्छन् प्राप्त परन्तु भोग सव यी ती सन्तसाथ स्वतः
स्वामी पुत्र र मित्र वान्धव सुहृद् आत्मा तथा देवता
मैलाई बुझि गर्दछन् स्मरण जो मेरो सदा सर्वदा

(३२)

लिन्छन् आश्रय जो सदा उनिहरू वैकुण्ठमा गैकन
गर्छन् भोग अनेक दिव्य सुखको गर्दै मनोरञ्जन ।
माताजी ! दुइ तर्फ साथ रहने यो वासना पूरित
मिथ्या लिङ्ग शरीरलाइ र तथा यो देहसाथ स्थित ।

(३३)

पैसा गेह र द्रव्य आदि सवको संवन्ध तोडीकन
मेरो गर्दछ जो अनन्य मनले श्रद्धा गरी चिन्तन ।
तार्छु त्यस्कन मृत्युरूप गहिरो लोकाब्धिको पार म
फेरी जन्म लिँदैन पाइ गति त्यो अत्यन्त सर्वोत्तम ।

(३४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माया--पूरुषको म हुं प्रभु तथा मै हूँ महान् ईश्वर
आत्मा हूं सव भूतको सव कुरा मै साथ छन् निर्भर
कल्ले सक्तछ मृत्युरूप भयको आपत्ति मेटाउन।
सक्तैनन् अरुले प्रपञ्च सव यो मै गर्छु सञ्चालन।

(३५)

मेरै ली डर वायु चल्दछ सदा घुंछन् डराई रवि
वर्षा गर्दछ मेघ पोल्दछ सदा आगो कडा ली गति
आफ्नो काम नछाडि मृत्यु सवको स्वाहागरी वढ्दछ
मेरो आड नपाइ वा डर नली को लोकमा टिक्तछ।

(३६)

सच्चा ज्ञान विरागयुक्त रसिलो सद्भक्तिको आडली
मेरै आश्रयमा सदा रहंदछन् ज्ञानीहरू चाखली।
यै हो मुख्य र मान्य विश्वभरमा कल्याणको साधन
मैमा चित्त लगाइ निश्चल रहोस् आनन्द मानीकन।

(३७)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महदादि भिन्न भिन्न तत्वहरूको उत्पत्ति वर्णन अध्याय (६)

आमा ! यो अति राम्रो छ सुन्नुहोस् मन दीकन ।
संपूर्ण तत्वको भिन्ना भिन्नै गर्दछु वर्णन ।१।
सम्यक्प्रकारले यस्को भेद जानेर मानिस ।
छुट्छ प्रकृतिको फन्दावाट पर्दैन त्यो वश ।२।

हो आत्मदर्शन ज्ञान, जीवको मोक्षकारण ।
त्यसैद्वारा अहंरूप गर्छ हृद्ग्रन्थि छेदन ।३।
गर्दछन् तत्व जानेर यस्को वर्णन सज्जन ।
जननी त्यसको सारा खोलेर गर्छु वर्णन ।४।

जस्को अस्तित्व पाएर विश्व बन्छ प्रकाशित ।
जल्ले छ यो जगत् व्याप्त आत्माहो त्यहि शाश्वत ।५।
स्वयं प्रकाश त्यो आत्मा अनादि गुणहीन छ ।
अन्तस्करणको भित्र जो सदाकाल फुर्दछ ।६।

स्वतः प्राप्त भएको त्यो अव्यक्त गुण पूरित ।
मायालाइ उनी गर्छन् स्वीकार सहजैसित ।७।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखि प्रकृतिको नाना गुण संयुक्त सिर्जन ।
मायाको शक्तिले त्यस्मा भइ मुग्ध भुलीकन ।८।

आफ्नोपनको त्यस्मा अध्यास हुन गैकन ।
सारा प्रपञ्चको आफैं कर्ता ठान्छ भुलीकन ।९।
अकर्ता सबका साक्षी स्वाधीन परमेश्वर ।
यै अहंभावले गर्दा पाएर दुःख दुस्तर ।१०।

पराधीन भई जन्म मृत्युको उग्रचक्रमा ।
घुमीरहन्छ सर्वत्र जेलिंदै मोहजालमा ।११।
कार्य कारण रूपी त्यो शरीर इन्द्रियादिक ।
कर्ता स्वरूप यी जो छन् देवता इन्द्रियाधिप ।१२।

यिनमा गर्छ त्यो आफ्नो आरोप जड भैकन ।
मान्दछन् विज्ञ त्यल्लाई सच्चा प्रकृति कारण ।१३।
छ मायापर त्यो किन्तु त्यस्मै वस्छ भुलीकन ।
मानिन्छ त्यसलाई नै संपूर्ण भोगकारण ।१४।

भोक्तृत्व र तथा कार्यत्वादि ती गुण यद्यपि ।
हुन् दंभगत नै सारा परन्तु हुन्छ जो जति ।१५।
विकार जडमै हुन्छ यल्ले कार्यत्व आदिमा ।
उपाधिकै सदा हुन्छ प्राधान्य हरकालमा ।१६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सक्छ चेतनमै वस्न भोक्तृत्व यसकारण ।
मानिन्छ जननी ! यस्मा प्रधान एक चेतन ।१७।
यस्तो शिक्षा सुनी फेरी गरिन् सुन्दर प्रश्न यो ।
अध्यात्मपथमा उन्को बुद्धि ज्यादै सफाथियो ।१८।

स्थूल सूक्ष्म जगत् जस्को कार्य हो, पुरुषोत्तम !
तथा जो यसका फेरी हुन् आफैँ मुख्य कारण ।१९।
त्यही प्रकृतिको चिन्ह तथा पुरुष लक्षण ।
गर्नुहोस् यिनको सारा भेद खोलेर वर्णन ।२०।

आमा ! सुन्नुहओस् जो छ अव्यक्त त्रिगुणात्मक ।
कार्य कारणको रूप निर्विशेष भई स्वतः ।२१।
संपूर्ण धर्मको वन्छ जो सदा अवलम्बन ।
भन्छन् प्रकृति त्यल्लाई जोछ श्रेष्ठ चिरन्तन ।२२।

पाँचभूत र तन्मात्रा अन्तःकरण चारभो ।
दस इन्द्रिय जोडेर जम्मा चौवीस तत्वको ।२३।
समूहलाइ नै भन्छन् सांख्यवेत्ता गुणी जन ।
सवै प्रकृतिको कार्य व्रह्मरूप भनीकन ।२४।

भू-तेज, जल, आकाश, वायु, यी पाँचभूत हुन् ।
गन्ध, रूप, रस, स्पर्श, शब्द, तन्मात्र भन्दछन् ।२५।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रोत्र, चक्षु, त्वचा, जिभ्रो,वाक्,पाणि,पाद,नासिका ।
उपस्थ,पायु यी सारा हुन् दशेन्द्रिय नामका ।२६।

मन बुद्धि तथा चित्त अहंकार हरेकमा ।
अन्तःकरण यौटा नै वन्छ नाना स्वरूपमा ।२७।
संकल्प अनि विश्वास चिन्ता दंभ भई स्वतः ।
चार प्रकारका वृत्तिद्वारा त्यो हून्छ लक्षित ।२८।

एवं प्रकार ज्ञानीले शुद्ध सगुण ब्रह्मको ।
निवेश स्थान हो भन्छन् चौवीस तत्ववृन्द यो ।२९।
यिन्का सिवाय छुट्टा नै भएर वस्छ काल जो ।
त्यो समेत यहीँ मिल्छ त्यही पच्चीस तत्व हो ।३०।

कसैले भन्दछन् काल तथा पुरुष एक हो ।
गर्ने संहार साराको त्यहो ईश्वर-शक्ति हो ।३१।
एतदर्थ गरी मिथ्या घमण्डै देह आदिमा ।
आफैँलाई सदा कर्ता ठान्ने यो जीव अन्तमा ।३२।

भुली विषय फन्दामा त्यसकै साथ फस्तछ ।
आफुलाइ भुली आफैँ कालदेखि डराउँछ ।३३।
जसको प्रेरणावाट गुण—संघात रूपक ।
मायामा गति जो हुन्छ उत्पन्न त्यहि वास्तव ।३४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो साक्षात् भगवान् कालत्यै हो पुरुष शास्वत ।
गर्दछन् यसको व्याख्या यथार्थसित पण्डित ।३५।
एवं प्रकार जो मायाद्वारा संपूर्ण भूतमा ।
वस्तछन् जीव भै भिन्न मिलेर सव साथमा ।३६।
वाहिरी सबमा व्याप्त हुन्छन् काल भएर जो ।
स्वयं तो भगवान् व्रह्म मिल्दा पच्चीस तत्व भो ।३७।
परम-प्रभुले सारा जीवका निंति क्षोभमा ।
भएकी प्राप्त मायामा अदृष्ट–शक्ति साथमा ।३८।
गरे स्थापित चैतन्य शक्ति–वीर्य गुणात्मक ।
भयो जस्मा महत्तत्व तेजोमय समुद्भव ।३९।
लय विक्षेपले हीन विश्व अंकुर रूप त्यो—
तत्वले, आफुमा लिप्त भएको सव विश्व यो ।४०।
छर्लङ्ग पार्नका लागी अन्धकार भयंकर ।
आफनै तेजले सारा निल्यो भै अति दुर्द्धर ।४१।
चतुर्व्यूह क्रिया सारा प्रसङ्गवश वर्णन ।
यथार्थ गर्दछु, आमा ! सुन्नुहोस् मन दीकन ।४२।
शान्त सत्वमय व्रह्म प्राप्ति गर्ने छ चित्त जो ।
भन्छन् त्यै हो महत्तत्व त्यहि नै वासुदेव हो ।४३।
जस्तै कि जलको पूर्वरूप स्वच्छ र शीतल ।
हुन्छ अत्यन्त स्वादिष्ठ रसिलो अति निर्मल ।४४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तै प्रकारको हुन्छ चित्तको पनि लक्षण ।
शान्तत्व अविकारित्व स्वच्छत्व गुण भैकन, ।४५।
त्यस्पछि ब्रह्मको वीर्यरूप चित् शक्तिवाट जो ।
भयो सृष्टि महत्तत्व त्यो भै विकृत रूपको ।४६।
अहंकार भयो सृष्टि क्रियाशक्ति प्रधान भै ।
यो तीनथरि देखिन्छ गुणकर्म विभिन्न भै ।४७।
क्रमश: जान्नु यो वैकारिक राजस तामस ।
त्यस्वाट सृष्टि भो पाँचभूत चित्त र इन्द्रिय ।४८।
त्यो अहंकारकै नाम हजार मुख संयुत ।
संकर्षण भनी भन्छन् तत्व जानेर पण्डित ।४९।
देवता रूपले यस्को कर्तृत्व हुन्छ लक्षण ।
कारणत्व यही हुन्छ इन्द्रियादि भईकन ।५०।
यहि नै हुन्छ कार्यत्व पञ्चभूत स्वरूपले ।
शान्त घोर तथा मूढ यै हुन्छ गुण सङ्गले ।५१।
वैकारिक अहंकार विग्रेर मन सृष्टि भो ।
हुन्छ उत्पन्न जस्वाट संकल्प भाँतिभाँतिको ।५२।
हो यै इन्द्रियको नेता अनिरुद्ध भनीकन ।
कहिन्छ यसको नाम गर्छन् चिन्तन सज्जन ।५३।
शरत्कालीन नीलाब्ज तुल्य यिन्को सदा दिन ।
पर्दछन् बुद्धिमान् सेवा राखी कायममा मन ।५४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भई तैजसमा कालक्रमले फेरि विकृत ।
पैदा भयो त्यहीँबाट बुद्धितत्व मजासित ।५५।

वन्ने इन्द्रियको भित्र जान्ने स्फुरण वस्तुको ।
पदार्थको दिने सच्चा ज्ञान हो कार्य बुद्धिको ।५६।

वृत्तिको भेदले गर्दा विपर्यय र संशय ।
निद्रा र स्मृति विश्वास यस्कै लक्षणहुन् सव ।५७।

यो बुद्धि-तत्व कै नाम भन्छन् प्रद्युम्न सज्जन ।
यसकै कार्य हुन् फेरी सारा इन्द्रियका गण ।५८।

कर्म ज्ञानहरूबाट देखिन्छ दुइ भेद यो ।
कर्म हो प्राणको शक्ति ज्ञानको शक्ति बुद्धि हो ।५९।

चित्शक्ति प्रेरणावाट भई तामस विकृत ।
शव्द तन्मात्रको प्रादुर्भाव भो सहजै सित ।६०।

त्यो शव्ददेखि आकाश पैदा भो अनि शव्दको ।
गराउने सदा ज्ञान श्रोत्रेन्द्रिय तयार भो ।६१।

अर्थलाइ मजासाथ प्रकाशित गरी दिने ।
जहाँ भए पनी वक्तालाई वोध गराउने ।६२।

आकाशको हुने सूक्ष्म रूप इत्यादि यी गुण ।
ज्ञानीका मतमा, आमा! मानिन्छन् शव्द लक्षण ।६३।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सवैलाइ दिने स्थान सवैको भित्र वाहिर ।
एकाकार भई वस्ने आफैँमा भइ निर्भर ।६४।

अवलम्व सदा वन्ने मन इन्द्रिय प्राणको ।
हुन् यी वृत्तिहरू सारा पूर्ण—लक्षण व्योमको ।६५।

शव्द तन्मात्रको कार्य आकाश भइ विकृत ।
स्पर्श तन्मात्र भो जस्मा भो वायु त्यँहि उद्भव ।६६।

त्वचा उत्पन्न भो फेरी स्पर्शको वोध गर्छ जो ।
कडा, नरम, औ चीसो तातो र अनि वायुको ।६७।

सूक्ष्म रूप हुने सारा मानिन्छन् स्पर्श लक्षण ।
हल्लाउने ठुलासाना वृक्षशाखा अनेकन ।६८।

तृणादिलाइ एकत्र गर्ने सर्वत्र वेगले ।
नाना गन्धादि सामान नाकनेर पुऱ्याउने ।६९।

एवं प्रकारले शव्दलाई कर्ण—समीपमा ।
यथार्थसाथ लैजाने संपूर्ण स्पष्ट रूपमा ।७०।

इन्द्रियादि सवैलाई कार्यशक्ति दिने अति ।
यिनै हुन् वायुका सारा वृत्तिका चिन्ह औ गति ।७१।

पैदा भो रूप तन्मात्र वायु भै अनि विकृत ।
त्यस्वाट तेज औ साथै भो नेत्रेन्द्रिय उद्भव ।७२।

संपूर्ण वस्तुको चेष्टा रूपवोध गराउने ।
त्यसकै गुण औ रूप जस्तै भैकन निक्लने ।७३।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यवस्था सबको राख्ने परिमाणादि रूपमा ।
स्वरूप भूत भै जाने तेजका गुण हुन् मुमा ! ।७४।

जाडो हटाउने भोक प्यास पैदा गराउने ।
क्षुत् प्यास निति‌मा अन्न जल पैदा गराउने ।७५।

पकाउने तथा सोस्ने गर्ने कान्ति समुद्भव ।
तेजका वृत्ति मानिन्छन्, जननी ! यी कुरा सब ।७६।

रसतन्मात्र पैदा भो विकार भइ तेजमा ।
त्यस्बाट सृष्टि भो पानी रसनेन्द्रिय अन्तमा ।७७।

आफ्नो स्वरूपमा नित्य रसका गुण एक छ ।
अन्य—संसर्गले गर्दा अनेकौँ भाँति बन्दछ ।७८।

अमिलो, नुनिलो, पीरो, तीतो, टर्रो, कडापन ।
गुलियो, स्वादिलो, यस्ता छन् कैयौँ थरि लक्षण ।७९।

गीलो बनाउनु माटो पिण्डाकार बनाउनु ।
ज्यूँदो राख्नु तथा लुप्त गर्नु प्यास हटाउनु ।८०।

ताप हर्नु तथा कूपादिमा जल भराउनु ।
जलका वृत्ति हुन् सारा वस्तु मृदु बनाउनु ।८१।

जल विकृत भै निक्ल्यो गन्ध तन्मात्र अन्तमा ।
निक्ल्यो पृथ्वी त्यहीँ निक्ल्यो घ्राण इन्द्रियसाथमा ।८२।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनता गन्ध यौटै हो तर संसर्ग दोषले ।
विभिन्न रूप ढाँचामा देखिन्छ गुण सङ्गले ।८३।
मीठो सुगन्ध दुर्गन्ध तीव्र अम्ल र कोमल ।
अनेक भाँतिको वन्छ पाई संसर्गको वल ।८४।
व्रह्मको भावना वन्नु प्रतिमादि स्वरूपमा ।
आफ्नै आधारमा नित्य रहने सानसाथमा ।८५।

जलादि वस्तु साराको अवलम्ब सदा हुने ।
घटाकाश मठाकाश भेद सिद्ध गराउने ।८६।
पुरुषत्व तथा स्त्रीत्व व्यक्त गर्ने सवै गुण ।
हुन् यी संपूर्ण पृथ्वीका कार्यरूप र लक्षण ।८७।
जस्को विषय हो शव्द त्यहिं हो श्रोत्र इन्द्रिय ।
स्पर्श हो जसको वस्तु त्यहि हो चर्म इन्द्रिय ।८८।
नेत्र इन्द्रिय हो त्यस्को जस्को विषय तेज हो ।
रसनेन्द्रिय नै त्यै हो रस जस्को पदार्थ हो ।८९।
जस्को विषय हो गन्ध घ्राणन्द्रिय कहिन्छ त्यो ।
एवं प्रकारले जान्नु व्यवस्था सव वस्तुको ।९०।
पञ्चभूतहरू भित्र मिलेर कार्य कारण ।
देखिन्छ त्यैं सरी त्यसमा अभ्युत्थान निजी गुण ।९१।
यसैले भूत साराको छन् शव्दादिक जो गुण ।
पाइन्छ पृथिवीमा नै मिलेर सव लक्षण ।९२।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महत्तत्व अहंकार पञ्चभूत समस्त यी ।
असमर्थ भए विश्व रच्नलाई पृथक् भई ।९३।

अव्यवस्थित भो सारा यत्न सत्ता नभैकन ।
यो देखि व्रह्मले जो छन् जगत्का आदिकारण ।९४।

अदृष्ट काल सत्वादि गुण लीकन साथमा ।
गरे प्रवेश स्वेच्छाले चेतना दी समस्तमा ।९५।

व्रह्म प्रवेशले क्षुब्ध भएर सव तत्वको ।
समष्टि शक्तिकाद्वारा यौटा अण्ड खडा भयो ।९६।

विराट् पुरुष उत्पन्न भयो त्यस्वाट अद्भुत ।
विशेष यसको नाम रह्यो भै अति विस्तृत ।९७।

चौतर्फीवाट यल्लाइ क्रमशः एक एकले ।
दस दोवर संख्यामा ढाकेको छ अचम्मले ।९८।

पहिलो जल त्यस्बाट आगो त्यस्पछि वायु भो ।
आकाश र अहंकार महत्तत्व छ वस्तुको ।९९।

पर्दाले घेरिराखेको हुन्छ यल्लाइ हर्दम ।
सातौँ प्रकृतिको पर्दा हो सवैभित्र अन्तिम ।१००।

जलस्थित महान् अण्डवाट जागा भईकन ।
पसे फेरि त्यसै भित्र विराट् पुरुष चेतन ।१०१।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कैयौँ प्रकारका छिद्र रचे त्यस्मा क्रमैसित ।
सवैभन्दा भयो पैला मुख व्यक्त मजासित ।१०२।

त्यसवाट भयो फेरी वाक् इन्द्रिय समुद्भव ।
अग्नि पैदा भए त्यस्का अधिष्ठाता भई तव ।१०३।

भो व्यक्त नाकमा छिद्र पश्चात् भो घ्राणसिर्जन ।
वायु पैदा भए फेरी अधिष्ठाता भईकन ।१०४।

भयो प्रकट तत्पश्चात् त्यसमा नेत्र गोलक ।
चक्षु इन्द्रियका साथ भए आदित्य उद्भव ।१०५।

निक्लियो कानमा छिद्र श्रोत्र इन्द्रिय साथमा ।
दिग्देवता भए व्यक्त त्यसकैसाथ अन्तमा ।१०६।

विराट् पुरुषको फेरि त्वचा इन्द्रिय सृष्टि भो ।
दाह्री जूँगा तथा केश रऊँ त्यस्वाट व्यक्त भो ।१०७।

त्यस्वाट त्यसको मुख्य अधिष्ठाता स्वरूपमा ।
भयो ओषधि उत्पन्न नाना अन्नादि रूपमा ।१०८।

गुदा प्रकट भो त्यस्मा अपान वायु निक्लियो ।
तत्पश्चात् त्यसको स्वामी मृत्युदेव खडा भयो ।१०९।

पश्चात् हात दुई निक्ल्यो त्यस्वाट बल सृष्टिभो ।
त्यसकै साथमा फेरी सृष्टिभो इन्द्रदेवको ।११०।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पश्चात् प्रकट भो लिङ्ग त्यस्वाट वीर्य निक्लियो ।
आयो देव भयो पैदा स्वामी भैकन लिङ्गको ।१११।
फेरी पाउ भयो पैदा त्यस्वाट गति सृष्टि भो ।
भयो उत्पन्न त्यस्वाट स्वामी भै विष्णुदेवको ।११२।
एवं प्रकारले नाडी भए प्रकट कैयन ।
निक्ल्यो रगत त्यस्वाट नदी निक्ले अनेकन ।११३।
भयो उदर उत्पन्न क्षुत् तृषा अभिव्यक्ति भो ।
स्वामी भै त्यसको फेरी भयो सृष्टि समुद्रको ।११४।
पश्चात् हृदय भो व्यक्त त्यस्वाट मन सृष्टि भो ।
त्यसवाट भयो फेरी उत्पत्ति चन्द्रदेवको ।११५।
हृदयैवाट यी सारा भए व्यक्त क्रमैसित ।
बुद्धि दंभ तथा चित्त आआफ्ना गुण माफिक ।११६।
निक्ले क्रमश: त्यस्वाट व्रह्मा र रुद्रदेवता ।
क्षेत्रज्ञ, यी सवै स्वामी भई लीकन योग्यता ।११७।

एवं रीत्या भए सारा उत्पन्न देवता गण ।
सकेनन् क्यैगरी तिन्ले विराट्लाइ उठाउन ।११८।
विराट् पुरुषको चेष्टा जगाउन भनी सव ।
पसे क्रमश आआफ्ना उत्पत्ति स्थानमा तव ।११९।
अग्निले शव्दकासाथ मुखभित्र पसे, तर—
उठेनन् यसकाद्वारा त्यो विराट्रूप ईश्वर ।११०।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घ्राणेन्द्रिय लिई वायु पस्तो भो नाक छिद्रमा ।
सूर्यले चक्षुका साथै पसे नेत्र प्रदेशमा ।१२१।
दिग्देवता पसे श्रोत्रेन्द्रियकासाथ कानमा ।
पसे ओषधिले फेरी रउँका साथ चर्ममा ।१२२।
जलले वीर्यका साथ पस्तो भो अनि लिङ्गमा ।
पस्यो मृत्यु गुदाभित्र अपान लिइ साथमा ।१२३।
इन्द्रले वलकासाथ विष्णुले गति साथमा ।
गरे प्रवेश दोटैले क्रमशः हात पाउमा ।१२४।
नाडी भित्र पसे सारा नदी रुधिर साथमा ।
क्षुत्पिपासा लिई साथ पस्यो सागर पेटमा ।१२५।
पसे हृदयमा चन्द्र मनसाथ लिईकन ।
सकेनन् तर त्यल्लाइ यी कुनैले उठाउन ।१२६।
व्रह्माले बुद्धिकासाथ रुद्रले दंभसाथमा ।
पसे युक्ति पुऱ्याएर विराट्को हृत्प्रदेशमा ।१२७।
तर उठ्न सकेनन् ती विराट् पुरुष, अन्तमा ।
पसे क्षेत्रज्ञ नै त्यस्मा लिएर चित्त साथमा ।१२८।
क्षेत्रज्ञ त्यसमा पस्नासाथ पाएर चेतन ।
विराट् पुरुष त्यो पानो देखि जागे उठीकन ।१२९।
प्राणेन्द्रिय तथा चित्त मन बुद्धि समस्तको ।
अधिनायक क्षेत्रज्ञ विना निंद्रित जीवको ।१३०।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चेतना भर्न सक्तैन अरूवाट जसो गरी ।
सकेनन् त्यो विराट्लाइ उठाउन त्यही सरी ।१३१।

भक्ति वैराग्य विज्ञानद्वारा आत्मस्वरूप त्यो ।
क्षेत्रज्ञको गरी सच्चा विश्वास त्यहि रूपको ।१३२।

योग—संस्कृत प्रज्ञाले गडेर यँ शरीरमा ।
गर्नुपर्छ सदाकाल यसको ध्यान चित्तमा ।१३३।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकृति–पुरूषको विवेकवाट मोक्ष–प्राप्तिको वर्णन, अध्याय (७)

जल–विम्वित त्यो सूर्यसाथ, आमा ! जसो गरो ।
जलको गुणले छुन्न कहिले पनि त्यैसरी ।१।

सारा प्रकृतिको कार्य रहन्छ यदि देहमा ।
तर आत्मा छ त्यस्वाट सदा अलग रूपमा ।२।

सुख दुःखादिमा लिप्त हुँदैन त्यो स्वतंत्र छ ।
अकर्ता गुणले हीन विकारवाट मुक्त छ ।३।

तर अज्ञानले छोपी भई विषयमा रत ।
त्यसैमा जोड्छ त्यो फेरी आफ्नो सम्बन्ध पूर्णतः ।४।

अनि भ्रम भई आफैं कर्ता हूं भनी ठान्दछ ।
सुख दुःखादिको भागी वनेर त्यहिँ फस्तछ ।५।

त्यै अहंकारले गर्दा यो देहवाट जो जति ।
पुण्य पापहरू हुन्छ भइ त्यै सरह स्थिति ।६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शान्ति स्वाधीनता सारा त्यसैसाथ गुमाउँछ ।
अनेकौं योनिमा जन्मी संसार भित्र घुंदछ ।७।

जस्तै कि स्वप्नमा शोक भय छैन कुनै तर ।
आस्था राखी त्यसै साथ कष्ट भोग्छ बरावर ।८।

त्यस्तै संसारको सत्ता क्यै छैन तर व्यर्थमा ।
गरी विषयको चिन्ता छुट्‌दैन जन्म मृत्युमा ।९।

कल्याणार्थीहरूलाई यही छ मार्ग उत्तम ।
भक्ति वैराग्यकाद्वारा गराओस् चित्त कायम ।१०।

यमादि साधनाद्वारा गरी अभ्यास हर्दम ।
सच्चाभाव ममा राखी मेरो लीला मनोरम ।११।

सुन्नाले प्रेम ली ज्यादा, प्राणी संपूर्ण साथमा ।
समानभाव राख्नाले एकै संझेर चित्तामा ।१२।

आसक्ति त्यागले व्रह्मचर्यले मौन कर्मले ।
ईश्वरार्पण ली भाव गरिने कर्म आदिले ।१३।

भई शुद्ध स्थिति त्यस्को यस्तो हालत वन्दछ ।
प्रारव्धको भरोसा ली निश्चित भइ वस्तछ ।१४।

गर्छ भोजन तौलेर सदा एकान्त खोज्दछ ।
सवैका साथमा मैत्री भाव राखेर चल्दछ ।१५।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाघेर बुद्धिको सीमा रहन्छ अलगै वनी ।
परमात्मा सिवा त्यल्ले देख्तैन अरू क्यै पनि ।१६।

नेत्रले सूर्य देखे झैं आत्मदर्शी गुणज्ञ त्यो ।
अन्तःकरणकाद्वारा गरी दर्शन व्रह्मको ।१७।

अद्वितीय महान् व्रह्मपद पाउँछ आखिर ।
जो छ देहादि सम्पूर्ण उपाधि—देखिको पर ।१८।

मायाधीश्वर मिथ्यामा सत्य झैं भावना हुने ।
महद् आदि सवै कार्य वर्गमा चेतना दिने ।१९।

कार्यकारण संपूर्ण वस्तुमा भइ व्यापक ।
रहन्छ जो सदाकाल भएर व्यावहारिक ।२०।

भित्तामा चंकिएको यो आफ्नो आभासले गरी ।
देखिन्छ सूर्यको विम्व जलभित्र जसो गरी ।२१।

जलमा स्थित त्यो विम्वद्वारा आकाशमा स्थित ।
सूर्यको सहजै पत्ता लाग्छ प्रत्यक्ष भै स्वतः ।२२।

एवं प्रकारले वैकारिक आदि स्वरूपले ।
तीन प्रकारको जो छ अहंकार विचारले ।२३।

भूत इन्द्रिय औ चित्तारूप आभासले गरी ।
जानिन्छ स्पष्टतः यिन्को रूप लक्षण त्यैसरी ।२४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्पश्चात् परमात्माको आभास—युक्त भैकन ।
जानिन्छ त्यो अहंकार—देखि आनन्द चेतन ।२५।

सुषुप्तिमा सवै सूक्ष्मभूत इन्द्रिय औ मन ।
भै अव्याकृतमा लीन रहन्न केहि कारण ।२६।

जागो हुन्छ स्वयं आत्मा जो सदा नित्य-रूप छ ।
साक्षि स्वरूप सर्वात्मा जो अहंकार—शून्य छ ।२७।

जाग्रत्समयमा आत्मा सूक्ष्म दृश्यादि वर्गमा ।
द्रष्टा स्वरूपले स्पष्टै थाहुन्छ अनुमानमा ।२८।

सुषुप्तिमा त्यही आफ्नो उपाधि मूल कारण ।
अहंकार भई नाश त्यसैले भ्रम भैकन ।२९।

आफैँलाई पनि नष्ट भएको ठान्छ मोह भैं ।
धननाश हुँदा जस्तो दुःखी वन्छ उदास भैं ।३०।

त्यो पनि त्यसरी ज्यादै मोह ग्रस्त भईकन ।
नष्टवत् त्यसको हुन्छ दशा विवश भैकन ।३१।

माताजी ! सव यो राम्रो गरी मनन चिन्तन ।
आत्माको गर्दछन् नित्य अनुमान तपोधन ।३२।

जो अहंकारका साथ विभिन्न वस्तु तत्वको ।
अधिष्ठान तथा हुन्छ प्रकाशक हरेकको ।३३।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपदेश सुनी यस्तो ज्यादै हर्षित भैकन ।
वोलिन् माता वडो श्रद्धा-साथ शान्त गरी मन ।३४।

दोटै छन् सर्वथा नित्य पुरुष प्रकृति प्रभो !
अन्योन्याश्रय भै यिन्को संवन्ध छ वडो ठुलो ।३५।

जस्तै गन्ध र पृथ्वीको रस औ जलको स्थिति ।
भिन्न कैले हुँदै हुन्न भएर एउटै गति ।३६।

त्यस्तै पुरुष मायाको संवन्ध अति गूढ भै ।
हुँदैन यिनको कैले वियोग दृढ मेल भै ।३७।

जस्को सम्वन्धले गर्दा अकर्ता नित्य पूरुष ।
कर्म-बन्धनमा प्राप्त हुन्छ भैकन वेवश ।३८।

मायाको गुणले नित्य घेरा दीकन राख्तछ ।
त्यल्लाई यो दशाभित्र कसरी मुक्ति मिल्दछ ।३९।

यदि तत्वहरू जानी उग्र संसार बन्धन ।
टरोस् तर छ जो यसमा नाना विषय बन्धन ।४०।

वढ्दै जान्छ र त्यस्वाट वाध्य भैकन अन्तमा ।
भड्कन्छ हे प्रभो ! फेरी यही संसार—चक्रमा ।४१।

रहस्यमय यो प्रश्न सुनेर खुस भैकन ।
लाग्नुभो जननी साथ खोलेर गर्न वर्णन ।४२।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तो अरणिको काष्ठ आफैबाट समुद्भव ।
आगोले नै जली जस्तो खरानी बन्छ त्यो सब ।४३।
त्यस्तै निष्कामना साथ शुद्ध निर्मल चित्तले ।
पालना गरिने आफ्नो वर्ण आश्रम धर्मले ।४४।
मेरो कथा सुनी ज्यादा मिलेको तीव्र भक्तिले ।
साक्षात्कार हुने आत्मासित निर्मल ज्ञानले ।४५।
तीव्र वैराग्यले त्यस्तै ध्यान अभ्यास जोडले ।
एकाग्र वृत्ति पारेर फुरेको स्वच्छ चित्तले ।४६।
अविद्या जीवको जो हो दिनरात बरावर ।
अस्तव्यस्त हुँदै जान्छ रहन्न केही आखिर ।४७।
त्यागिएको अविद्याले स्वरूप स्थित जीवको ।
नोक्सानी गर्न सक्तैन त्यस्मा निष्क्रिय बन्छ त्यो ।४८।
जस्तै मानिस स्वप्नामा निद्रावश परीकन ।
कैयौं अनर्थको गर्छ अनुमान र चिन्तन ।४९।
तर त्यै व्यक्तिले कत्ति स्वप्नाको विषय प्रति ।
कुनै प्रकारको आस्था राख्तैन भइ जागृति ।५०।
त्यस्तै जस्मा मिलेको छ तत्त्वको ज्ञान निर्मल ।
ममा जल्ले सदाकाल जोडेको छ मनोवल ।५१।
वीतराग मुनि त्यस्ता आत्मारामहरू प्रति ।
मायाको जोड चल्दैन गर्न सक्तैन क्यै खति ।५२।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जव साधकले गर्छ यसरी वहु-जन्ममा ।
आत्म-चिन्तनमा आस्था मग्न भै हर कालमा ।५३।
साक्षात्कार गरी त्यस्को त्यसैमा मग्न वन्दछ ।
ब्रह्मलोकादि पर्यन्त वास्ता नलिइ बस्तछ ।५४।
मेरो पाई कृपा खास तोडी वन्धन मोहको ।
आत्मानुभवकाद्वारा छुट्छ संशयबाट त्यो ।५५।
नाशिन्छ अनि त्यो लिङ्ग देह त्यस्पछि निर्मल ।
स्वरूपभूत कैवल्य पद पाउँछ निश्चल ।५६।
योगीको मन, हे आमा ! योगादि गरि साधन ।
पाइने अणिमा आदि सिद्धिमा मोह भै कन ।५७।
नभुले देखि त्यल्लाई मिल्छ मेरो महान् पद ।
जहाँ क्यै दाग गर्दैन मृत्युको भै निरापद ।५८।

— —

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अष्टाङ्ग योगको विधि अध्याय (८)

गर्दछु आमा ! म फेरि अव सवीज योगको ।
लक्षण व्याख्या सम्पूर्ण खोली छ सुन्न योग्य जो ।१।
यसको द्वारा भएर चित्त निर्मल अन्तमा ।
प्रवृत्त हुन्छ वढेर ज्ञानी मोक्षको मार्गमा ।२।

शास्त्रोक्त कर्म पालन गर्ने सामर्थ्य माफिक ।
न गर्ने कत्ति निषिद्ध कर्म जानेर निन्दित ।३।
जो जति मिल्छ सुल्टो र उल्टो प्रारव्धानुसार ।
त्यसैमा वस्ने सन्तुष्ट भई वनेर उदार ।४।

चरण-पूजा सदैव गर्ने आत्मज्ञ ज्ञानीको ।
विषय देखि अलग्ग हुने बुझेर ननीको ।५।
त्यो धर्म गर्ने जसले काट्छ संसार वन्धन ।
अड्कलीकन तौलेर खाने पवित्र भोजन ।६।

सदैव वस्ने एकान्त जग्गा निर्भय स्थानमा ।
मन र वाणी देहले दुःख नदिने कसैमा ।७।
नगर्ने चोरी अनेकौं चीज नगर्ने संग्रह ।
ब्रह्मचर्यको पालना गर्ने रोकेर इन्द्रिय ।८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरिको पूजा सदैव गर्नें, शास्त्रको मनन ।
वाहिर भित्र शुद्ध भै गर्ने आत्माको चिन्तन ।९।
वाणीको नित्य संयम गर्ने उत्तम आसन ।
अभ्यास गर्नें स्थिरता साथ बनेर पावन ।१०।
इन्द्रियलाई मनका द्वारा भोगमा हटाई ।
तानेर लाने हृदयभित्र ध्यानमा लगाई ।११।
षट्चक्र भित्र छाँटेर एक वनाइ केन्द्र त्यो ।
मनका साथ अडचाइकन अवस्था प्राणको ।१२।
संपूर्ण वृत्ति एकत्र पारी निर्मल वनाई ।
योग र ध्यान कर्मका द्वारा अभ्यास बढाई ।१३।
कुमार्ग-गामी यो दुष्ट चित्त गराइ कावुमा ।
विस्तारैसित लगाइराखोस् ब्रह्मको ध्यानमा ।१४।
पहिले जितोस् आसनलाई अभ्यास वढाई ।
ओछ्याओस् छाला कुशको चट्टी पवित्र वनाई ।१५।
त्यसमा सीधा भएर वसोस् आनन्द साथमा ।
प्राणको बाटो शोधन गरोस् थुनेर नाकमा ।१६।
पूरक गरोस् सुरुमा फेरी कुम्भक रेचक –
सुल्टो र उल्टो अभ्यास गरोस् क्रमैले साधक ।१७।
हुन्छ त्यो प्राणायामका द्वारा विवेक निर्मल ।
जसले चित्त एकाग्र वन्छ भएर निश्चल ।१८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आगोमा पोली सुवर्ण जस्तो पवित्र वन्दछ ।
त्यै सरो प्राण जितेर योगी शुद्ध भै हाल्दछ ।१९।
योगीको यै हो कर्तव्य, प्राण साधन गरेर ।
वातपित्तादि त्रिदोषवश गरावस् जितेर ।२०।

धारणा-द्वारा पापको गरोस् छाँटेर संहार ।
इन्द्रिय रोकी विषय त्यागोस् वनेर उदार ।२१।
राग द्वेषादि दुर्गुणलाई हटाओस् ध्यानले ।
आत्माको मुख्य चिन्तन गरोस् विशुद्ध भावले ।२२।

अभ्यास द्वारा क्रमश: चित्त निर्मल वन्दछ ।
एकाग्र साथ मनको वृत्ति कायम राख्तछ ।२३।
नाकको अग्र भागमा दृष्टि जमाइ राखेर ।
हरिको दिव्य मूर्तिको गरोस् चिन्तन गर्डेर ।२४।

असाध्य राम्रो खुलेको छ त्यो प्रभुको मुहार ।
पद्मको भित्री भाग झैं लाली, आँखा छ सुन्दर ।२५।
शरीर नील कमल जस्तो छ श्याम सुन्दर ।
हातमा शङ्ख चक्र र तथा गदा छ तयार ।२६।

श्री वत्स चिन्ह वक्षमा जस्को अत्यन्त खुल्दछ ।
त्यो पीताम्वर रेशमी वस्त्र प्रशस्त शोभिन्छ ।२७।
झल्कन्छ ज्यादै कण्ठमा राम्रो कौस्तुभ मणि त्यो ।
चरण सम्म लड्कन्छ माला जङ्गली पुष्पको ।२८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौतर्फी जस्को सुगन्धि पाइ प्रमत्त भएर ।
विभोर भई गुन्जार गर्छन् भमरा उडेर ।२९।
अङ्ग प्रत्यङ्ग झल्कन्छ सारा अमूल्य भूषण ।
किरीट बाजूबन्द र हार नूपुर कङ्कण ।३०।
सौन्दर्य-युक्त चटक्क परी छिनेको कम्मर ।
देखिन्छ राम्रो गहना रत्न लपक्क छापेर ।३१।
झाँकी छ जस्को अत्यन्त राम्रो सौन्दर्य भरेको ।
बन्दछ जस्को अमूल्य गद्दी हृदय भक्तको ।३२।
छ दर्शनीय त्यो श्याम रूप अत्यन्त सुन्दर ।
नयन मन आनन्द गर्ने शोभा छ अपार ।३३।
छ फेरी उन्को अत्यन्त राम्रो किशोर उमेर ।
आराध्य देव हुन् उनै एक सबैमा बढेर ।३४।
सज्जन माथि करुणा गर्न बन्दछन् आतुर ।
उनको यश छ कीर्तनीय अत्यन्त सुन्दर ।३५।
युधिष्ठिरादि प्रधान सच्चा सज्जन वृन्दको ।
गर्दछन् कीर्ति-प्रचार आफैँ वश भै भक्तको ।३६।
यसरी सारा अङ्गको गरोस् मनमा चिन्तन ।
गड्दैन त्यस्मा जवतक् चित्त एकाग्र भै कन ।३७।
प्रभुको लीला छ दर्शनीय अत्यन्त उज्वल ।
श्रद्धाका साथ मनमा गरोस् भजन निर्मल ।३८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उठ्ता र वस्ता हिंड्दा र डुल्दा सर्वज्ञ रूपमा ।
चिन्तन गरोस् विशुद्ध भाव लिएर चित्तमा ।३९।
यसरी जव चित्ताको दशा एकाग्र वन्दछ ।
अनि त मुख्य कर्तव्य काम यैं गर्नुपर्दछ ।४०।
सर्वाङ्ग-भित्र गडेको चित्त विशेष रूपले ।
एकेक अङ्ग गराइ लक्ष्य अड्याओस् युक्तिले ।४१।
पहिले गरोस् मनमा ध्यान हरिका पाउको ।
जस्मा छ चिन्ह अंकुश वज्र ध्वजा र पद्मको ।४२।
उठेको पुट्ट त्यो लाल लाल नखको प्रभाले ।
अज्ञानरूप अँध्यारोलाई हर्दछ मजाले ।४३।
यैं पाउ धोइ जान्हवी भइन् प्रकट पृथ्वीमा ।
चढाए जस्को पवित्र जल शिवले माथमा ।४४।
श्रीमहादेव स्वयं नै थिए मङ्गल स्वरूप ।
झन् वने उनी मङ्गलमय पवित्र अनूप ।४५।
भक्तको पाप स्वरूप शैल उपर छाडेको ।
इन्द्रको वज्र तुल्य छ चर्को प्रभुको पाउ त्यो ।४६।
त्यस्वाद गरोस् मनमा ध्यान त्यो पुष्ट पिडौंला
गर्दछिन् लक्ष्मी जसको सेवा मानेर निराला ।४७।
वढाइ श्रद्धा पवित्र प्रेम वनेर तयार ।
जल्लाइ आफ्नो जाँघमा राखी गर्दछिन् सुसार ।४८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्पश्चात् गरोस् मनमा ध्यान त्यो पीन जाँघको।
अतसीपुष्प सरी छ रङ्ग जसको खुलेको ।४९।
वलको खानि त्यो उरू दोटै सुन्दर देखिन्छ ।
गरूडजीको पखेटा माथि अत्यन्त शोभिन्छ ।५०।
अनि त्यो गरोस् कटिको ध्यान गडाइ मनमा ।
लड्कन्छ धोती चरण सम्म विचित्र ढङ्गमा ।५१।
त्यस्माथि राम्रो सुवर्णमयी सिक्री छ लड्केको ।
अत्यन्त राम्रो चमक दिन्छ रेशमी वस्त्र त्यो ।५२।
विश्वको मुख्य आश्रय स्थान त्यो नाभिकुण्डको।
मनमा गरोस् गडेर ध्यान संझेर चिन्ह त्यो ।५३।
यै नाभि देखि सृष्टि भो पैले ब्रह्माको आधार ।
ब्रह्माण्डमय कमल पुष्प अत्यन्त अपार ।५४।
त्यस्वाद गरोस् स्तनको ध्यान पन्ना झैँ निर्मल।
परेर शुभ्रहारको कान्ति देखिन्छ उज्वल ।५५।
फेरी त्यो गरोस् वक्षको ध्यान निवास लक्ष्मीको ।
आनन्द भर्छ सदैव जल्ले मन र नेत्रको ।५६।
चिन्तन गरोस् कण्ठको फेरी जो सर्वलोकको ।
संमान्य रत्न कौस्तुभद्वारा देखिन्छ चंकेको ।५७।
सम्पूर्ण लोक-पालको मुख्य आधार चारौटा ।
वाहुको गरोस् चिन्तन जो छ प्रचण्ड अनौठा ।५८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समुद्र मथ्ता मन्दराचल साथ भै घर्षण ।
ज्यादै नै चंकी रहेका छन् ती हातका भूषण ।५९।
असह्य जस्को तेज छ चर्को हजार दाँतको ।
मनमा गरोस् सदैव ध्यान त्यो सुदर्शनको ।६०।
जो राजहंस सरी छ उन्को पद्मवत् हातमा ।
त्यो पाञ्चजन्य शङ्खको गरोस् चिन्तन मनमा ।६१।
वैरीको रक्त लेपिएको त्यो प्रचण्ड गदाको ।
हृदयभित्र चिन्तन गरोस् संझेर रूप त्यो ।६२।
घुम्दछ जस्मा प्रमत्त भृङ्ग त्यो वनमाला र ।
झल्कन्छ जस्को कण्ठमा रत्न कौस्तुभ सुन्दर ।६३।
निर्मल तत्व त्यही हो भनी भन्दछन् सज्जन ।
चिन्तन गरोस् यी सबैलाई जानेर साधन ।६४।
अनि त्यो गरोस् मनमा ध्यान भक्तका निमित्त ।
औतार लिनें प्रभुको दिव्य मुहार सुस्मित ।६५।
जस्को छ नाक अत्यन्त राम्रो सुलुक्क परेको ।
मुख छ जस्को सौन्दर्य-खानी, हिस्सिले भरेको ।६६।
मकराकृत कुण्डल जोडी कानमा चंकन्छ ।
त्यसको कान्ति परेर पुष्ट कपोल गंकन्छ ।६७।
खुल्दछ दिव्य मुहार जस्को अलक-मण्डित ।
गर्दछ मात त्यो पद्मकोष भ्रमर-भूषित ।६८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आँखा छ राम्रो अत्यन्त मानो कमल कोशमा ।
खेलेका जोडी मत्स्य झैं लाग्छ हेरेर त्यसमा ।६९।
उन्नत आँखी भूँइ छ राम्रो अत्यन्त शोभित ।
मुखारविन्द गर्दछ सारा विश्व नै मोहित ।७०।
संझेर यस्तो प्रभुको दिव्य मुहार मनमा ।
भै सावधान चिन्तन गरोस् अडेर त्यसमा ।७१।
यसका पश्चात् प्रेम-संयुक्त त्यो मृदु मुस्कान ।
त्यो कृपायुक्त दृष्टिको गरोस् मनमा चिन्तन ।७२।
करुणावश भएर जल्ले भक्तको जव्वर ।
त्रिविध ताप टार्नका लागी फेर्दछन् नजर ।७३।
भक्तको चर्को शोकाश्रुलाई सुकाइदिने त्यो ।
प्रभुको मीठो मधुर हास्य, त्यो आँखि-भूँइको ।७४।
चिन्तन गरोस् जसले आफ्नै मायाको वलले ।
अनङ्ग-दर्प-भञ्जक दिव्य स्वरूप वनाए ।७५।
अन्तमा फेरी हृदयभित्र रहेका हरिको ।
हास्यको ध्यान गरोस् जो ध्येय वस्तु छ सवैको ।७६।
त्यो ओष्ठ जोडी भएर ज्यादै अरुण सुन्दर ।
पद्मका कली सदृश साना दाँतका उपर ।७७।
देखिन्छ छाया लालिमा तुल्य, यसरी उनको ।
ध्यानमा लागोस् भएर मग्न संझेर सवै त्यो ।७८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नगरोस् आश नहेरोस् कतै वनेर तन्मय ।
उनैको ध्यान चिन्तन गरोस् गरेर निश्चय ।७९।
अभ्यास गरी ध्यानको यस्तो त्यो भक्त साधक ।
अन्तमा हुन्छ हरिमै ज्यादा अनन्य आशक ।८०।

द्रवित हुन्छ भक्तिले गर्दा हृदय त्यसको ।
रोमाञ्च हुन्छ आनन्द वढी त्यसैमा भुल्छ त्यो ।८१।
उत्कण्ठाजन्य प्रेमाश्रुधारा वहन लाग्दछ ।
त्यो वारंवार मग्न भै त्यस्मै भिजेर रहन्छ ।८२।

वल्छीले माछा तान्दछ जस्तै त्यै भाँति ईश्वर ।
लाइ नै तान्ने साधनरूप मन यो आखिर ।८३।
विस्तारैसित हटेर जान्छ ध्येयमा समेत ।
वृत्ति नै नष्ट भएर जान्छ वन्दछ अचेत ।८४।
भै निरालम्व मनको दशा विचित्र वन्दछ ।
आनन्द मिल्छ, विषय तर्फ वैराग्य लाग्दछ ।८५।
तत्काल हुन्छ लयमा प्राप्त त्यस्वेला त्यो मन ।
त्यागेर वृत्ति स्वरूप हुन्छ व्रह्ममा मिलन ।८६।
दीपको शिखा जसरी तेल सकिँदा निभ्दछ ।
कारण रूप तेजमा गई आखिर मिल्दछ ।८७।
त्यै चालासित यो अवस्थामा पुगेका जीवको ।
गुण-प्रवाह देहादि नाना उपाधि दोष त्यो ।८८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निवृत्त हुन्छ अनि त ध्येय ध्यातादि विभाग ।
रहित एक ब्रह्म नै देख्छ वढेर प्रभाव ।८९।
योगको गरी अभ्यास, चित्त भएर निर्मल ।
सुख र दुःख रहित ब्रह्म स्वरूप उज्वल ।९०।
महिमाभित्र रहेर गर्छ ब्रह्मको दर्शन ।
त्यसको हुन्छ वृत्ति नै अर्को टुटेर बन्धन ।९१।
अगाडि देख्थ्यो आफैँमा जल्ले भोक्तृत्व कारण।
त्यो दंभभित्र देख्तछ ऐंले जानेर लक्षण ।९२।
मदले मत्त जँडचाहा जस्तै कटिमा वेरेको ।
वस्त्रको याद पाउन्न त्यहीं छ कि वा गयो त्यो ।९३।
जान्दैन त्यस्तै जेसुकै हओस् देहको हालत ।
चरम दशाभित्र पुगेको त्यो भक्त साधक ।९४।
आनन्दमय स्वरूप भित्र मग्न भै रहन्छ ।
त्यल्लाइ वाह्य वृत्तिले छुन्न अलग्ग वन्दछ।९५।
पूर्वको आफ्नो संस्कार द्वारा निर्वाह चल्दछ ।
प्रारब्ध-क्षय नभए सम्म जीवित रहन्छ ।९६।
योगको स्थिति जसले पायो समाधि पर्यन्त ।
जसले जान्यो आत्माको सारा रहस्य पूर्णतः ।९७।
पुत्र कलत्र आदिले युक्त शरीरलाइ त्यो ।
ठान्दछ स्वप्न समान मिथ्या मान्दैन साँचिलो ।९८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वत्र देख्छ त्यो एक खाली विश्वको नियन्ता ।
राख्तैन त्यल्ले मनमा भाव अहंता ममता ।९९।
स्त्री पुत्र द्रव्य आदिमा जस्तै भै पूर्ण आशक ।
ली आत्मवुद्धि त्यसमै फस्छ त्यै वन्छ वाधक ।१००।

क्यै मात्र पनि त्यसमा राखे विचार छलंङ्ग –
देखिन्छ सारा उपाधि झुण्ड, त्यो हुन्छ अलग्ग ।१।
त्यै सरी जल्ले देहादिलाई आत्मा हो ठान्दछ ।
ती सवैदेखि परको साक्षी पुरुष भिन्न छ ।२।

अगुल्टोवाट निक्लिएको त्यो झिल्का र फेरि त्यो ।
अग्निकै द्वारा फैलिराखेको त्यो धूम-शिखाको ।३।
जलीरहेको काष्ठको साथ अग्निको वास्तव ।
देखिन्न केही सम्वन्ध छुट्टै रहन्छन् अलग्ग ।४।
त्यै भाँति भूत इन्द्रिय अन्तःकरणदेखि त्यो ।
साक्षी-स्वरूप आत्मा छ भिन्न रहन्छन् छुट्ट जो ।५।
कहिन्छ जीव जसको नाम त्यो भन्दा अलग ।
छन् व्रह्म-नाम धारण गर्ने ईश्वर वास्तव ।६।

छन् मायादेखि पनि ती भिन्न मान्य छन् सवैको ।
उ देखि भने भिन्न क्यै छैन सवै हो उनैको ।७।
देखिन्छ चार प्रकार जीव देहका दृष्टिले ।
तर सवैमा छ पञ्चभूत व्यापक रूपले ।८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यै चालासित आत्मा र जीव अनन्य भावले ।
दोहोरै व्याप्त भएको देखोस् यथार्थ ज्ञानले ।९।
एउटै अग्नि लिएर जस्तो विभिन्न आश्रय ।
देखिन्छ रूप विभिन्न थरी त्यै लाग्छ निश्चय ।१०।
त्यस्तै गरेर एउटै आत्मा सर्वत्र व्याप्त छ ।
गुण र तथा आश्रयद्वारा अनेकौं लाग्दछ ।११।
यसर्थ सच्चा जीवको रूप लुकाइ दिने त्यो ।
कारण तथा कार्यका द्वारा फलमा पुगेको ।१२।
त्यो मायालाई प्रभुको कृपा वलले जितेर ।
वस्तछन् ज्ञानी असली रूप व्रह्ममा मिलेर ।१३।

— —

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भक्तिको महिमा र कालको महिमा
अध्याय (६)

माया तथा पुरुष, तत्वहरू सबैको ।
जस्तो छ लक्षण भनाइ छ सांख्यको जो ।
जल्ले वुझिन्छ अनि वास्तव रूप उन्को ।
आज्ञा भयो गरी दया प्रभुले सबै त्यो ।१।
जो भक्ति-योग छ दया गरि त्यो समस्त ।
आज्ञा हओस् अव यथार्थ खुलाइ तात ।
जस्वाट मिल्दछ यथार्थ स्वरूप ज्ञान ।
हो ज्ञान हेतु भनि जो गरियो वयान ।२।
यस्का सिवाय अरू जन्म र मृत्यु-रूप ।
जो जो छ जीव-गति भन्नुहओस् समस्त ।
जल्लाइ जानिकन जीव भएर शुद्ध ।
वैराग्य मिल्दछ भई भ्रमबाट मुक्त ।३।
जस्को लिएर डर लोकहरू समस्त ।
लाग्छन् स्वकर्मतिर नित्य भई प्रवृत्त ।
ब्रह्मादिलाई पनि राख्तछ कावुमा जो ।
त्यो काल-रूप पनि भन्नुहओस्, दयालो ।४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भै लुप्त मोहवशमा परि ज्ञान-दृष्टि ।
देहादि वस्तुहरुमा लिइ आत्मवुद्धि ।
दौडेर कर्मतिर लागि थकाइ चर्को
जस्को दशा छ अगि देखि सुतीरहेको ।५।

त्यस्को सवै स्थिति सुधार्न र अन्धकार ।
संहार गर्न दिइ ज्ञान-प्रभा अपार ।
भै योग-मार्गतिर सूर्यसरी प्रकाश ।
जन्म्यौ स्वयं कपिल-रूप लिएर खास ।६।

हे वीरवर्य सुनि सुन्दर प्रश्न यस्तो ।
अत्यन्त हर्ष भइ मान गरेर उन्को ।
राखेर जीवहरूमाथि दया प्रशस्त ।
आज्ञा भयो कपिलको यसरी यथार्थ ।७।

हे अम्व ! भक्तहरूको गति हुन्छ जस्तो ।
त्यै भाँति खुल्छ क्रम माफिक भक्ति तिन्को ।
जस्मा स्वभाव गुणको भइ भेद-दृष्टि ।
देखिन्छ त्यै सरि विभिन्न प्रकार भक्ति ।८।

हिंसा र दंभ अनि मत्सर भाव राखी ।
जो ध्यान गर्दछ मलाइ वनेर रागी ।
जो द्वेष गर्छ सव साथ भएर चर्को ।
जो वन्छ क्रोधरत तामस भक्त हो त्यो ।९।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राखी स्पृहा विषयको अथवा सुनाम ।
ऐश्वर्य निंति जुन गर्दछ भै सकाम ।
मेरो सदा स्मरण-पूजन त्यो महात्मा ।
मानिन्छ स्वार्थयुत-राजस-भक्त, आमा ।१०।
पापादिको क्षय गराउनका निमित्त ।
यद्वा गराइ हरि-अर्पण भै विरक्त ।
मेरो सदा भजन गर्दछ मग्न भै जो ।
सच्चा सुपात्र भइ सात्विक भक्त हो त्यो ।११।
गङ्गा-प्रवाह जसरी नरुकेर कत्ति ।
दौडन्छ सिन्धुतिर भैकन एक ताँती ।
त्यस्तै प्रकार मनको गति तैल-धारा ।
जस्तै वनाइकन तोडि घमण्ड सारा ।१२।
अर्थात् कदापि अरुको नलिएर आश ।
निष्काम-भाव लिइ लोभ गराइ नाश ।
गर्ने सदा स्मरण-चिन्तन ध्यान मेरो ।
हो आखिरी असल निर्गुण भक्ति नै त्यो ।१३।
त्यस्ता सुपात्रहरूलाइ मिले पनि त्यो –
सायुज्य आदि अपवर्ग थरी थरीको ।
हेर्दै नहेरिकन निष्पृह भै रहन्छन् ।
वास्ता नराखिकन दूर भएर वस्छन् ।१४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिन्नन् कदापि उनले त्यसलाइ वास्ता ।
मानिन्छ त्यो प्रवल शक्ति र साध्य सच्चा ।
यस्वाट नै त्रिगुणको सव खेल छाडी ।
मिल्छन् गई मसित ती गुणवान् विवेकी ।१५।

निष्काम भावसित कर्महरू गरेर ।
शास्त्रोक्त पद्धति क्रियाहरूमा चलेर ।
मेरो गरी स्मरण, दर्शन, ध्यान, गान ।
सच्चा महापुरुषको गरि नित्य मान ।१६।

संझेर मै सरह जीवहरू तमाम ।
संपूर्ण साथ गरि सुन्दर सत्य प्रेम ।
वैराग्य धैर्यहरुको लिइ आड नित्य ।
दुःखी अनाथ प्रति लीकन भाव सत्य ।१७।

पूरा रही नियममा गरि शुद्ध भाव ।
मिथ्या प्रपञ्चहरुवाट हटाइ राग ।
सत्सङ्गमा रत भईकन दंभ छाडी ।
पारेर चित्त-गति निर्मल भै विरागी ।१८।

मेरै सदा स्मरण कीर्तन गर्दछन् जो ।
यस्वाट वन्छ मन निर्मल नित्य उन्को ।
मेरो सुनी गुण कथा सजिलै म-सङ्ग ।
जोड्छन् पवित्र मन हुन्न कदापि भङ्ग ।१९।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तै कि गन्ध पवनाश्रित भै उडेर ।
ली पुष्प-आड झट पुग्दछ नाकनेर ।
त्यस्तै गरीकन भई भ्रमवाट मुक्त ।
चैतन्य ब्रह्मसित मिल्दछ शून्य चित्त ।२०।

छु व्याप्त भूत सवमा भइ अन्तरात्मा ।
यस्को नजानिकन तत्व गरेर धामा ।
जो मूर्ति-पूजन गरी कन ध्यान गर्छ ।
हो स्वाँगमात्र त्यसको सव व्यर्थ हुन्छ ।२१।

आत्मा भई सकलको सवमा छु व्याप्त ।
यल्लाइ याद नगरी भइ मोह-युक्त ।
मेरो अनादर गरी जुन मूर्ति पूज्छ ।
त्यो भस्ममा चरु अनाहक होम गर्छ ।२२।

जो भेद राखि अरु साथ विरोध गर्छ ।
मै साथ गर्छ रिस आखिर त्यो ठगिन्छ ।
मिल्दैन क्यै गरि पनि त्यसलाइ शान्ति ।
त्यो भोग गर्दछ विपत्ति अनेक भाँति ।२३।

जो गर्छ नित्य अरुको परिहास, आमा !
पूजा गरे पनि गरोस् गरि खूव धामा ।
वेकार वन्दछ सवै त्यसको प्रयत्न ।
त्यो साथ हुन्न कहिल्यै पनि म प्रसन्न ।२४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वन्दैन भूत सवमा जव-सम्म मेरो ।
अस्तित्वको दृढपना तव-सम्म त्यस्को ।
कर्तव्य हो असल यैं निज धम-पट्टि ।
आस्था लिईकन चलोस् वुझि सत्य-वृत्ति ।२५।
हेरेर फुर्संद गरोस् प्रतिमादि पूजा ।
वन्दैन चित्त जव सम्म अखण्ड सच्चा ।
आत्मा र व्रह्म दुइमा जुन गर्छ भ्रान्ति ।
लो मृत्यु रूप त्यसलाइ म दिन्छु शास्ति ।२६।
सम्पूर्ण भूतहरूमा स्थित नित्य-आत्मा ।
जानी मलाइ हर भाँति गरेर धामा ।
संमान दान र तथा सम दृष्टि-द्वारा ।
मेरो गरोस् भजन मोह हटाइ सारा ।२७।
पाषाण आदि जड निष्क्रिय-वस्तु भन्दा ।
मानिन्छ वृक्ष-गण आदि प्रधान उम्दा ।
त्यो देखि श्वासयुत जीव कहिन्छ श्रेष्ठ ।
मानिन्छ फेरि त्यसमा पनि चित्त-युक्त ।२८।
त्यस्मा ठहर्छ अज्ञ सेन्द्रिय जोव श्रेष्ठ ।
स्पर्शज्ञ श्रेष्ठ छ भइ त्यसमा विशिष्ट ।
मत्स्यादि श्रेष्ठ छ रसज्ञ भएर त्यस्मा ।
गन्धज्ञ भृङ्गहरू छन् अज्ञ योग्य तिन्मा ।२९।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्दज्ञ सर्पहरु छन् त्यसको अपेक्षा -
भै योग्य श्रेष्ठ, त्यसमा पनि रूपवेत्ता
मानिन्छ काग-गण, झन् त्यसमा प्रधान ।
मानिन्छ दाँत दुइ तर्फ हुने महान ।३०।

त्यस्मा विना पद तथा वहु-पाद धारी ।
मानिन्छ उत्तम भई गुणमा तयारी ।
फेरी चतुष्पद अनि त्यसमा विशिष्ट ।
मानिन्छ मानिस दुई पद-युक्त श्रेष्ठ ।३१।

छन् चार वर्ण त्यसमा पनि भै विशिष्ट ।
मानिन्छ व्राह्मण वडो गुण-युक्त श्रेष्ठ ।
मानिन्छ श्रेष्ठ तिनमा पनि वेद जान्ने ।
हो फेरि श्रेष्ठ अझ वेद - रहस्य जान्ने ।३२।

त्यस्मा अझै प्रवल-संशय हर्न सक्ने ।
मीमांसकादिहरु छन् गतिला ठहर्ने ।
मानिन्छ श्रेष्ठ अनि आश्रम - धर्म धान्ने ।
आसक्तिलाइ परवाह नराखि चल्ने ।३३।

संझिन्छ श्रेष्ठ अझ चित्त र धर्म-कर्म ।
मैलाइ अर्पण गराइ दिने तमाम ।
त्यस्ता सुपात्रहरुदेखि बढेर. अर्को ।
पाइन्न कोहि पनि मिल्दछ को र त्यस्तो ?।३४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भै जीव-रूप निज-अंश लिएर व्रह्म ।
सर्वत्र विश्वभर छन् उहि एक टम्म ।
यो संझि भित्र मनले वुझि योग्य काम ।
संपूर्ण जीवहरूलाइ गरोस् प्रणाम ।३५।
आमा ! गरें सकल वर्णन भक्तियोग ।
अष्टाङ्ग योगहरु पूर्ण गराइ वोध ।
यी योगमा जुन गरे पनि त्यो अवश्य ।
आनन्द व्रह्मसित मिल्दछ भै सुयोग्य ।३६।
पाएर व्रह्म-वल, जागतिक प्रपञ्च—
वैचित्र्यको असल कारणभूत जो छ ।
विख्यात हुन्छ यहिं काल लिएर नाम ।
यै गर्छ सृष्टि, लय, कार्यहरू तमाम ।३७।
हो रूप त्यो प्रकृति पूरुष आदि यस्कै ।
फेरी सवैसित पृथक् पनि यै छ छुट्टै ।
नाना प्रकारसित चल्दछ कर्म जो जो ।
त्यो कर्म मूल र अदृष्ट पनि त्यही हो ।३८।
यै हेतुले सकल जीवहरू यसैको ।
मान्छन् सदा डर नजानि रहस्य साँचो ।
भै सर्व आश्रय भई सवमा प्रवेश ।
संहार गर्छ सवलाई यही विशेष ।३९।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्मादिका पनि अधीश्वर पूज्य-देव ।
हो यज्ञको फल दिने उहि विष्णु एक ।
यस्को न मित्र छ न शत्रु छ कोहि यस्को ।
नाता-कुटुम्ब न त कोहि छ दोस्त यस्को ।४०।

यो सर्वदा सजग हुन्छ भई चनाखो ।
बिर्सेर ईश्वर भुली विषयादिमा जो ।
आसक्त हुन्छ उसमाथि गरी चढाई ।
संहार गर्दछ घमण्ड सबै हटाई ।४१।

हावा वहन्छ डर लीकन नित्य यस्को ।
घुम्छन् ग्रहेश पनि त्रास लिई यसैको ।
ली त्रास इन्द्र पनि वृष्टि गरीरहन्छन् ।
ताराहरू गगनमा चमकोरहन्छन् ।४२।

यस्कै लिएर डर वृक्ष लतादि जो छन् ।
सारा वनस्पतिहरू फलफूल दिन्छन् ।
वग्छन् नदी-नद सबै डर मानि यस्को ।
सीमा ननाघिकन वग्दछ सिन्धु आफ्नो ।४३।

यस्कै लिएर डर अग्नि प्रकाश दिन्छ ।
पृथ्वी सदैव जलमाथि अडीरहन्छ ।
यस्कै प्रशासन मिलीकन त्यो म जो छ ।
प्राणीहरू सकलको अवकाश दिन्छ ।४४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो यो शरीर छ महत् अभिमान-रूप ।
त्यल्लाइ सात तह संयुत त्यो अनूप ।
ब्रह्माण्डमा लगि मिलाउँछ ठीक पारी ।
मानेर त्रास यसको नभमै तयारी ।४५।

हुन् विष्णुआदि अनुशासक यो जगत्को ।
ब्रह्माण्ड नै सकल कायममा छ जस्को ।
त्यस्ताहरू पनि लिई डर नित्य यस्को ।
हुन्छन् स्वकर्मतिर तत्पर भै चनाखो ।४६।

यो काल नै अमर-नित्य स्वयं अनादि ।
हो किन्तु गर्छ यहि सृष्टि अनेक भाँति ।
आफैँ अनन्त छ परन्तु समस्तलाई ।
यो अन्त गर्दछ प्रभाव सदा वढाई ।४७।

छोरा गराइकन सिर्जन बावुबाट ।
यै गर्छ विश्व-रचना गरि छाँटकाँट ।
संहार शक्ति अति भीषण मृत्यु द्वारा ।
संहार पारि यम, गर्दछ अन्त सारा ।४८।

— —

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देह, गेहमा आसक्त पुरूषको अधोगतिको वर्णन अध्याय (१०)

हावाद्वारा जसरि घनका झुण्ड उड्छन् तथापि।
था पाउन्नन् वल पवनको मेघद्वारा कदापि ।
त्यस्तै चालासित वलवती कालको प्रेरणाले ।
भिन्ना-भिन्नै गति र जुनिमा जीव घुम्छ क्रमैले ।१।
घुम्दै फिर्दै हर-विषयको कष्ट आपत्ति भोग्छ ।
काल-क्रीडा नवुझिकन त्यो मोहमा वद्ध हुन्छ ।
खोजी नाना सुख जुन कुरा कष्टले सोच गर्छ ।
तोडी इच्छा प्रवल मनको कालले खोसि हाल्छ ।२।
जल्ले गर्दा अतिशय कडा शोकमा मग्न हुन्छ ।
त्यो मन्दात्मा अज्ञ पनि त्यही सत्य मानी रहन्छ।
जस्तो जस्तो गति र जुनिको जीवले भोग गर्छ।
त्यै त्यै मा त्यो अतिशय खुशी मानि आनन्द हुन्छ।३।
दैवात् जन्मे पनि घुमि घुमी नारकी योनिमा त्यो।
विष्टा-मूत्र प्रभृतिहरु मै मान्छ आनन्द साँचो ।
ठानी त्यो नै असल गतिलो हुन्छ त्यस्मै प्रवृत्ति ।
त्यस्मै मानीकन सुख सदा छाड्न चाहन्न कत्ति ।४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सच्चा मानी गृह सुत पशु स्त्री शरीरादि सारा ।
मेरो भन्दै भइकन त्यहीं मग्न, त्यै वृत्ति द्वारा ।
इच्छा गर्दै हर-विषयको लोभलाई अँगाली ।
आफैंलाई हर-तरहले ठान्छ सौभाग्यशाली ।५।
यिन्कै चिन्ता गरिकन सदा चित्तमा क्षोभ हुन्छ ।
जल्ले गर्दा हर-तवरले पापकै तर्फ लाग्छ ।
श्यामा स्त्रीको छलकपटले प्रेमले बाँधिएर ।
सुन्दा तोते-वचन शिशुको मग्न त्यस्मा भएर ।६।
होमी त्यस्मा तन-मन सवै हुन्छ त्यो पाप-युक्त ।
वाटो अर्को नमिलिकन त्यै पापमा हुन्छ लिप्त ।
युक्ति-द्वारा त्यसवखतमा टारि आपत्तिलाई ।
त्यल्ले पाए सुख यदि त्यही मान्छ सच्चा भलाई ।७।
हिंसा गर्दै हर-तवरले द्रव्यको सोच गर्छ ।
स्त्री पुत्रादि प्रभृति सवको पालना गर्न थाल्छ ।
तिन्ले खाई कन जति त्यहाँ वच्छ त्यो अन्न खाई ।
यो दुष्टात्मा गइ नरकमा सड्छ आपत्ति पाई ।८।
यस्तो गर्दा पनि सुगमले चल्न सक्तैन वृत्ति ।
दुःखी भै त्यो अनि त अरुको हेर्छ सम्पत्ति पट्टि ।
त्यस्को चेष्टा सव विफल भै पर्छ उत्पात विघ्न ।
नङ्गा भै त्यो असक हुन गै रुन्छ भै दुःख-मग्न ।९।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्यादै दु:खी भइकन वडो चित्तमा हार खान्छ।
आफ्नो केही वश नचलि त्यो श्वास लामो निकाल्छ।
देखि त्यस्को गतिविधि सवै मान्दछन् हेरि झर्को।
हेलाँ गर्छन् घरभरि सवै हुन्न प्रेमी कसैको।१०।

गर्छन् हेँला कृषक जसरी वृद्ध भै गोरुलाई।
गर्छन् त्यस्तै गरिकन तिरस्कार त्यो वृद्धलाई।
वृद्धावस्था भइकन सवै जान्छ रूप-प्रभाव।
किन्तु त्यस्तो भइकन पनि त्याग्न सक्तैन राग।११।

रोगी भै त्यो अपच हुन गै अग्नि वन्दैन पाको।
शक्ति त्यस्को दिन-दिन घटी वन्छ वेकामको त्यो।
एवं रीत्या मरण निकटै पुग्छ त्यस्को अवस्था।
दिन्छन् खाना गरिकन तिरस्कार त्यै मान्छ आस्था।१२।

भार्या छोराहरू सव मिली गर्दछन् नित्य हेला।
दैलो कुनैं कुकुर सरि भै वस्छ त्यो भै अकेला।
एवं रीत्या अनि त उसको आयु भुक्तान हुन्छ।
त्यस्वेलामा नयन पुतली उल्टिँदै माथि लाग्छ।१३।

खोक्ता फेरी सहज गतिमा श्वास फेर्दा समेत।
पीड़ा ज्यादै हुन गइ त्यहीँ लड्छ भै त्यो अचेत।
त्यस्वेलामा कफ प्रवल भै रूक्न गै कण्ठ नाली।
घाँटी त्यस्को घुरुघुरु गरी वज्छ सातो निकाली।१४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घेरा दिन्छन् वरपर वसी वन्धु-वर्गादि सारा ।
छाड्छन् शोकातुर भइ सवै अश्रुका उष्ण धारा ।
डाक्छन् सारा परिजन मिली किन्तु त्यो मौन वन्छ ।
शक्ति त्यस्को नचलि यमको पाशमा छट्पटिन्छ ।१५।

एवं रीत्या विषयहरुको लालचामा फसेर ।
चिन्तै चिन्ता गरिकन सदा अन्तमा त्यो सडेर ।
आफ्ना प्यारा परिजनहरूलाइ छाडेर जान्छ ।
ज्यादै पीडा भइ हृदयमा चेतना-शून्य हुन्छ ।१६।

त्यस्वेलामा त्यस निकटमा रौद्र आँखा लिएका ।
आइपुग्छन् अधिक वलवान् कालका दूत दोटा ।
देख्ता तिन्को अतिशय कडा-रूप जंगी-स्वभाव ।
सातो-पुत्लो उडिकन त्यहीँ गर्छ झाडा पिसाव ।१७।

लान्छन् पक्री सहज जसरी चोरलाइ सिपाही ।
लान्छन् त्यस्तै गरिकन कसी पाशले जीवलाई ।
पिट्दा दिन्छन् रिस गरि कडा दुष्ट जस्तै वनेर ।
लैजान्छन् त्यो नरक पथमा दुःख ज्यादै दिएर ।१८।

गाली दिन्छन् अधिक सुनि त्यो मर्ममा चोट पर्छ ।
वाटो छेक्तै कुकुरहरुले टोकि हैरान पार्छ ।
त्यस्वेलामा स्मृति हुन गई पापको खान्छ चित्ता ।
कल्ले गर्ने मदत त्यसको, गर्छ कल्ले प्रतिष्ठा ।१९।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोको-प्यासो भइकन कडा दुःखले छट्पटिन्छ ।
गर्मी दावानलहरु मिली भत्भतो पोल्न थाल्छ ।
वस्ने जग्गा असल छ नता खोजि पाइन्छ पानी ।
त्यस्तो चर्को विकट पथमा हिँड्छ सन्ताप मानी ।२०।
ज्यादै तातो कठिन सिकतापूर्ण वाटो छ घोर ।
त्यस्मा हिँड्नै नसकिकन त्यो लड्छ मूर्छा परेर ।
ठोक्छन् कोर्रा अनि त त्यसको पीठमा क्रोध गर्दैं ।
लड्दै-पड्दै नहिँडि नहुने कष्ट आपत्ति खाँदै ।२१।
हिँड्दा-हिड्दै थकित हुन गै हुन्छ कैले बिचेत
कैले फेरी लुरुलुरु गरी हिड्छ पाएर चेत ।
लान्छन् पिट्टा दिइकन कडा मार्ग त्यो अन्धकार ।
ज्यादै लामो विकट छ वडो कोश लाखौं छ दूर ।२२।
यस्तो टाढा पथ पनि दुई तीन घंटा भरीमा ।
पूरा पारीकन नरकमा पुग्छ त्यो, फेरि जस्मा ।
हाल्छन् ज्यूँदै अतिशय कडा अग्निमा छट्पटिन्छ ।
दिन्छन् चौटा कटकट गरी वाध्य भै खानु पर्छ ।२३।
आन्द्रा झिक्छन् लुतुतु जिउँदै गिद्ध कुत्ता मिलेर ।
टोक्छन् नाना कृमिगणहरू पीर मर्का दिएर ।
हात्ती द्वारा दुइतिर करौँती समातेर चिर्छन् ।
देहै सारा कटकट गरो काटि हुर्याइ दिन्छन् ।२४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डल्लो पारी अधिक अलगो टाकुरावाट फाल्छन् ।
यद्वा गैह्रो अति भय दिने कुण्डमा फेँकिदिन्छन् ।
तामिस्रादि प्रभृति जसमा नर्क छन् पत्र-पत्र ।
भोग्छन् जस्मा हर तवरका यंत्रणा यत्र-तत्र ।२५।

स्त्री होस् यद्वा पुरुष त्यसमा जो छ आफ्नो कमाई ।
जस्तो तस्तै गरिकन सवै भोग्छ आपत्ति पाई ।
भन्छन् यस्मा वुधजन कुनै स्वर्ग नर्कादि जे छ ।
देख्ता सारा विषय घटना लाग्छ सारा यहीँ छ ।२६।

जे जे पायो गरिकन त्यही पाल्छ जल्ले कुटुम्व ।
यद्वा आफ्नै उदर भरने गर्छ जल्ले प्रवन्ध ।
त्यस्ता पापी परिजन तथा देह छाडी अलग्ग ।
ठूला ठूला नरकहरुमा गर्छ गै दण्डभोग ।२७।

सारा प्राणीहरुसित गरी द्रोह जंवा भएको ।
भारी वोकी कलुषहरूको नर्कमा जान्छ एक्लो ।
भार्या छोरा गृह धन भनी गर्छ जो जे प्रयत्न ।
त्यस्को सारा फल नरकमा भोग्छ त्यो भै विषण्ण ।२८।

चित्ता खाइ धुरुधुरु रूँदै भोग्छ आपत्ति चर्को ।
डाँकू द्वारा सकल लुटियो मानु सर्वस्व त्यस्को ।
आँखा चिलीकन विषयमा जो सदा व्यस्त हुन्छ ।
त्यस्तो पापी यमवश हुँदै अन्धतामिस्र पुग्छ ।२९।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं रीत्या जति पनि कडा यातना छन् अनेक।
भोगी पालै सित हुन गई स्याल कुत्ता हरेक।
घुम्दै सारा नरकहरुमा अन्तमा शुद्ध हुन्छ।
यस्को पश्चात् मनुज जुनिमा वल्ल त्यो जन्म लिन्छ।३०।

— —

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनुष्य योनिमा प्राप्त भएको जीवको गति-वर्णन अध्याय (११)

जव नर-तनुमा गै जन्म लिन्छ जीव ।
भगवान्को प्रेरणाले कर्म मुताविक ।१।
देह-प्राप्ति निमित्तमा वीर्य-कणद्वारा ।
स्त्रीको उदरमा जान्छ लिइ कर्म सारा ।२।
रजसाथ मिली हुन्छ एकै रातमा त्यो ।
अति मिही जाल जस्तो वन्दछ अनौठो ।३।
वन्छ पाँच रातमा त्यो एक गोलाकार ।
दस-दिन पुग्दा हुन्छ वयेर आकार ।४।
त्यसपछि हुन जान्छ एक मांस-पिण्ड ।
अण्डजादि भए देखि त्यही वन्छ अण्ड ।५।
एक महीनामा त्यस्को शिर ठिक हुन्छ ।
दुइ मैना पुग्दा हात-पाउ आदि वन्छ ।६।
वन्छ तीन महिनामा नख रउँ अस्थि ।
योनि-लिङ्ग सवै चिन्ह वन्छ भए जति ।७।
मैन्हा चार पुग्दा मासुआदि धातु वन्छ ।
पाँच मैन्हा पुगे पछि भोक-प्यास लाग्छ ।८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ मैन्हामा जालद्वारा लपेटिन थाल्छ ।
दायाँ कोखतिर त्यस्को गति घुम्न लाग्छ ।९।
आमावाट खाइएको अन्न-जल द्वारा ।
पुष्ट हुनलाग्छ त्यस्को धातुहरू सारा ।१०।
नाना क्रमि भरिएको जघन्य कुण्डमा ।
वस्छ नाना दुःख सही गुहू र मूत्रमा ।११।
सुकुमार हुन्छ ज्यादै टोक्छन् क्रमिगण ।
छट्पटिन्छ लगातार दुःख पाईकन ।१२।
जो जो खान्छिन् आमा पीरो तीतो रूखो टर्रो ।
अम्ल आदि त्यल्ले गर्दा हुन्छ पीडा चर्को ।१३।
गर्भाशय जालद्वारा वेह्रिएको हुन्छ ।
त्यो वाहिर आन्द्राले नै वाँधिएको हुन्छ ।१४।
शिर हुन्छ पेट तर्फ पीठ र गर्धन ।
मुडिएको हुन्छ एकै डल्लो परीकन ।१५।
पिञ्जरामा वन्द हुने चरा जस्तै गरी ।
हुन्छ पूर्ण पराधीन बन्धनमा परी ।१६।
एक रतिभर पनि ओल्टे-कोल्टे हुन ।
सक्तैन त्यो विवश भै रुन्छ भई दीन ।१७।
अदृष्टको प्रेरणाले त्यस समयमा ।
चेतनाका वृत्तिहरु फुर्दछन् मनमा ।१८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कैयौं जन्मदेखिको त्यो कर्म याद हुन्छ ।
दम रुक्न थाल्छ त्यस्को सातो पुत्लो उड्छ ।१९।
ज्ञानशक्ति वढ्छ त्यस्को सात मैन्हा पुग्दा ।
परन्तु त्यो प्रसूतिको वायुले हानिँदा ।२०।
गू भित्रको कीरा जस्तो हुन्छ दुःख-मग्न ।
एकै स्थानमा त्यो स्थिर हुन पाउँदैन ।२१।
सप्त-धातुमय-स्थूल शरीरका द्वारा ।
बाँधिएको जीव जो छ भइ निःसहारा ।२२।
अति दीनव णीद्वारा जोडी दुवै हात ।
स्तुति गर्छ जगत्पितालाइ भक्ति साथ ।२३।
रूँदै भन्छ म हूं मूर्ख भगवान्ले जस्तो ।
खेल गरीरहेछन् यो मेरै योग्य छ त्यो ।२४।
शरणमा आएको त्यो विश्वरक्षा निम्ति ।
रूप लिन्छन् जगत्मा अनेकन भाँति ।२५।
पर्दछु त्यै चरणको शरणमा अव ।
उन्को सिवा कल्ले हर्छ यो दुःखआपद ।२६।
आमाको हृदयभित्र भइ मायायुक्त ।
पुण्य-पाप-कर्मद्वारा भएर आवृत ।२७।
बद्ध जस्तो जानिन्छ जो फेरि हृदयमा ।
लगातार फुरीराख्ने अखण्ड रूपमा ।२८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशुद्ध त्यो वोधरूप परमात्मालाई ।
गर्छु नित्य नमस्कार ममता वढाई ।२९।
असलमा म छु देह आदिदेखि भिन्न ।
तर पाञ्चभौतिक यो देहमा छु मग्न ।३०।
इन्द्रिय र गुण शब्द आदि चिदाभास ।
रूप पनि आफैँलाइ ठानेको छु खास ।३१।
देहादिको खोलद्वारा जस्को महत्तामा ।
केही पनि कमी हुन्न त्यस्ता ईश्वरमा ।३२।
जो छन् पूज्य प्रकृति र पुरुषका पनि ।
उनैलाई नमस्कार गर्छु दीन वनी ।३३।
जस्को मायाभित्र भुली हन्डर खाएर ।
जीव घुम्दै गर्छ यस्मा बाटो नपाएर ।३४।
विना उन्को दया कुनै युक्तिवाट पनि ।
स्वरूपको ज्ञान हुन्न कसै गरे पनि ।३५।
मलाइ जो मिल्यो अैले त्रैकालिक ज्ञान ।
परमात्मा सिवाय त्यो कल्ले सक्छ दिन ।३६।
चराचर सारा प्राणी भित्र एक उनी ।
अन्तर्यामी-रूप लिई वस्छन् व्याप्त बनी ।३७।
जीव मिल्दो कर्म दिने यथायोग्य पारी ।
तीन ताप हर्ने उन्को गर्छु ध्यान भारी ।३८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देहधारी जीव जान्छ आमाको पेटमा ।
मल-मूत्र रगतको कुण्ड नै छ जस्मा ।३९।
पाक्छ त्यही कुण्डभित्र जठराग्नि द्वारा।
भतभत गरी पोल्छ अङ्ग-अङ्ग सारा ।४०।
कति खेर निक्लुँ भनी जोर ज्यादै गर्छ ।
दिन गन्छ मैन्हा गन्छ अनि रूँदै भन्छ ।४१।
दयानिधे ! यहाँवाट कैले निकाल्दछौ ।
प्रभुले नै यस्तो वच्चालाइ ज्ञान दिन्छौ ।४२।
आफ्नै उपकारले नै खुशी बन नाथ !
के सक्छु र टक्र्याउन जोड्छु खाली हात ।४३।
संसारमा पशु-पक्षी आदि अन्य जीव ।
खाली गर्छन् सुख-दुःख मात्र अनुभव ।४४।
तर तिम्रो करुणाले साधन-सम्पन्न ।
देह पाईरहेछु यो मानवको चिन्ह ।४५।
दिएकै छौ ज्ञान जल्ले भित्र र वाहिर ।
प्रत्यक्षमा अनुभव गर्छु तिम्रो सार ।४६।
हुनत यो कष्ट पाई गर्भाशय भित्र ।
दुःख पाई रहेको छु भई अलपत्र ।४७।
तर पनि त्यो अँध्यारो संसारमा जान ।
डर लाग्छ मेरो इच्छा कत्ति पनि छैन ।४८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसारमा गिर्नासाथ झट जीवलाई ।
माया आई भुलाउँछिन् कपट फिँजाई ।४९।
जल्ले गर्दा त्यसलाई अहंवुद्धि हुन्छ ।
संसारको चक्रभित्र वरावर घुम्छ ।५०।
यसर्थ यो व्याकुलता त्यागीकन अव ।
हृदयको भित्र राखी भगवान्को पद ।५१।
आफ्नै ज्ञान सहाराली आफ्नै आँट गर्छु ।
यो संसार समुद्रमा सरासर तर्छु ।५२।
संसारको दु:ख छ यो नाना दोष-युक्त ।
असह्य छ भार यस्को फेरी नहोस् प्राप्त ।५३।
दस-महिनाको जीव गर्भमा यसरी ।
भगवान्को स्तुति गर्छ विवेकले भरी ।५४।
तव झट्ट प्रसूतिको वायु जवर्जस्ति ।
धकेल्दछ त्यसलाइ कष्ट हुन्छ अति ।५५।
ज्यादा जोड पर्न जाँदा त्यहीँ मूर्छा पर्छ ।
उँधोमुन्टो भइकन साह्रै निसासिन्छ ।५६।
पूर्व-स्मृति नष्टहुन्छ गिर्छ भुइँमा त्यो ।
छट्पटिन्छ रगतमा गूको कीरा जस्तो ।५७।
सारा ज्ञान नष्टहुन्छ यातनामा परी ।
अज्ञानमा बद्ध भई रुन्छ जोडगरी ।५८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संझदैन जल्ले त्यस्को चेष्टा अभिप्राय ।
त्यस्ता मानिसका द्वारा हुन्छ हेरचाह ।५९।
त्यस्का लागी जति कुरा प्रतिकूल वन्छ ।
रोक्ने शक्ति नभएर रुनै पछि लाग्छ ।६०।
सुताउँछन् त्यसलाई मैलो खाटमाथि ।
जुम्रा आदि हुन्छन् जहाँ अनेकन भाँति ।६१।
धावागर्छन् त्यसमाथि टोक्छन् कटकट ।
हलचल गर्न हुन्न हुन्छ छटपट ।६२।
न क्यै गर्नसक्छ त्यल्ले न त्यो चल्न सक्छ ।
न त केहि वोल्न सक्छ रुने वलगर्छ ।६३।
हुन्छ त्यस्को सुकोमल हरएक अङ्ग ।
टोक्छन् जुम्रा उड्डुसादि वडो जोडसङ्ग ।६४।
गर्भभित्र पाइएको ज्ञान नष्ट हुन्छ ।
विवश भै वाध्यभई रूँदै लड्नुपर्छ ।६५।
एवंरीत्या वाल्य-काल कौमार कालको ।
दुःख भोगी पुग्छ अनि युवावयमा त्यो ।६६।
जव त्यल्ले पाउँदैन अभीष्ट पदार्थ ।
अनि हुन्छ शोकाकुल नपुगेर स्वार्थ ।६७।
देह साथै अभिमान क्रोध वढीकन ।
काम-परवश भई विगारेर मन ।६८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नै नाश गर्नेलाई अरुसाथ द्वेष ।
गर्छ मोफतमा त्यल्ले लिइ ज्यादा रिस ।६९।
अज्ञानको त्यसमाथि आधिपत्य हुन्छ ।
नाश भई वुद्धि त्यस्को मोहग्रस्त हुन्छ ।७०।
मन्द-मति हुनगई पञ्चभूत जन्य ।
देहसाथ गर्छ मिथ्या अहं मम पन ।७१।
वूढापन आदि नाना दुःख दिन्छ जल्ले ।
वाँधिन्छ यो अज्ञान र कर्म-बन्धनले ।७२।
अविद्याकै पछिलाग्छ बन्धनमा परी ।
यस्कै निति गर्छ यल्ले कर्म नाना थरी ।७३।
अज्ञानको फन्दाबाट हुन्न कैले पार ।
संसारको भूमरिमा पर्छ वारवार ।७४।
सन्मार्गमा चल्दा यदि कर्म भई भङ्ग ।
हुनगए समागम दुष्टजन-सङ्ग ।७५।
आस्थागर्छ त्यसैलाइ त्यस्कै पछिलाग्छ ।
दुवैतर्फ भ्रष्ट भई नरकमा जान्छ ।७६।
अनि सत्य, शौच, दया, इन्द्रिय-संयम ।
वुद्धि, धन, लाज, यश, क्षमा, सत्य कर्म ।७७।
रहँदैनन् कुनै पनि त्यस्मा भइ स्थिर ।
स्त्रीको क्रीडामृगतुल्य वन्दछ आखिर ।७८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसर्थ त्यो देहलाई आत्मा ठान्ने मूर्ख ।
अशान्तको सङ्गगरी हुन्छ सवै व्यर्थ ।७९।
अरुसाथ गरी सङ्ग त्यस्तो हानि हुन्न ।
जस्तो स्त्री र त्यस्का सङ्गीवाट हुन्छ विघ्न ।८०।
एकवार आफ्नै छोरी सरस्वतीलाई ।
देखिकन दौडे व्रह्मा कामवश भई ।८१।
मृगी-रूप लिई दौडिन् अनि सरस्वती ।
मृग भई दौडे उनी खेदो गर्दै अति ।८२।
जल्ले गरे विश्व-सृष्टि रचे प्रजापति ।
जस्का द्वारा वन्न गए ऋषि-कश्यपादि ।८३।
स्त्रीको रूप-लावण्यमा भएर आशक ।
दौडे उनी पनि भने अरुको के गत ? ।८४।
एक नारायण छाडी को होला र त्यस्तो ? ।
स्त्री-रूपिणी मायावाट अलग्ग वचेको ।८५।
अहो ! मेरो स्त्री-रूपिणी माया-शक्ति हेर ।
गर्छौं सारा वश यल्ले आँखा नचाएर ।८६।
चाहन्छ जो भक्त मोक्ष-मार्गतिर जान ।
यद्वा गरी सेवा मेरो पाइ तत्व-ज्ञान ।८७।
आत्मा तथा अनात्माको भेद देख्छ जल्ले ।
त्यागीदेओस् स्त्रीको सङ्ग अलग्ग भै त्यल्ले ।८८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किन भने उन्को निति स्त्रीको सङ्ग जो छ ।
नरकको खुलाद्वार वताइएको छ ।८९।
स्त्री-रूपिणी माया जो छे सच्चा भक्त नेर ।
आउँदछे सेवागर्ने साधन लिएर ।९०।
त्यस्को वास्ता राख्नु हुन्न तृणले छोपेको ।
खाल्टो जस्तै संझोस् आफ्नो मृत्यु डर लाग्दो ।९१।
स्त्री छ त्याज्य जस्तो गरी पुरुषको निति ।
पुरुष छ त्यस्तै त्याज्य स्त्री जातिको लागी ।९२।
स्त्रीमै लठ्ठ भईकन अन्त समयमा ।
त्यस्कै ध्यान गरी हुन्छ प्राप्त स्त्री-योनिमा ।९३।
एवं भाँति स्त्री-योनिमा पुग्दछ जीव त्यो ।
पुरुषको रूपमा नै लाग्ने सत्य जस्तो ।९४।
मेरी मायालाइ नै त्यो पुत्र, घर, धन ।
दिने आफ्नो पति मान्छ त्यस्मै भुलीकन ।९५।
जस्तो शिकारीको गीत राम्रो लाग्दा पनि ।
मर्छन् पशु-पक्षी त्यही नाशहेतु बनी ।९६।
त्यस्तै गरी पति, पुत्र, भार्या, गृह, जो छ ।
दैवद्वारा तोकिएको काल-रूप संझ ।९७।
जीव जो हो लिङ्ग-देह द्वारा वारं-वार ।
घुम्छ लोक, परलोक हुन्न कैले पार ।९८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रारब्धको भोग गर्दै निरन्तर घुम्छ ।
अन्य देहप्राप्ति निंति कर्म नाना गर्छ ।९९।
वस्छ मोक्षसम्म साथै लिङ्गदेह जो हो ।
फेरी भूत-इन्द्रिय र मन सकल को ।१००।
कार्य-रूप स्थूल देह जो छ विद्यमान ।
यी सवैको जान आमा ! भोग अधिष्ठान ।१।
यी दोटाले मिली काम नगर्नु मृत्यु हो ।
दोटै मिली काम गर्ने जन्म भन्नु यै हो ।२।
यद्वा जव स्थूल-देह शक्ति-हीन हुन्छ ।
वेकामको वन्छ त्यही मृत्यु वन्न जान्छ ।३।
स्थूल देह म हुँ भन्ने लिई अभिमान ।
नाना कर्महरु गर्ने त्यही जन्म जान ।४।
आँखा रद्दी हुन्छ जस्को भइ दोषयुक्त ।
त्यस्को चक्षु पनि हुन्छ देखन असमर्थ ।५।
दोटै हुन जान्छ रद्दी देखने शक्ति नभै ।
यिन्को साक्षी जीव पनि वन्न जान्छ त्यस्तै ।६।
त्यस्तै हुन्छ जव स्थूल-देह निरुद्यम ।
हुन्छ सूक्ष्म देह पनि क्षुब्ध यथाक्रम ।७।
अनि हुन्छ नाश यिन्को मृत्यु भन्नु यै हो ।
जीव कैले नाश हुन्न असंभाव्य छ यो ।८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुमुक्षुको काम यै हो मृत्यु आदिसित ।
भय-मोह गर्नै हुन्न रहोस् ढुक्कसित ।९।
त्यस्को भेद तथा जीव-रूप के हो जानी ।
घुम्दै गरोस् असङ्ग भै बनी शुद्ध ज्ञानी ।१०।
ज्ञानमयी वुद्धिद्वारा मोह-राग छाडी ।
शरीरको आस्था तथा प्रेमलाइ त्यागी ।११।
वैराग्यको आड लिई बनेर उदार ।
मायामय संसारमा गरोस् व्यवहार ।१२।

— —

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धूममार्ग र अर्चिमार्गबाट जानेहरूको गति र भक्ति मार्गको उत्कृष्टताको वर्णन अध्याय (१२)

घरमा वसि, हे आमा ! सकाम-भाव लीकन ।
गृहस्थ-धर्मको गर्छ जसले परिपालन ।१।
फल-स्वरूप त्यो अर्थ काम प्राप्त गरीकन ।
गर्छ त्यस्कै अनुष्ठान लगाई त्यसमै मन ।२।

कामनामा सदा लुब्ध भएर त्यहिँ फस्तछ ।
भगवद्धर्मदेखि त्यो अत्यन्तै दूर पुग्दछ ।३।
गरी यज्ञहरु नाना श्रद्धा लीकन चित्तमा ।
देवता पितृको पूजा गर्छ विश्वास साथमा ।४।

त्यसको वुद्धि त्यस्तैमा श्रद्धा लीकन लाग्दछ ।
देवता पितृ नै त्यस्को उपास्य-देव वन्दछ ।५।
चन्द्रलोक गई गर्छ सोम-पान मजासित ।
गिर्छ त्यो पुण्य पूरा भै भएर आखिर च्युत ।६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुत्तछन् शेषशय्यामा जव श्रीभगवान् हरि ।
नाशिन्छन् तव यी सारा लोक संहारमा परी ।७।
यस्देखिन् भिन्न ज्ञानात्मा जो जे कर्म गरे पनि ।
आफ्नै निमित्त गर्दैनन् इच्छा लीकन क्यै पनि ।८।
राखेर हरिमै प्रेम गर्दछन् ध्यानचिन्तन ।
गर्दछन् 'हरि ॐ तत्सत्' संपूर्ण कर्म-साधन ।९।
हुन्छन् ती साधु शुद्धात्मा प्रशान्त मोक्षमा रत ।
ममता दंभले शून्य गुणमा अति लायक ।१०।
स्व-धर्मको जडी सत्वद्वारा शुद्ध सफा भई ।
ती सूर्य-मार्गका द्वारा मिल्दछन् मोक्षमा गई ।११।
जगत्का छन् नियन्ता जो वन्छन् संसृति हेतु जो ।
सृष्टि, स्थिति, तथा नाश जो गर्छन् सव विश्वको ।१२।
हिरण्य-गर्भको गर्छन् पूजा जो ब्रह्म-रूपमा ।
ब्रह्माको आयु-पर्यन्त रहन्छन् सत्य-लोकमा ।१३।
दुइ परार्द्ध को आफ्नो आयु-भोग गरीकन ।
अन्तमा जव ब्रह्माजी खुम्च्याई सव कारण ।१४।
पृथ्वी जल तथा आगो वायु आकाश औ मन ।
पञ्चभूत र तन्मात्रा अहंकार मिलीकन ।१५।
वनेको विश्वको सत्ता नाश गर्ने विचार ली ।
गुण-संयुक्त मायाका साथमा एक भै मिलो ।१६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्विशेष परब्रह्म साथमा मिल्दछन् अनि ।
त्यस्वेला मन औ प्राण जितेका गुणवान् मुनि ।१७।
देह-त्याग गरी मिल्छन् पहिले विधि साथमा ।
मिल्छन् फेरि उनै साथ संयुक्त भइ ब्रह्ममा ।१८।
त्यस्वेला सम्म क्यै शेष अहंकार रहीकन ।
भएनन् ब्रह्ममा लीन अगाडि यस कारण ।१९।
यसर्थ हे मुमा ! स्वच्छ लिएर भक्ति-भावना ।
गर श्रीहरिको नित्य सप्रेम पद-वन्दना ।२०।
सवैका घटमा वस्छन् उनै व्याप्त भईकन ।
सुन्यौ मवाट सम्पूर्ण उन्को विशद वर्णन ।२१।
वेदगर्भ स्वयं ब्रह्मा सारा स्थावर जङ्गम ।
सवैका आदि हुन् पैला भएर अति उत्तम ।२२।
मरीचि आदि पुण्यात्मा सनकादि मुनीश्वर ।
सिद्धेश्वरादि निष्काम कर्ममा भइ तत्पर ।२३।
सगुण ब्रह्ममा प्राप्त हुन्छन् तर भुलीकन ।
भेद दृष्टि र कर्तृत्वाभिमान वन्छ कारण ।२४।
भगवत्प्रेरणाबाट सृष्टि-काल उपस्थित ।
हुन्छ त्यस्मा गुण-क्षोभ अनि ता पूर्वमाफिक ।२५।
हुन्छन् प्रकट ती सारा सनकादि तपोधन ।
एवं प्रकार पूर्वोक्त ती गुणान्वित सज्जन ।२६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मानुसार ऐश्वर्य भोगेर ब्रह्मलोकमा ।
गुणको क्षोभ भै झर्छन् पुनः यै मर्त्यलोकमा ।२७।
आसक्ति कर्ममा श्रद्धा जस्को छ यसलोकमा ।
गर्दछन् ती अनुष्ठान वेदोक्त काम्य कर्ममा ।२८।
रजोगुण बढी हुन्छ उनको बुद्धि कुण्ठित ।
इच्छाको जाल फैलन्छ भई विषयमा रत ।२९।
घरैमा भइ आसक्त गर्दछन् पितृपूजन ।
बन्छन् अर्थ औ धर्म काम तर्फ परायण ।३०।
यसले ती महान् ध्याता हरिको गानकीर्तन ।
नगरी अलगै हुन्छन् नजानीकन कारण ।३१।
कुत्ता सूंगुरले जस्तो त्यागेर मिष्ट भोजन ।
विष्टाकै तर्फ दौडन्छ मीठो संझेर त्यस्कन ।३२।
त्यस्तै जो मूर्ख त्यागेर हरिको चरितामृत ।
सुन्दछन् मन दी ज्यादा विषयी वात निन्दित ।३३।
ठगिए ती विधाताका द्वारा पुण्य भई क्षय ।
हुन् अभागी महामूर्ख यसमा के छ संशय ।३४।
गर्भाधान क्रिया देखिन् लिई आखिर संममा ।
जति जो पर्छ संस्कार गर्ने त्यो विधि साथमा ।३५।
यस्ता सकामकर्मी ती सूर्यको दाहिनेतिर ।
धूममार्ग भई जान्छन् अर्यमालोक आखिर ।३६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दछन् कर्मको भोग रहेर पितृलोकमा ।
जन्म लिन्छन् यहाँ आइ आफ्नै सन्तति वंशमा ।३७।
सकिन्छ पुण्यको भोग रहन्न केही गौरव ।
गर्दछन् हीन त्यल्लाई मिलेर देवता सव ।३८।
भई विवश त्यो फेरी तुरुन्त यसलोकमा ।
फर्की आउँछ, हे आमा! प्रारब्ध लिइ साथमा ।३९।
अतः जस्को छ आराध्य चरणाम्वुज-पावन ।
हरेक भाँतिले उन्को गर पूजन चिन्तन ।४०।
उनैको भक्तिले सारा गराई वासना-क्षय ।
वैराग्य ज्ञानको प्राप्ति गराइदिन्छ निश्चय ।४१।
भगवद्रूप भै सारा छन् वरावर वस्तुतः ।
सम्पूर्ण रूपमा व्यक्त छन् उनै प्रभु अच्युत ।४२।
इन्द्रियादिहरु द्वारा भगवद्भक्तको मन ।
गर्दैन त्यसमा कैले वैषम्यभाव चिन्तन ।४३।
सर्वत्र गर्छ त्या एक हरिकैमात्र दर्शन
अरुको याद राख्तैन त्यस्मै लुब्ध भइकन ४४
त्यस्वेला भक्त त्यो नित्य असङ्ग सवमा स्थित
त्याज्य ग्राह्य, दुवैतर्फ नमिल्ने विश्व व्यापक ४५
आफ्नै गौरवमा अड्ने आत्माको व्रह्मरुपमा
साक्षात्कार हुनासाथ पुग्छ आनन्दमूलमा ४६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनै हुन् ब्रह्मको मूर्ति उनै हुन् परमेश्वर ।
उनै हुन् परम ज्ञान-स्वरूप, नित्य, ईश्वर ।४७।
स्वयं जीव तथा देह विषयादि र इन्द्रिय ।
अनेकौँ रूपमा व्यक्त हुन्छन् भै त्यहि निश्चय ।४८।
संपूर्ण वस्तुमा जस्को असङ्ग वुद्धि वन्दछ ।
याग साधनको श्रेष्ठ फल त्यो नै ठहर्दछ ।४९।
सवै प्रकारका योगद्वारा यै चीज मिल्दछ ।
यो पाएपछि पूरा भो सवै यै भित्र पर्दछ ।५०।
हो ब्रह्म एउटै, ज्ञान स्वरूप, नित्य, निर्गुण ।
तर इन्द्रियकाद्वारा अविद्यायुक्त भैकन ।५१।
शव्दादि धर्मवाला ती विभिन्न वस्तु रूपमा ।
तदाकार भई व्यक्त हुन्छन् तादृश भावमा ।५२।
यौटै ब्रह्म थियो पैले महत्तत्व त्यही भयो ।
अहंकार भयो फेरी त्यही तीन प्रकारको ।५३।
पाँच भूत र एघार इन्द्रियादि त्यही वन्यो ।
सवैको सङ्गले गर्दा जीव नाम उही भयो ।५४।
त्यस्तै त्यो जीवको देह-रूप ब्रह्माण्ड यो सव ।
वस्तुतः ब्रह्मकै रूप हो हुन्छ यहिँ उद्भव ।५५।
तर त्यल्लाइ त्यै योगी-जनले देख्न सक्तछ ।
जो श्रद्धा भक्ति वैराग्य लिएर अगि वढ्दछ ।५६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निरन्तर गरी योगाभ्यास एकाग्र भैकन ।
असङ्ग वुद्धि पाएर जो गर्छ आत्म-चिन्तन ।५७।
पूजनीय मुमा मैले व्रह्म साथ मिलाउने ।
सुनाएँ ज्ञानको तत्व भव-वन्ध हटाउने ।५८।
यस्द्वारा ज्ञानवान् योगी ज्ञातव्य तत्व जान्दछ ।
माया पुरुषको सच्चा स्वरूप जान्न सक्तछ ।५९।
ज्ञान, भक्ति दुवैलाई मान्दछ गुण उत्तम ।
फल यौटै छ दोटाको छैन यस्मा कुनै कम ।६०।
पदार्थ एउटै जस्तो विभिन्न गुण सङ्गले ।
विभिन्न रूप देखिन्छ विभिन्न इन्द्रियादिले ।६१।
विभिन्न शास्त्रका मार्गद्वारा एक स्वयं हरि ।
विभिन्न भाँतिले हुन्छ अनुभूति त्यही सरी ।६२।
नाना प्रकारका यज्ञ दान कर्म क्रिया क्रम ।
वेदाध्ययन मीमांसा मन इन्द्रिय संयम ।६३।
कर्म त्याग र अष्टाङ्ग योग सद्भक्ति साधन ।
दुवै प्रकारको धर्म, ज्ञान वैराग्य पावन ।६४।
यी सवै साधनद्वारा दुइटै रूपमा स्थित ।
भगवान् हरि नै प्राप्त गरिन्छ सहजैसित ।६५।
चार प्रकारको जो छ यो भक्ति योग पावन ।
रहस्य सव खोलेर गरें पूर्णतः वर्णन ।६६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो प्राणीहरु साराको हो जन्मादिक कारण ।
जसको गति जानिन्न अव्यक्त सूक्ष्म भैकन ।६७।
दुर्द्धर्ष त्यो महान् काल-स्वरूप पनि पूर्णतः ।
गरेँ वर्णन खोलेर पहिले नै तिमीसित ।६८।
अनेकौँ गतिमा पुग्छ जीव अज्ञान-कारण ।
स्वरूप जान्नसक्तैन मायावश भईकन ।६९।
ज्ञानोपदेश जो मैले दिएँ खोलेर कारण ।
गर यस्को सदाकाल पूरा मनन-चिन्तन ।७०।
धर्मध्वजी तथा दुष्ट जो छन् अधम-दुर्जन ।
नभन्नु कहिले यस्तालाई निन्द्य वुझीकन ।७१।
हुन्छन् आशक जो नित्य गृहमा विषयादिमा ।
गर्छन् मोफतमा द्वेष जो मेरा भक्त साथमा ।७२।
दुर्विनीत दुराचारी गर्छन् नित्य कुकर्म जो ।
त्यस्ता दुष्टहरूलाई नगर्नु उपदेश यो ।७३।
जो छन् श्रद्धालु पुण्यात्मा विनयी सव साथमा ।
मैत्री गर्ने नली दंभ सद्भाव राखि चित्तमा ।७४।
गुरुको चाकडी गर्ने विषयप्रति सर्वदा ।
अनासक्त हुने ईर्ष्याशून्य निर्मल चित्तका ।७५।
मलाइ नै वडो प्यारो मान्ने यस्ता गुणीसित ।
प्रेम राखेर यो शिक्षा देउ गर्छ वडो हित ।७६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आमा ! जो गुणवान् भक्त ममा चित्त दिईकन।
श्रद्धाका साथमा गर्छ यस्को श्रवण-कीर्तन ।७७।
सजिलै पुग्छ त्यो ज्ञानी मेरो परम-धाममा ।
तोडो अज्ञानको पर्दा पाएर ज्ञान अन्तमा ।७८।

— —

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवहूतिको तत्व-ज्ञान एवं मोक्षपदको प्राप्ति अध्याय (१३)

भन्छन् श्रीमुनिराज हे विदुरजी! शिक्षा सुनी पुत्रको
उन्को मोह विकार दूर हुन गै पर्दा खुल्यो ज्ञानको।
लागिन् ती स्तुति गर्न हात दुइटै जोडेर श्रद्धासित
सांख्याचार्य महामनी कपिलको भै प्रेममा आसक्त ।१।
तिम्रो नाभि-सरोजदेखि, भगवन्! पैदा भएथे विधि
किंकर्तव्य-विमूढ भै असलमा तिम्रो नजानी स्थिति ।
जो हो कारण कार्य-जीव, गुणको जस्मा छ संमिश्रण
सुत्थ्यो जो जलभित्र रूप त्यहि नै गर्दा भए चिन्तन ।२।
देखेनन् उनले समेत जुन हो त्यो नित्य सत्तामय
तिम्रो रूप अनन्त सत्व-गुणको खानी छ जो निष्क्रिय ।
ब्रह्मा शङ्कर आदि मूर्तिहरूमा सामर्थ्य बाँडीकन
गर्छौ सिर्जन पालनादि उनकैद्वारा मिलाईकन ।३।
कस्तो छक्क हुने कुरा छ भगवन्! तिम्रो यही पेटमा
ब्रह्माण्डै सब लीन हुन्छ सहजै भै क्षोभ कल्पान्तमा ।
त्यस्वेला लिइ बाल-रूप वरको त्यो मामुली पातमा
सुत्छौ मस्तपरी वुढी चरणको औंलो चुसी सानमा ।४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्ता ईश्वरलाइ धारण गरें मैले अहो ! गर्भमा
यो भन्ने पनि भूल हो कलुषको भै वृद्धि संसारमा ।
पापीलाइ विनाश गर्न र तथा सद्भक्तको रक्षण
गर्ना निंति लिई शरीर सवको गर्छौं स्वयं पालन ।५।

जस्तो शूकर आदिको हुन गयो औतार संसारमा
त्यस्तै यो कपिलावतार हुनगो सद्-ज्ञानको निंतिमा ।
तिम्रो सुन्दर नामको श्रवण या त्यस्को गरी चिन्तन
चाण्डालादि समेत वन्दछ विभो! संसारमा पावन ।६।

तिम्रो दर्शन गर्नसक्छ जसले त्यो मुक्त भो निश्चय ।
मेरो भाग्य खुल्यो अवश्य भगवन्! यस्मा छ के संशय ।
जिह्वामा जसको रहन्छ प्रभुको सौन्दर्य नाम स्थिति
चाण्डालै किन त्यो नहोस् तर त्यही मानिन्छ ठूलो अति ७

गर्छन् प्रेम लिई सदा हजुरको जो नाम उच्चारण
पूरा भो जप यज्ञ तीर्थ त्यसको सारा गर्‍यो साधन ।
यी सारा गरि कर्म मिल्छ फल जो त्यो नामले मिल्दछ
यद्वा हो अगिकै कमाइ उसको जो भाग्यले मिल्दछ ।८।

हो आफै परब्रह्म, हे कपिलजी, भै पूज्य ब्रह्माण्डको
अन्तर्वृत्ति गरी गरिन्छ मनमा आराधना नाथको ।
गर्छौं शात गुणादि त्यो प्रकृतिको आफ्नै महान् तेजले
वस्छन् वेदहरू सवै उदरमा संयुक्त भै तत्वले ।९।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्ता विष्णु-स्वरूप दिव्य ऋषिको गर्छू नमस्कार म
यस्तो विन्ति सुनेर, श्रीकपिलको आज्ञा भयो उत्तम।
हे आमा! जति जो कुराहरु भनें त्यस्को लिई आश्रय
मिल्ने छौ झट मोक्षका पदविमा माने यही निश्चय।१०।

मेरो यो मतलाइ राख मनमा विश्वास राम्रो गरी
गर्छन् सेवन योगनिष्ठहरुले यै सांख्यको वेसरी।
जान्दैनन् जुन मूढ पामरहरू यो श्रेष्ठ मेरो मत
उन्को हुन्छ सदा अधोगति, मुमा! भै दुःख-चिन्ता-युत ११

आत्मज्ञान दिएर यस्तवरले संझाइ राम्रोसित
आमा साथ विदा भईकन चले भै दिव्य शोभान्वित।
आफ्नै आश्रममा रहीकन यता अत्यन्त श्रद्धासित
योगाभ्यास सदा गरी हुन गइन् सच्चा समाधिस्थित १२

नित्यस्नान गरी त्रिकाल उनको केशावली भो लटा
देखिन्थ्यो छवियुक्त देह उनको दुव्लाइ नौलो छटा।
स्वामी कर्दमको प्रचण्ड तपले जो जो जुटेको थियो
त्यागिन् त्यो सव, देवताहरू सदा हेर्थे परी दङ्ग जो १३

गद्दा सुन्दर दुग्ध फेन सरिको जस्मा छ नाना थरी
फेरी खाट छ हस्ति दाँतहरुको वुट्टा अनेकौं भरो।
छन् एकेक सुवर्ण पात्र जसमा राम्रो छ सिंहासन
जस्मा रेशम तास औ कुचिनका छन् चंकिला आसन १४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पन्ना नीलमको तथा स्फटिकको भित्ता छ राम्रो अति
जस्मा रत्न विभूषिता युवतिका छन् चंकिला आकृति ।
वत्ती ली मणिको झकाझक हुँदा दिव्य प्रभाले गरी
देख्ता त्यो तव भ्रान्तिहुन्छ मनमा मानेर सच्चा सरी १५

त्यस्तो दिव्यकला र रतनमणिले संयुक्त त्यो मन्दिर
त्यागिन् कत्ति नराखि आश मनमा जानी सवै नश्वर ।
राम्रा सुन्दर वृक्ष पङ्क्तिहरु छन् पुष्पादिले पूरित
वोल्छन् स्वच्छ विहङ्ग, गुन्जन गरी घुंछन् कतै षट्पद१६

मीठा सौरभले सुवासित हुने छन् वागमा पोखरी ।
गर्थिन् कर्दम साथ नित्य जसमा स्नानादि नानाथरी
देख्ता कर्दमको अपूर्व महिमा गन्धर्व आईकन ।
गर्थे मुग्ध भएर नित्य उनको सत्कर्मको गायन ।१७।

इन्द्राणी पनि वन्दथिन् मनमनै जो देखि लालायित
ती सारा सुखपूर्ण साधनहरू त्यागिन् अनौठैसित ।
आफ्ना पुत्र-वियोग भैकन भने ज्ञानी थिइन् तापनि
विग्र्यो क्यै उनको मुहार फिँजियो वैराग्यको चाँदनी१८

स्वामीको अनि पुत्रको विरहमा वन्दीभइन् व्याकुल
वाछो साथ छुटेर गाइ जसरी वन्छिन् वडो आकुल ।
आफ्ना पुत्र मुनि स्वरूप हरिको गर्दै सदा चिन्तन
श्री-सम्पन्न विचित्र मन्दिर सवै त्यागिन् वुझी बन्धन१९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिक्षा जो दिनुभो अगी कपिलले अभ्यास गर्दै त्यही
गर्थिन् ध्येयस्वरूप ध्यान हरिको अत्यन्त श्रद्धा लिई ।
यल्ले भक्ति-प्रवाह, उर्लिनगई वैराग्य वढ्दै गयो
आत्माचिन्तनमा भइन् रत उनी ढोका खुल्यो मोक्षको२०

एवं भाँति गरेर जोडिन गई वुद्धि स्थिति व्रह्ममा
उन्को जीवपना हटीकन पुगिन् आनन्दको मूलमा ।
हुन्थिन् नित्य समाधि मग्न यसले सत्वादिजन्य भ्रम
सारा दूरभई क्रमैसित भयो देहादिमा निर्मम ।२१।

जागाभैकन नीँदबाट अगिको त्यो स्वप्न-देह प्रति
जस्तो हुन्न प्रतीत त्यै सरहको भो नित्य उन्को स्थिति ।
त्यस्वेला उनको शरीर तकको सेवा तथा पोषण
हुन्थ्यो पूर्णतया यथाक्रम अरू द्वारा मिलाईकन ।२२।

चिन्ता क्लेश थिएन कत्ति मनमा आनन्द भै पूरित
झल्कन्थ्यो अति सौम्यकान्ति उनको भै दिव्य शोभायुत ।
धूलो टन्न भएर झन् वदनमा सौन्दर्य यो भर्दथ्यो
धूँवायुक्त कृशानु-तुल्य उनको दिव्य प्रभा खुल्दथ्यो२३

उन्को वस्त्र हिनामिना हुन गयो केशावली विग्रियो
किन्तु त्यस्तिर चित्तवृत्ति उनको निष्पट्ट जाँदैनथ्यो ।
लागी नित्य समाधिमा स्थिति थियो उन्को वडो निश्चल
गर्थ्यो रक्षण खालि एक उनको प्रारब्ध नै केवल २४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो जो ज्ञान मिल्यो गरीकन त्यही अभ्यास क्यैं कालमा
पाइन् निर्मल आत्मरूप भगवान्लाई अनायासमा ।
सिद्धि प्राप्तभयो गरीकन कडा अभ्यास जो क्षेत्रमा
त्यस्को नाम पवित्र सिद्धपदले विख्यात भो लोकमा २५
एवंभाँति गरेर, हे विदुरजी ! सच्चा महान् योगले
उन्को देह पवित्र निर्मल बन्यो पश्चात् त्यही शक्तिले ।
यौटी स्वच्छ नदीभईकन वहिन् जललाइ योगीजन
गर्छन् सेवन सिद्धिको निधि वुझी विश्वास मानीकन २६
आमासाथ विदाभई कपिलजी घुम्दै कुनै कालमा
गङ्गासागर पुग्नुभो सहजमै आनन्दका तानमा ।
आई सागर नै स्वयं कपिलको गर्दाभए स्वागत
टक्र्याए रमणीय ठाउँ वढिया अत्यन्त श्रद्धासित ।२७।
शान्ति-स्थापन गर्न विश्वभरमा आधार ली योगको
वस्छन् नित्य समाधिमा रतभई रक्षागरी विश्वको ।
गर्छन् सिद्ध र चारणादिक तथा देवाङ्गना गायन
सांख्याचार्यहरू समेत जसको गर्छन् सदा कीर्तन ।२८।
सोध्यौ जो जति प्रश्न त्यो सवगरें मैले यहाँ वर्णन
यिन्को यो सव सांख्य गूढ छ वडो हो ज्ञानको भूषण ।
जो यल्लाइ कहन्छ भक्ति-वश भै या प्रेम लो सुन्दछ
पाई निर्मल भक्तिसार सहजै सायुज्यमा पुग्दछ ।२९।

– समाप्त –

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखकका अप्रकाशित कृतिहरू

(१) उद्धव-गीता
(२) अर्जुन-गीता
(३) राम-गीता
(४) तुलसी-कृत
(५) विदुर-नीति
(६) रासपञ्चाध्यायी

मौलिक रचना

(१) प्रेमोपहार
(२) लाँकुरी
(३) दुइटी नारी

उहाँका हामी सबै सन्ततिहरू मिली यी कृतिहरू पनि प्रकाशमा ल्याउने प्रयास गर्नेछौं ।

मुद्रक : नेपाल प्रेस, काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal